# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक)

# आर्थिक वर्ष २०८०।८१ को वार्षिक प्रतिवेदन

कार्त्तिक २७, २०८१

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनियम बजारको नियामक)

# आर्थिक वर्ष २०८० / ८१ को वार्षिक प्रतिवेदन

कार्त्तिक २७, २०८१

# नेपाल धितोपत्र बोर्ड

## सञ्चालक बोर्ड

(मिति २०८१ कात्तिक २५ सम्म)



**श्री महेश बराल**
अध्यक्ष
नेपाल धितोपत्र बोर्ड



**श्री महेश बराल**
सदस्य
सह-सचिव
नेपाल सरकार
अर्थ मन्त्रालय



**श्री दल बहादुर अधिकारी**
सदस्य
सह-सचिव
नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय



**श्री तुलसी प्रसाद घिमिरे**
सदस्य
कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक



**सिए निल बहादुर सारु मगर**
सदस्य
उपाध्यक्ष
नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था



**श्री गोकर्ण राज अवस्थी**
सदस्य
महानिर्देशक
नेपाल उद्योग बाणिज्य महासंघ



**श्री भोलानाथ ढुंगाना**
विज्ञ सदस्य
नेपाल सरकारबाट मनोनित

# नेपाल धितोपत्र बोर्ड

## उच्च व्यवस्थापन



**श्री महेश बराल**
अध्यक्ष

## कार्यकारी निर्देशक



**डा. नवराज अधिकारी**
कार्यकारी निर्देशक



**श्री विनयदेव आचार्य**
कार्यकारी निर्देशक



**श्री मुक्तिनाथ श्रेष्ठ**
कार्यकारी निर्देशक



**श्री कृष्ण राज पोखरेल**
कार्यकारी निर्देशक

# नेपाल धितोपत्र बोर्ड

## उप कार्यकारी निर्देशक



**श्री रूपेश के.सी**
उप कार्यकारी निर्देशक



**श्री दीपा दाहाल**
उप कार्यकारी निर्देशक



**श्री निरञ्जय घिमिरे**
उप कार्यकारी निर्देशक



**श्री अम्बिका प्रसाद गिरी**
उप कार्यकारी निर्देशक



**श्री नारायण प्रसाद शर्मा**
उप कार्यकारी निर्देशक



**श्री दिपेश ताम्राकार**
उप कार्यकारी निर्देशक



**श्री तेज प्रसाद देवकोटा**
उप कार्यकारी निर्देशक



**श्री कृष्ण प्रसाद घिमिरे**
उप कार्यकारी निर्देशक

# नेपाल धितोपत्र बोर्ड

## अध्यक्षको मन्तव्य

आ. व. २०८०/८१ को नेपाल धितोपत्र बोर्डको वार्षिक प्रतिवेदन यहाँहरू समक्ष प्रस्तुत गने अवसर प्राप्त गरेकोमा खुशी व्यक्त गर्दछु । धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ मा भएको व्यवस्था अनुसार तयार गरिएको यस वार्षिक प्रतिवेदनमा गएको आर्थिक वर्षमा विश्व तथा नेपालको आर्थिक स्थिती धितोपत्र बजार को स्थिती, धितोपत्र व्यवसायी तथा सूचीकृत सङ्गठित संस्थाहरूको गतिविधिहरु र बोर्डको धितोपत्र बजारको विकास तथा सुधारका पहल, कामकारवाहीहरु तथा वित्तीय संस्थातको समीक्षा तथ्याङ्कगत तथा वस्तुपरक रूपमा प्रस्तुत गररएको छ ।

समीक्षा अविधीको अन्त्यसम्ममा नेपालमा कुल हितग्राही खाताको सङ्ख्या करिब ६४ लाखभन्दा माथि पगिसकेको छ, जुन कुल जनसङ्याको २१.९ प्रतिशत हुन आउँछ । दोश्रो बजारमा कुल लगानीकर्ता सङ्ख्या करिब ३८ लाख पुगेको छ । बढ्दो धितोपत्र बजारको आकारलाई व्यवस्थित गर्नका लागि बोर्डले निरन्तर काम गदै आएको छ ।

बोर्डले धितोपत्र सम्बन्धी सेवालाई नियमित, व्यवस्थित तथा छिटो छरितो रूपमा प्रवाह गर्नका लागि धितो पत्र व्यवसायीहरूलाई अनुमतिपत्र प्रदान तथा नवीकरण गर्ने, धितोपत्र दर्ता तथा निष्कासन लगायतका नियमित काम गदै आएको छ । यसका अलावा बोर्डले समीक्षा अविधीमा उल्लेखनीय सुधारात्मक उपलब्धीहरू पनि प्राप्त गरेको छ । जलवायु परिवर्तनको प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्ने गरी पर्यावरणमैत्री परियोजना सञ्चालन तथा दिगो विकासका लक्ष्य हासिल गर्न सकिने परियोजनाहरूमा दीर्घकालीन पूँजी परिचालन गर्न सक्ने गरी हरित ऋणपत्र (ग्रीन वण्ड वा डिवेञ्चर) निष्कासन गर्न सक्ने गरी कानूनी व्यवस्था गरिएको छ । बजारलाई पारदर्शी एवम् विश्वसनीय बनाई राख्नका लागि बोर्डले जोखिममा आधारित सुपरीवेक्षण म्यानुअल (Risk Based Supervision Manual) तयार पारिएको छ । त्यस्तै धितोपत्र बजार मा मध्यस्थता लागत कम गरी पूँजीमा पहुँच तथा कारोबारमा वृद्धि गर्न सङ्गठित संस्थाको सेयर खरिद तथा बिक्रीको कारोबारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्कमा १० प्रतिशतले कटौती गरिएको छ । आफ्ना कामकारवाहीलाई प्रभावकारी एवम् व्यवस्थित बनाउनका लागि बोर्डले समीक्षा अवधीमा आफूसँग सरोकार राख्ने विभिन्न निकायहरूसँग समझदारी पत्र (Memorandum of Understanding – MoU) मा हस्ताक्षर पनि गरेको छ । सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि सूचना आदानप्रदान र एक आपसमा सहयोग गर्नका लागि सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, Nepal Sustainability Reporting Standards को विकास र सो को प्रभावकारी कार्यान्वयनका गर्नका लागि लेखामान बोर्ड, विशिष्टीकृत लगानी उद्योगको प्रवर्द्धन, नियमकीय समर्थन लगायतका विषयमा Nepal Private Equity Association (NPEA) लगायतका सरकारी तथा गैर सरकारी निकायसँाग बोर्डले समझदारी पत्रमा हस्ताक्षर गरेको छ ।

लगानीकर्ता जनचेतना अभिवृद्धि तथा प्रशिक्षण कार्यक्रम, विभिन्न अध्ययन सामग्री प्रकाशन, रेडियो कार्यक्रमका माध्यमबाट लगानीकर्तालाई पूँजी बजारका विविध पाटामा सचेत बनाउने प्रयासलाई समीक्षा अवधिमा पनि निरन्तरता दिईएको छ । बोर्डको ईतिहासमा नै पहिलो पटक धितोपत्र व्यवसायीका कर्मचारीहरूलाई प्रमाणिकरण कार्यक्रम सञ्चालन गरि ४१ जना कार्यकारी प्रमुखहरूलाई प्रमाणिकरण सम्बन्धी नमूना कार्यक्रम सम्पन्न गरीएको छ ।

आगामी दिनमा बोर्डले नियमकीय क्षमतालाई समयानुकुल परिष्कृत गदै लैजाने क्रममा बोर्डको संस्थागत सुदृढीकरण र संरचनागत सुधार तथा क्षमता अभिवृद्धि गदै लगिनेछ । धितोपत्र बजार र धितोपत्र व्यवसायको नियमन तथा सुपरिवेक्षण कार्यलाई विद्युतीय प्रणालीमा आवद्ध, धितोपत्र व्यवसायी तथा सूचीकृत सङ्गठित संस्थाहरूले बोर्ड समक्ष पेश गर्नुपने प्रतिवेदनमा एकरूपता, पूँजीबजारमा क्षेत्रगत तथा औजारगत विविधता लगायतको कार्ययोजना बोर्डले बनाएको छ । धितोपत्र सम्बन्धी ऐन समयानुकूल परिमार्जन सहित संशोधनको क्रममा रहेको छ । साना तथा मझौला व्यवसायहरूलाई धितोपत्र बजारमा आकर्षित गर्नका लागि साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबार सम्बन्धी कानूनी व्यवस्था गरिदैछ । गैर आवासीय नेपालीले नेपाली धितोपत्र बजारमा गर्ने लगानी सम्बन्धी अध्ययन भईरहेको छ । ग्रीन वण्डको अभ्यास तथा समग्र ऋणपत्र बजारको विस्तार, वस्तु विनिमय बजारको विकास गर्ने लगायतको नीति बोर्डले लिएको छ ।

अन्यमा, नेपाल सरकार, बोर्डका पूर्व अध्यक्षज्यूहरू, बोर्ड सदस्यज्यूहरू, सर्वसाधारण लगानीकर्ता, सम्पूर्ण बजार सहभागीहरू, कर्मचारीवर्ग लगायत अन्य सम्पूर्ण सरोकारवाला निकायहरूलाई धितोपत्र बजारको विकासका लागि आ–आफ्नो क्षेत्रमा पुऱ्याउनु भएको योगदान तथा सहयोगका लागि धन्यवाद दिन चाहन्छु । धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको धितोपत्र बजार बनाउन सहयोग गरिरहेका IOSCO, OECD÷INFE, World Bank, ADB, Toronto Centre तथा अन्य अन्तर्राष्ट्रिय सम्बनध भएका संस्थाहरूबाट बोर्डलाई प्राप्त सहयोगका लागि समेत कृतज्ञता व्यक्त गर्दछु ।
कार्त्तिक २७, २०८१

**श्री महेश बराल**
अध्यक्ष

# विषय-सूची


| भाग-एक<br>समग्र आर्थिक स्थिति | | |
|---|---|---|
| क्र.स. | शीर्षक | पेज नं. |
| १.१ | विश्व अर्थतन्त्र | १ |
| | विश्व आर्थिक वृद्धि | १ |
| | मूल्य स्थिति | २ |
| | विश्व व्यापार | ३ |
| १.२ | राष्ट्रिय अर्थतन्त्र | ३ |
| | आर्थिक तथा मूल्य स्थिति | ४ |
| | मौद्रिक तथा वित्तीय स्थिति | ६ |
| | सार्वजनिक वित्त स्थिति | ८ |
| | बाह्य स्थिति | ८ |

| भाग-दुई<br>धितोपत्र बजारको स्थिति | | |
|---|---|---|
| क्र.स. | शीर्षक | पेज नं. |
| २.१ | विश्व धितोपत्र बजार | ११ |
| | विश्वका केही प्रमुख धितोपत्र बजार सूचकांकको अवस्था | १२ |
| | सार्क क्षेत्रको धितोपत्र बजारको अवस्था | १३ |
| २.२ | नेपालको धितोपत्र बजार | १४ |
| | धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था | १५ |
| | प्राथमिक बजार | १८ |
| | धितोपत्रको दोस्रो बजार | २६ |
| | ऋणपत्र बजार | ३५ |
| | ओटिसी बजार | ३६ |
| | नेपाल स्टक एक्सचेन्ज लिमिटेडले सम्पादन गरेका मुख्य कार्यहरु | ३७ |
| | धितोपत्रको केन्द्रीय निक्षेप सेवा | ३७ |
| | क्रेडिट रेटिङ्ग सेवा | ३९ |
| | धितोपत्र व्यापारी | ३९ |
| | विशिष्टीकृत लगानी कोष | ३९ |
| २.३ | वस्तु विनिमय बजार | ४० |
| २.४ | धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम | ४० |

| भाग-तीन<br>बोर्डको प्रशासनिक तथा वित्तीय अवस्था | | |
|---|---|---|
| क्र.स. | शीर्षक | पेज नं. |
| ३.१ | बोर्डको स्थापना | ४४ |
| ३.२ | बोर्डको काम, कर्तव्य र अधिकार | ४४ |
| ३.३ | सञ्चालक बोर्ड | ४६ |

| | | |
|---|---|---|
| ३.४ | संगठन संरचना तथा जनशक्ति व्यवस्थापन | ४७ |
| ३.५ | समितिहरु | ४७ |
| ३.६ | बोर्डको वित्तीय अवस्था | ४८ |
| ३.७ | अन्तर्राष्ट्रिय सम्बन्ध | ४९ |


**भाग-चार**

**बोर्डका कामकारवाही तथा गतिविधि**

| **क्र.स.** | **शीर्षक** | **पेज नं.** |
|---|---|---|
| ४.१ | बोर्डबाट सम्पन्न भएका सुधारात्मक उपलब्धीहरु | ५१ |
| | हरित ऋणपत्र निष्काशन सम्बन्धी कानूनी व्यवस्था | ५१ |
| | बुक बिल्डिङ्ग प्रणालीको कार्यान्वयन | ५१ |
| | कारोवार लागतमा कटौती | ५२ |
| | सुपरिवेक्षण म्यानुअल तयार गर्ने कार्य सम्पन्न | ५२ |
| | विभिन्न संस्थासंग समभ्रुदारी पत्रमा हस्ताक्षर | ५२ |
| ४.२ | धितोपत्र बजार नियमन तथा सुपरिवेक्षण सम्बन्धी नियमित कार्यहरु | ५२ |
| | अनुमतिपत्र प्रदान तथा नवीकरण | ५२ |
| | कानुनी व्यवस्था, कानुन प्रवलीकरण तथा राय सुझाव | ५४ |
| | सुपरिवेक्षण तथा अनुगमन | ५५ |
| | नीति, अनुसन्धान तथा वित्तीय साक्षरता | ६३ |
| | कर्मचारी वृत्ति विकास | ६४ |


**भाग-पाँच**

**धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा विद्यमान समस्या तथा चुनौती र भावी कार्यदिशा**

| **क्र.स.** | **शीर्षक** | **पेज नं.** |
|---|---|---|
| ५.१ | धितोपत्र बजारसँग सम्बन्धित समस्या तथा चुनौती | ६५ |
| ५.२ | वस्तु विनिमय बजारसँग सम्बन्धित समस्या तथा चुनौती | ६६ |
| ५.३ | बजार विकास तथा सुधारको भावी कार्यदिशा | ६६ |

**अनुसूचीहरु** ६९ - १००

## तालिका सूची


| क्र.स. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका-१.१ | विश्वको आर्थिक वृद्धिदर | १ |
| तालिका-१.२ | दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति  उपभोक्ता मूल्यमा आधारित, प्रतिशत) | ३ |
| तालिका १.३ | नेपालको समिष्टगत आर्थिक तथा मूल्य स्थिति | ६ |
| तालिका १.४ | नेपालको मौद्रिक एवं वित्तीय स्थिति | ७ |
| तालिका १.५ | नेपालको सार्वजनिक वित्त स्थिति | ८ |
| तालिका १.६ | नेपालको बाह्य स्थिति | ९ |
| तालिका-२.१ | अन्तर्राष्ट्रिय धितोपत्र बजारको अवस्था | १२ |
| तालिका-२.२ | विश्वका केही प्रमुख धितोपत्र बजारको सूचकांकको अवस्था | १३ |
| तालिका-२.३ | सन् २०२३ मा सार्क क्षेत्रको धितोपत्र बजारको अवस्था | १४ |
| तालिका-२.४ | धितोपत्रको बजारको संक्षिप्त झलक | १५ |
| तालिका-२.५ | धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था | १६ |
| तालिका-२.६ | धितोपत्रको प्राथमिक बजारको अवस्था | १९ |
| तालिका-२.७ | धितोपत्र दर्ता, सार्वजनिक निष्काशन अनुमति तथा बोनस सेयर दर्ता | २१ |
| तालिका २.८ | प्राथमिक बजारमा क्षेत्रगत पुँजी परिचालन | २२ |
| तालिका-२.९(क) | धितोपत्रको दोस्रो बजारको अवस्था | २७ |
| तालिका-२.९(ख) | धितोपत्रको दोस्रो बजारको अवस्था - परिवर्तन प्रतिशत | २७ |
| तालिका-२.१० | धितोपत्रको दोस्रो बजारमा क्षेत्रगत सेयरको कारोबारको स्थिति | २९ |
| तालिका-२.११ | सूचीकृत संगठित संस्थाको क्षेत्रगत अवस्था | ३४ |
| तालिका २.१२ | ऋणपत्रको सूचिकरण र कारोवार | ३५ |
| तालिका-२.१३ | ओटिसि बजारमा बार्षिक कारोबार विवरण | ३६ |
| तालिका-२.१४ | धितोपत्र अभौतिकीकरणको अवस्था | ३८ |
| तालिका-३.१ | आ.व. २०८०।८१ मा बोर्डको सञ्चालन बोर्डका सदस्यहरु | ४६ |
| तालिका-४.१ | सूचीकृत संगठित संस्थाहरुको गैरस्थलगत सुपरीवेक्षण विवरण | ६२ |

# चार्ट सूची


| क्र.स. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट १.१ | विश्वको आर्थिक बृद्धिदर | २ |
| चार्ट १.२ | कुल ग्राहस्थ्य उत्पादनको वार्षिक आर्थिक वृद्धिदर  आधारभूत मूल्यमा) | ४ |
| चार्ट १.३ | बृहत आर्थिक वृद्धि अनुसारको योगदान | ५ |
| चार्ट २.१ | प्रदेशगत रुपमा डिम्याट खाताको संख्या | १६ |
| चार्ट २.२ | प्रदेशगत रुपमा डिम्याट खाताको प्रतिशत | १७ |
| चार्ट २.३ | प्रदेशको जनसंख्याको आधारमा डिम्याट खाताको अनुपात (प्रतिशतमा) | १७ |
| चार्ट २.४ | लिङ्गका आधारमा डिम्याट खाताको अवस्था | १८ |
| चार्ट २.५ | धितोपत्रको प्राथमिक निष्काशन (रकमको आधारमा) | २० |
| चार्ट २.६ | धितोपत्रको प्राथमिक निष्काशन (संख्याको आधारमा) | २० |
| चार्ट २.७ | साधारण सेयर निष्काशन अनुमति | २३ |
| चार्ट-२.८ | हकप्रद सेयर निष्काशन अनुमति | २४ |
| चार्ट २.९ | ऋणपत्र निष्काशन अनुमति | २४ |
| चार्ट २.१० | बोनस सेयर दर्ता तथा निष्काशन | २५ |
| चार्ट २.११ | सामूहिक लगानी कोष योजना दर्ता तथा निष्काशन | २६ |
| चार्ट २.१२ | धितोपत्र दोस्रो बजारमा मासिक कारोबार रकम | ३० |
| चार्ट २.१३ | धितोपत्र दैनिक औसत कारोबार रकम | ३० |
| चार्ट २.१४ | धितोपत्रको वार्षिक कारोबार रकम | ३१ |
| चार्ट २.१५ | धितोपत्रको बजार पुँजीकरण र फ्लोट बजार पुँजीकरण | ३२ |
| चार्ट २.१६ | क्षेत्रगत बजार पुँजीकरण | ३२ |
| चार्ट २.१७ | नेप्से सूचकांक र नेप्से फ्लोट सूचकांक | ३३ |
| चार्ट २.१८ | नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत संस्था | ३४ |
| चार्ट २.१९ | ओटिसी बजारमा भएको बार्षिक कारोबार | ३६ |

# List of Abbreviations

| | |
|---|---|
| ANNA : | Association of National Numbering Agencies |
| APEC : | Asia-Pacific Economic Cooperation |
| BOID : | Beneficiary Owner Identification |
| CDSC : | Central Depository Services and Clearing |
| GLOPAC : | Global Financial Partnership Center |
| INFE : | International Network on Financial Education |
| IOSCO : | International Organization of Securities Commissions |
| ISDA : | International Swaps and Derivatives Association |
| MoU : | Memorandum of Understanding |
| NEPSE : | Nepal Stock Exchange |
| NISM : | National Institute of Securities Market |
| NPEA : | Nepal Private Equity Association |
| NRN : | Non-Resident Nepalese |
| SASRF : | South Asian Securities Regulator Forum |
| TMS : | Trade Management Software |
| WFE : | World Federation of Exchange |

# भाग – एक
# समग्र आर्थिक स्थिति

## १.१ विश्व अर्थतन्त्र

सन् २०२३ मा विश्व उत्पादन ३.३ प्रतिशतले विस्तार भएको छ। साथै, सन् २०२४ र २०२५ मा सोही अनुरुप स्थिर रहदै क्रमशः ३.२ र ३.३ प्रतिशतले बढ्ने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको जुलाई २०२४ को प्रतिवेदन अनुसार वर्षको अन्त्यतिर आर्थिक गतिविधिहरुको गतिमा बढोत्तरी भएकोले उत्पादन विचलनलाई केही हदसम्म कम गरेको छ। सेवाको मूल्य वृद्धिले मुद्रास्फितिलाई कम गर्न रोकिरहेको कारण विश्व परिवेशमा मौद्रिक नीतिलाई समान्यीकरण गर्न कठीनाई उत्पन्न गरेको छ। केही मुलुकको भू-राजनैतिक तनाव लगायत कोभिड-१९ को असर आर्थिक गतिविधिमा देखा परेसँगै समग्र विश्व अर्थतन्त्र वृद्धिमा समेत वाधा पुगेको स्थिति छ। विश्वको आर्थिक वृद्धि, मूल्य स्थिति र विश्व व्यापार परिसूचकहरुको आधारमा समग्र विश्व आर्थिक स्थिति देहाय अनुरुप रहेको छ।

### १.१.१ विश्व आर्थिक वृद्धि

अन्तर्राष्ट्रिय मुद्रा कोषको अप्रिल, २०२४ मा प्रकाशित विश्व आर्थिक परिदृष्य (World Economic Outlook) प्रतिवेदन अनुसार विश्वको आर्थिक वृद्धिदर सन् २०२३ मा ३.३ प्रतिशत रहेको छ। जुन सन् २०२२ को आर्थिक वृद्धिदरको तुलनामा ५.७२ प्रतिशतले बढी रहेको छ। त्यसैगरी सन् २०२४ र २०२५ विश्व आर्थिक वृद्धिदर क्रमशः ३.२ प्रतिशत र ३.३ प्रतिशत रहने अनुमान अन्तर्राष्ट्रिय मुद्रा कोषको रहेको छ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रतिवेदन अनुसार सन् २०२३ मा दक्षिण एशियाली मुलुकहरुको आर्थिक वृद्धिदर श्रीलंका र पाकिस्तानको बाहेक अन्य मुलुकको वृद्धिदर सकारात्मक स्थितिमा रहेको छ। दक्षिण एशियाली मुलुकहरुबीच तुलना गर्दा भारतको आर्थिक वृद्धि सवैभन्दा बढी रहेको छ। त्यसपछि क्रमशः बंगलादेश, भुटान, माल्दिभ्स र नेपाल रहेको छ। विश्वको आर्थिक वृद्धि दर तालिका १.१ मा प्रस्तुत गरिएको छ।

**तालिका १.१**
**विश्वको आर्थिक वृद्धिदर (वार्षिक परिवर्तन प्रतिशत)**

| क्र.सं. | विवरण | सन्‌मा | | | | |
|---|---|---|---|---|---|---|
| | | २०२१ | २०२२ | २०२३ | २०२४* | २०२५* |
| १ | विश्व अर्थतन्त्र | ६.३ | ३.५ | ३.३ | ३.२ | ३.३ |
| २ | विकसित अर्थतन्त्र | ५.६ | २.६ | १.७ | १.७ | १.८ |
| ३ | उदीयमान तथा विकासशील अर्थतन्त्र | ६.९ | ४.१ | ४.४ | ४.३ | ४.३ |
| ४ | उदीयमान तथा विकासशील एशियाली मुलुकहरु | ७.५ | ४.४ | ५.७ | ५.४ | ५.१ |
| ५ | उदीयमान तथा विकासशील युरोपेली मुलुकहरु | ७.३ | १.२ | ३.२ | ३.२ | २.६ |
| ६ | युरोपियन युनियन | ५.९ | ३.७ | ०.६ | १.२ | १.८ |
| ७ | मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरु | ४.० | ५.४ | १.८ | २.२ | ४.० |
| ८ | न्यून आय भएका विकासशील अर्थतन्त्र | ३.९ | ४.२ | ३.९ | ४.४ | ५.३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | अमेरिका | ५.९ | १.९ | २.५ | २.६ | १.९ |
| १० | जापान | २.२ | १.० | १.९ | ०.७ | १.० |
| ११ | चीन | ८.४ | ३.० | ५.२ | ५.० | ४.५ |
| १२ | दक्षिण एसियाली राष्ट्रहरु** | | | | | |
| | बंगलादेश | ६.९ | ७.१ | ६.० | ५.७ | ६.६ |
| | भुटान | -३.३ | ४.८ | ४.६ | ४.३ | ५.० |
| | भारत | ९.१ | ७.० | ७.८ | ६.८ | ६.५ |
| | माल्दिभ्स | ४१.७ | १३.९ | ४.४ | ५.२ | ६.५ |
| | नेपाल | ४.८ | ५.६ | ०.८ | ३.१ | ५.२ |
| | श्रीलंका | ३.३ | -७.८ | -२.३$ | ५.३$$ | - |
| | पाकिस्तान | ५.८ | ६.२ | -०.२ | २.० | ३.५ |
| | अफगानिस्तान | -१४.५ | -६.२ | - | - | - |

*स्रोतः वर्ल्ड इकोनोमिक आउटलुक, जुलाई २०२४ आइएमएफ ।*

***प्रक्षेपित **वर्ल्ड इकोनोमिक आउटलुक, आइएमएफ - अप्रिल २०२४**
**$ सेन्ट्रल बैंक अफ श्रीलंका, जुन २०२४ $$ सेन्ट्रल बैंक अफ श्रीलंका, जुन २०२४ Q1**

विगत दश वर्षको विश्वको आर्थिक वृद्धि दर तथा दुई वर्षको प्रक्षेपित दरलाई चार्ट १.१ मा प्रस्तुत गरिएको छ।

**चार्ट १.१: विश्वको आर्थिक वृद्धिदर**




### १.१.२ मूल्य स्थिति

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार विश्व उपभोक्ता मूल्य स्थिति सन् २०२३ मा ६.७ प्रतिशतले वृद्धि भएको छ भने सन् २०२४ र सन् २०२५ मा क्रमशः ५.९ प्रतिशत र ४.४ प्रतिशतले बढ्ने पूर्वानुमान रहेको छ। जसअनुसार विश्व उपभोक्ता मूल्य स्थितिमा क्रमशः

सुधार हुँदै गएको देखिएको छ। सन् २०२३ मा दक्षिण एसियाली मुलुकहरुको मूल्य स्थितिलाई विश्लेषण गर्दा सबैभन्दा बढी पाकिस्तानको मूल्य वृद्धि २९.२ प्रतिशतले र बंगलादेशको ९.० प्रतिशतले भएको देखिएको छ भने माल्दिभ्सको सबैभन्दा कम २.६ प्रतिशतले वृद्धि भएको छ। साथै, कोषको तथ्यांक अनुसार नेपालको मूल्य स्थिति सन् २०२२ को तुलनामा सन् २०२३ मा २३.८१ प्रतिशतले बढी रहेको छ भने सन् २०२४ र सन् २०२५ मा केही सुधार हुने अनुमान रहेको छ। समग्र दक्षिण एशियाली मुलुकहरु र चीनको मूल्य स्थितिको विवरण तालिका १.२ मा प्रस्तुत गरिएको छ।

**तालिका १.२**
**दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| क्र.सं. | विवरण | सन् | | | | |
|---|---|---|---|---|---|---|
| | | २०२१ | २०२२ | २०२३ | २०२४* | २०२५* |
| १ | बंगलादेश | ५.६ | ६.१ | ९.० | ९.३ | ६.१ |
| २ | भुटान | ८.२ | ५.९ | ४.६ | ४.९ | ४.६ |
| ३ | भारत | ५.५ | ६.७ | ५.४ | ४.६ | ४.२ |
| ४ | माल्दिभ्स | ०.२ | २.६ | २.६ | ३.८ | ३.० |
| ५ | नेपाल | ३.६ | ६.३ | ७.८ | ६.३ | ५.६ |
| ६ | श्रीलंका | ६.० | ४५.२ | - | - | - |
| ७ | पाकिस्तान | ८.९ | १२.१ | २९.२ | २४.८ | १२.७ |
| ८ | अफगानिस्तान | ७.८ | १०.६ | - | - | - |
| ९ | चीन | ०.९ | २.० | ०.२ | १.० | २.० |

***स्रोतः वर्ल्ड इकोनोमिक आउटलुक, अप्रिल २०२४ आइएमएफ***

*नोटः आइएमएफले सन् २०२३ देखि श्रीलंका र अफगानिस्तानको प्रक्षेपण नगरेको।*

** प्रक्षेपित*

### १.१.३ विश्व व्यापार

अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रतिवेदन अनुसार सन् २०२३ मा विश्व व्यापारको स्थितिलाई केलाउँदा रुस-युक्रेन युद्ध र गाजा-इजरायल द्वन्द, कतिपय मुलुकको आन्तरिक राजनैतिक द्वन्द तथा कोभिड-१९ को असर समेतका कारणले आर्थिक वृद्धिदरमा सकुचन उत्पन्न हुँदा विश्व व्यापारमा समेत तनाव सिर्जना भई विश्व व्यापार वृद्धिदर ०.८ प्रतिशतमा सीमित रहेको छ। साथै, सन् २०२४ र सन् २०२५ मा विश्व व्यापारमा सुधार हुँदै क्रमशः ३.१ प्रतिशत र ३.४ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ।

## १.२ राष्ट्रिय अर्थतन्त्र

नेपालमा विगतको वर्षमा विभिन्न कारणले उत्पन्न अर्थतन्त्रको संकुचन आर्थिक वर्ष २०८०।८१ मा सुधारोन्मुख रहेको छ। अर्थतन्त्रका अधिकांश सूचकहरु सकारात्मक रहेका छन्। अर्थतन्त्रको कृषि तथा सेवा क्षेत्रको उत्पादन र प्रति व्यक्ति आयमा वृद्धि हुनका साथै मूल्य वृद्धिमा समेत क्रमिक सुधार हुँदै गएको छ। वैदेशिक आयमा भएको वृद्धि तथा व्यापार घाटा सुधारका कारण चालु खाता बचत

तथा विदेशी मुद्रा संचितिमा वृद्धि भई वाह्य क्षेत्र सन्तुलन कायम भएको छ। वित्तीय क्षेत्रमा लगानीयोग्य तलरतामा वृद्धिसँगै निक्षेप तथा कर्जाको ब्याजदरमा समेत कमी आएको छ। त्यसैगरी सार्वजनिक वित्त क्षेत्रका अधिकांश परिसूचकहरु सुधारोन्मुख रहेका छन्। समीक्षा वर्षमा नेपालको राष्ट्रिय अर्थतन्त्रको विस्तृत अवस्था सम्बन्धी विवरण तालिका १.३ मा प्रस्तुत गरिएको छ।

### १.२.१ आर्थिक तथा मूल्य स्थिति

विगत वर्षको तुलनामा आर्थिक वर्ष २०८०।८१ मा नेपालको आर्थिक वृद्धिदरमा सुधारोन्मुख भई ३.८७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने प्रारम्भिक अनुमान रहेको छ। कृषि, यातायात तथा भण्डारण, आवास तथा भोजन, वित्तीय तथा बीमा र पेशागत वैज्ञानिक क्षेत्रमा भएको वृद्धिका कारण नेपालको आर्थिक वृद्धिदरमा सुधार आएको विश्लेषण आर्थिक सर्वेक्षण २०८०।८१ को प्रतिवेदनले देखाएको छ। साथै, आर्थिक वर्ष २०८०।८१ मा उद्योग क्षेत्रको उत्पादन वृद्धिदरमा कमी आएतापनि कृषि क्षेत्र र सेवा क्षेत्रमा क्रमशः ३.०५ प्रतिशत र ४.५० प्रतिशतको उत्पादन वृद्धिदर हासिल भएको छ। नेपालको विगत दश वर्षको आर्थिक स्थितिलाई चार्ट १.२ मा प्रस्तुत गरिएको छ।




समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान कृषि क्षेत्र र उद्योग क्षेत्रको योगदानको तुलनामा बढी नै रहेको छ। फलस्वरुप कुल गार्हस्थ्य उत्पादन संरचनामा सेवा क्षेत्रको बाहुल्यता कायम रहेको छ। समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.१० प्रतिशत, १३.०० प्रतिशत र ६२.९० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष २०७९।८० मा यस्तो योगदान क्रमशः २३.९१ प्रतिशत, १३.६० प्रतिशत र ६२.४८ प्रतिशत रहेको थियो।




*अनुमानित*

त्यसैगरी अन्य आर्थिक स्थितिको विश्लेषण गर्दा आर्थिक वर्ष २०८०।८१ मा कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश उच्च रहँदै कुल उत्पादनको ९२.३८ प्रतिशत उपभोग हुने अनुमान रहेको छ। त्यस्तै कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचतको अनुपात गत आर्थिक वर्ष २०७९।८० मा ७.४१ प्रतिशत रहेकोमा सीमान्त रुपमा वृद्धि भई आर्थिक वर्ष २०८०।८१ मा ७.६२ प्रतिशत रहने अनुमान छ। पछिल्लो दश वर्षमा कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचतको औसत अनुपात क्रमशः ८.८ प्रतिशत र ३६ प्रतिशत रहेको छ।

समीक्षा वर्षमा निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जाको मागमा कमी आएको र सरकारको न्यून पुँजीगत खर्चका कारण समग्र कुल लगानी अपेक्षितरुपमा बढ्न सकेको छैन्। गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल लगानी ३१.७ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ३०.५ प्रतिशत रहने अनुमान छ। पछिल्लो दश वर्षमा कुल गार्हस्थ्य उत्पादनसँग कुल स्थिर पुँजी लगानी र कुल लगानीको औसत अनुपात क्रमशः २९ प्रतिशत र ३४ प्रतिशत रहेको छ।

विश्वका अधिकांश मुलुक लगायत नेपालमा समेत विगतको वर्षमा बढेको मुद्रास्फीतिलाई कम गर्न लिइएका नीति लगायत अन्य विविध कारणले आर्थिक वर्ष २०८०।८१ मा नेपालको वार्षिक औसत मुद्रास्फीति ५.४४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ७.७४ प्रतिशत रहेको थियो। नेपाल राष्ट्र बैंकबाट प्रकाशित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनका अनुसार २०८१ असारमा वार्षिक उपभोक्ता मुद्रास्फीति ३.५७ प्रतिशत रहेको छ। २०८० असार महिनामा यस्तो मुद्रास्फीति ७.४४ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा समग्र मुद्रास्फीति अन्तर्गत खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.४७ र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.६४ प्रतिशत रहेको छ। त्यस्तै २०८१ असार महिनामा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.१५ प्रतिशत रहेको छ। त्यसैगरी मुद्रास्फीतिलाई क्षेत्रगत विश्लेषण गर्दा आर्थिक वर्ष २०८०।८१ मा काठमाडौं उपत्यकाको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.९९ प्रतिशत, तराईको ४.८२ प्रतिशत, पहाडको ५.७८ प्रतिशत र हिमालको ६.८६ प्रतिशत रहेको छ भने २०८१ असार महिनामा काठमाडौं उपत्यकाको वार्षिक

विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.९२ प्रतिशत, तराईको ३.२१ प्रतिशत, पहाडको ३.७७ प्रतिशत र हिमालको ३.७१ प्रतिशत मुद्रास्फीति रहेको छ।

**तालिका १.३**
**नेपालको समिष्टगत आर्थिक तथा मूल्य स्थिति**

| विवरण | इकाई | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८०R | २०८०।८१P |
| क. यर्थाथ आर्थिक वृद्धि (आधारभूत मूल्यमा) | प्रतिशत | -२.४२ | ४.४९ | ५.६३ | १.९५ | ३.८७ |
| कृषि | प्रतिशत | २.४३ | २.८५ | २.३५ | २.७६ | ३.०५ |
| उद्योग | प्रतिशत | -४.०२ | ६.९५ | १०.७० | १.३८ | १.२५ |
| सेवा | प्रतिशत | -४.५३ | ४.७१ | ५.३२ | २.३६ | ४.५० |
| ख. प्रति व्यक्ति कुल खर्चयोग्य राष्ट्रिय आय | अमेरिकी डलर | १४७५ | १५९८ | १७३६ | १७५५ | १८४३ |
| ग. कुल उपभोग/जिडिपी अनुपात | प्रतिशत | ९४.२८ | ९३.६३ | ९३.४२ | ९२.५९ | ९२.३८ |
| घ. कुल गार्हस्थ बचत/जिडिपी अनुपात | प्रतिशत | ५.७२ | ६.३७ | ६.५८ | ७.४१ | ७.६२ |
| ङ. कुल राष्ट्रिय बचत/जिडिपी अनुपात | प्रतिशत | ३२.१६ | ३१.५२ | २९.६३ | ३३.७९ | ३६.१५ |
| च. कुल स्थिर पुँजी लगानी/जिडिपी अनुपात | प्रतिशत | ३०.४७ | २९.३४ | २८.९८ | २५.०८ | २४.४५ |
| छ. कुल लगानी/जिडिपी अनुपात | प्रतिशत | ३०.४४ | ३५.१६ | ३७.६ | ३१.७ | ३०.५ |
| ज. मूल्य वृद्धि (मुद्रा स्फीति) औषत वार्षिक | प्रतिशत | ६.१५ | ३.६ | ६.३२ | ७.७४ | ५.४४ |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, आर्थिक सर्वेक्षण, २०८०/८१, नेपाल सरकार अर्थमन्त्रालय, र नेपाल राष्ट्र बैंक।*

***R*=संशोधित, *P*=प्रारम्भिक अनुमान**

## १.२.२ मौद्रिक तथा वित्तीय स्थिति

विगतको वर्षमा वित्तीय क्षेत्रमा देखिएको तरलता दबाब र यससँगै ब्याजदर वृद्धि समीक्षा वर्षमा बैंकिङ्ग प्रणालीमा तरलता स्थितिमा सहजता भएका कारण ब्याजदरमा कमी आएको छ। वित्तीय साक्षरता तथा विद्युतीय कारोबारमा प्रवर्द्धनका कारण वित्तीय पहुँचमा सुधार भएको छ। त्यस्तै पुँजी बजारमा पछिल्लो समय कारोबार तथा परिसूचकमा सुधार भएको छ। साथै, वित्तीय प्रणालीमा बीमा क्षेत्रको पहुँचमा विस्तार भएको छ।

आर्थिक वर्ष २०८०।८१ मा विस्तृत मुद्राप्रदाय (M2) १३.० प्रतिशतले विस्तार भएको छ भने संकुचित मुद्राप्रदाय (M1) १.३ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष भने विस्तृत मुद्राप्रदाय ११.२ प्रतिशतले विस्तार भएको र संकुचित मुद्राप्रदाय ०.३ प्रतिशतले संकुचन भएको थियो। आर्थिक वर्षको शुरुवाती समयमा वित्तीय प्रणालीमा रहेको तरलता दवाव र उच्च ब्याजदरका कारण मागमा कमी आई अपेक्षा अनुरुप निजी क्षेत्रतर्फ कर्जा प्रवाहमा वृद्धि हुन नसकेको भएतापनि पछिल्लो समयमा तरलता वृद्धि र ब्याजदरमा कमी आएसँगै विगत वर्षको तुलनामा सुधारोन्मुख रहेको छ। आर्थिक वर्ष २०८०।८१ मा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा

रु.२७६ अर्ब ९४ करोड (५.८ प्रतिशत) ले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो कर्जा रु.१७५ अर्ब ९४ करोड (३.८ प्रतिशत) ले वृद्धि भएको थियो।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप रु.७४२ अर्ब ३७ करोड (१३.० प्रतिशत) ले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो निक्षेप रु.६२७ अर्ब २५ करोड (१२.३ प्रतिशत) ले बढेको थियो। ०८० असारमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ६.३५ प्रतिशत रहेकोमा २०८१ असारमा ३.०० प्रतिशत रहेको छ। बैंक तथा वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०८० असारमा ३.१४ प्रतिशत रहेकोमा २०८१ असारमा २.९९ प्रतिशत रहेको छ।

समीक्षा वर्षको शुरुवाती चरणमा संकुचन आएको धितोपत्रको दोस्रो बजार कारोबार, नेप्से परिसूचक आर्थिक वर्षको अन्त्यतिर केही सुधार भई पुँजी बजार समेत सुधारोन्मूख देखिएको छ। फलस्वरुप २०८० असार मसान्तमा २०९७.१० बिन्दु रहेको नेप्से सूचकाङ्क २०८१ असार मसान्तमा २२४०.४१ बिन्दु कायम भएको छ। साथै, २०८० असार मसान्तमा रु. ३० खर्ब ८२ अर्ब ५२ करोड रहेको बजार पुँजीकरण २०८१ असार मसान्तमा उक्त रकम रु.३५ खर्ब ५३ अर्ब ६८ करोड कायम भएको छ। यससँगै नेप्से परिसूचकमा ६.५३ प्रतिशत र बजार पुँजीकरणमा १५.२९ प्रतिशतको वृद्धि भएको छ। नेपालको समग्र धितोपत्र बजार सम्बन्धी विस्तृत विवरण अन्य सम्बन्धित भागमा प्रस्तुत गरिएको छ।

**तालिका १.४**
**नेपालको मौद्रिक एवं वित्तीय स्थिति**

| विवरण | इकाई | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८०R | २०८०।८१P |
| क. संकुचित मुद्रा प्रदाय (एम १) | प्रतिशत | १७.८ | २२.८ | -९.३ | -०.३ | -१.३ |
| ख. विस्तृत मुद्रा प्रदाय (एम २) | प्रतिशत | १८.११ | २१.८४ | ६.८० | ११.२ | १३.० |
| ग. निजी क्षेत्रको कर्जा वृद्धि | प्रतिशत | १२.६० | २६.३३ | १३.२७ | ४.६ | ६.१ |
| घ. कुल निक्षेप वृद्धि | प्रतिशत | १८.६९ | २१.४३ | ९.०१ | १२.३४ | १३.० |
| ङ. भारित औसत ब्याजदर | | | | | | |
| ९१-दिने ट्रेजरी बिल दर | प्रतिशत | १.२७ | ४.५५ | १०.६६ | ६.३५ | ३.०० |
| ३६४-दिने ट्रेजरी बिल दर | प्रतिशत | २.२६ | ४.१६ | १०.१९ | ७.०० | ३.१९ |
| औसत अन्तर बैंक दर | प्रतिशत | ०.३५ | ४.१२ | ७.०१ | ३.१४ | २.९९ |
| आधार दर | प्रतिशत | ८.५० | ६.८६ | ९.५४ | १०.०३ | ८.०० |
| च. पुँजी बजार* | | | | | | |
| कुल बजार पुँजीकरण | रु. अर्बमा | १७९२.७६ | ४०१०.९६ | २८६९.३४ | ३०८२.५ | ३५५३.७ |
| नेप्से परिसूचक | विन्दुमा | १३६२.४ | २८८३.४ | २००९.५ | २०९७.१ | २२४०.४ |

*स्रोतः आर्थिक सर्वेक्षण, २०८०/८१, नेपाल सरकार अर्थमन्त्रालय, र नेपाल राष्ट्र बैंक।*
*R=संशोधित, P=प्रारम्भिक अनुमान*
** नेपाल स्टक एक्सचेन्ज लि.*

### १.२.३ सार्वजनिक वित्त स्थिति

सार्वजनिक वित्त क्षेत्रको समीक्षा गर्दा गत आर्थिक वर्षमा संकुचन भएको राजस्व परिचालन समीक्षा वर्षको शुरुवातदेखि क्रमशः बढ्दै गएको छ। आर्थिक वर्ष २०८०।८१ मा राजस्व संकलन रु.१०५८ अर्ब ९० करोड रही अघिल्लो वर्षको तुलनामा १०.६१ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल राजस्व संकलन रु.९५७ अर्ब ३५ करोड रहेको थियो। साथै आर्थिक वर्ष २०७९।८० मा नेपाल सरकारको कुल खर्च रु.१४२१ अर्ब ३३ करोड रहेकोमा आर्थिक वर्ष २०८०।८१ मा यस्तो खर्च रु.१४०८ अर्ब २ करोड रहेको छ। जसमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था वापतको खर्च क्रमशः रु.९५१ अर्ब ६४ करोड, रु.१९१ अर्ब ७५ करोड र रु.२६४ अर्ब ६३ करोड रहेको छ।

नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण २०८०।८१ को प्रतिवेदन अनुसार वस्तु पैठारीमा भएको संकुचन समेतको प्रभावस्वरुप राजस्व परिचालन लक्ष्य बमोजिम हुन नसक्दा सार्वजनिक स्रोतमा चाप पर्न गई सार्वजनिक ऋण बढ्दै गएको छ। २०८१ असार मसान्तमा नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रु.२४३३ अर्ब २४ करोड पुगेको छ। जसमध्ये, वाह्य ऋण रु.१२५२ अर्ब ३४ करोड र आन्तरिक ऋण रु.११८० अर्ब ९० करोड रहेको छ। आर्थिक वर्ष २०८०।८१ मा कुल सार्वजनिक ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४२.६५ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ४२.९९ प्रतिशत रहेको थियो।

**तालिका १.५**
**नेपालको सार्वजनिक वित्त स्थिति**

| विवरण | इकाई | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८०R | २०८०।८१P |
| क. राजस्व वृद्धि | प्रतिशत | -४.३३ | १७.९१ | १३.८३ | -१०.१४ | १०.६१ |
| ख. कुल सरकारी खर्च वृद्धि | प्रतिशत | -१.७४ | ९.६७ | ९.४७ | ८.५० | -०.९४ |
| ग. तिर्न बाँकी सार्वजनिक ऋण | रु. अर्बमा | १४१८.५५ | १७३७.६४ | २०१३.३० | २२९५.४४ | २४३३.२४# |
| घ. कुल प्रति व्यक्ति ऋण | रुपैंयामा | ४९४९८.५६ | ६००८१.१७ | ६८९७९.२४ | ७७९२४.३२ | ८१८४४.५९ |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, आर्थिक सर्वेक्षण, २०८०/८१, नेपाल सरकार अर्थमन्त्रालय, र नेपाल राष्ट्र बैंक।*
*# सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*
*R=संशोधित, P=प्रारम्भिक अनुमान*

### १.२.४ बाह्य स्थिति

पछिल्ला वर्षमा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ, सुनको मूल्यवृद्धि तथा अमेरिकी डलरको अधिमूल्यन भएतापनि पैठारीमा आएको कमी, विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि लगायतका कारण समीक्षा वर्ष वाह्य स्थिति सहज एवं सन्तुलित बनेको छ।

नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको तथ्यांक अनुसार आर्थिक वर्ष २०८०।८१ मा कुल वस्तु निर्यातमा ३.० प्रतिशतले कमी आई रु.१५२ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात २१.४ प्रतिशतले घटेको थियो। गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ३.३ प्रतिशत र ४.३ प्रतिशतले घटेको छ भने चीनतर्फ भएको निर्यात ४६.६ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी कुल वस्तु आयाततर्फ १.२ प्रतिशतले कमी आई रु.१५९२ अर्ब ९९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात १६.१

प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३.० प्रतिशत र १७.६ प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३४.२ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा कुल वस्तु व्यापार घाटा १.० प्रतिशतले कमी आई रु.१४४० अर्ब ६० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटा १५.५ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा निर्यात-आयात अनुपात ९.६ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ९.७ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०८०।८१ मा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई रु.१४४५ अर्ब ३२ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह २३.२ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०८०।८१ मा चालु खाता रु.२२१ अर्ब ३४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष चालु खाता रु.४६ अर्ब ५७ करोडले घाटामा रहेको थियो । समीक्षा वर्षमा शोधनान्तर स्थिति रु.५०२ अर्ब ४९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.२८५ अर्ब ८२ करोडले बचतमा रहेको थियो । त्यस्तै २०८० असार मसान्तमा रु.१५३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३२.६ प्रतिशतले वृद्धि भई २०८१ असार मसान्तमा रु.२०४१ अर्ब १० करोड कायम भएको छ । यस्तो विदेशी विनिमय सञ्चितिले आर्थिक वर्ष २०८०।८१ को आयातलाई आधार मान्दा १५.६ महिनाको वस्तु आयात र १३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । त्यसैगरी २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.६४ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्ष नेपाली रुपैयाँ २.७९ प्रतिशतले अवमूल्यन भएको थियो । २०८१ असार मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३३.३६ पुगेको छ । २०८० असार मसान्तमा उक्त विनिमय दर रु. १३१.१७ रहेको थियो ।

**तालिका १.६**
**नेपालको वाह्य स्थिति**

| विवरण | इकाई | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८०R | २०८०।८१P |
| क. कुल निर्यात वृद्धि | प्रतिशत | ०.६ | ४४.४ | ४१.७ | -२१.४ | -३.० |
| ख. निर्यात/जिडिपी अनुपात | प्रतिशत | २.५ | ३.२ | ४.१ | २.९४ | २.६७ |
| ग. आयात वृद्धि | प्रतिशत | -१५.६ | २८.७ | २४.७ | -१६.१ | -१.२ |
| घ. आयात/जिडिपी अनुपात | प्रतिशत | ३०.८ | ३५.४ | ३८.६ | ३०.१ | २७.५ |
| ङ. निर्यात/आयात अनुपात | प्रतिशत | ८.१६ | ९.१६ | १०.४२ | ९.७ | ९.६ |
| च. व्यापार घाटा वृद्धि | प्रतिशत | -१६.८ | २७.३ | २३.० | -१५.५ | -१.० |
| छ. व्यापार घाटा/जिडिपी अनुपात | प्रतिशत | -२८.३ | -३२.१ | -३४.५ | -२७.२ | -२५.३ |
| ज. चालु खाता सन्तुलन | रु. अर्बमा | -३३.७६ | -३३३.६७ | -६२३.३३ | -४६.६ | २२१.३ |
| झ. शोधान्तर बचत | रु. अर्बमा | २८२.४१ | १.२३ | -२५२.४ | २८५.८ | ५०२.५ |
| ञ. विदेशी मुद्रा संचिति (वस्तु तथा सेवा आयात धान्न पुग्ने) क्षमता | महिना | १२.६८ | १०.१७ | ६.९४ | १०.० | १३.० |
| ट. विदेशी विनिमय दर | रु. प्रति अमेरिकी डलर | ११६.३ | ११७.०९ | १२०.८ | १३१.१ | १३३.३ |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, आर्थिक सर्वेक्षण, २०८०/८१, नेपाल सरकार अर्थमन्त्रालय र नेपाल राष्ट्र बैंक ।*

*R=संशोधित, P=प्रारम्भिक अनुमान*

समीक्षा वर्षमा नेपालको समग्र अर्थव्यवस्था, मौद्रिक तथा वित्तीय, सरकारी वित्त र वाह्य स्थितिमा सुधारको संकेतसँगै आर्थिक सन्तुलन हुने दिशामा अगाडि बढेको छ। अर्थतन्त्रको दिगो विकास र वृद्धि गर्न तथा वित्तीय सन्तुलन कायम गर्न सरकारको पुँजीगत खर्चमा वृद्धि गर्ने, आन्तरिक उत्पादन बढाउनुको साथै समष्टिगत मागमा वृद्धि गर्नु जरुरी रहेको छ। साथै, बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने निजी क्षेत्रतर्फको कर्जा वृद्धि तथा कर्जाको उत्पादनशिल प्रयोगलाई बढावा दिदै मौद्रिक तथा बाह्य क्षेत्रको समेत दिगो एवं सन्तुलित विकास हुने गरी समष्टिगत आर्थिक नीतिहरुमा तादाम्यता र प्रभावकारिता कायम गर्नुपर्ने देखिन्छ।

***

# भाग - दुई
# धितोपत्र बजारको स्थिति

## २.१ विश्व धितोपत्र बजार

सन् २०२४ को शुरुवाती आधा बर्षमा जारी रुस-युक्रेन युद्ध, मध्यपूर्वी एसियाली राष्ट्रहरुमा सिर्जित तनावको कारण समग्र वित्तीय बजारलाई ठूलो कठिनाई पर्न सक्ने भय सृजना गर्‍यो । सन् २०२३ को उच्च मुद्रास्फीतिको परिस्थितिबाट सन् २०२४ को पहिलो आधा बर्षमा मुद्रास्फीति उल्लेख्य रुपमा घट्दै जाँदाले सेयर बजारमा सहजता बढ्दै जाँदा विश्व बजारको धितोपत्रको कुल पुँजीकरण वृद्धि भएको छ । यद्यपि विश्व अर्थतन्त्रमा युद्धका लागि भै-रहेको लगानी (War-financing), न्यून प्रत्यक्ष वैदेशिक लगानी, बाह्य क्षेत्र असन्तुलन जस्ता कारण विश्व धितोपत्र बजारमा समेत नकरात्मक असर परेको देख्न सकिन्छ ।

धितोपत्र विनिमय बजारहरुको विश्व संगठन (World Federation of Exchanges (WFE)) ले प्रकाशन गरेको तथ्यांक अनुसार सन् २०२२ को तुलनामा सन् २०२३ मा विश्व धितोपत्र बजारको पुँजीकरणमा करिब १०.२ प्रतिशतले वृद्धि भई यु.एस.डलर १११.२१ ट्रिलियन पुगेको देखिन्छ भने सन् २०२४ को जुनसम्म बजार पुँजीकरण यु.एस.डलर ११६.१५ ट्रिलियन रहेको छ । सन् २०२१ को तुलनामा सन् २०२२ मा उल्लेख्य घटेको बजार पुँजीकरण सन् २०२३ बाट बढ्दै गएको देखिन्छ । क्षेत्रगत रुपमा हेर्दा धितोपत्रको बजार पुँजीकरणतर्फ अमेरिकी क्षेत्रको बजार पुँजीकरण सन् २०२३ मा अघिल्लो बर्षको तुलनामा २०.५ प्रतिशतले, एशिया प्यासिफिक क्षेत्रमा ४.४ प्रतिशतले वृद्धि भएको छ भने युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्रमा १.५ प्रतिशतले सीमान्त रुपमा कमी आएको छ ।

सन् २०२३ मा विश्व धितोपत्र बजारमा यु.एस.डलर १२९.३१ ट्रिलियन बराबरको कारोबार भएको देखिन्छ, जुन कारोबार सन् २०२२ को तुलनामा ११.४ प्रतिशतले कमी हो । उक्त समयमा सबैभन्दा बढी कारोबार यु.एस.डलर ७० ट्रिलियन अमेरिकी क्षेत्रमा भएको छ । यसैगरी सन् २०२४ को जुनसम्म विश्व धितोपत्र बजारमा यु.एस.डलर ७१.२७ ट्रिलियन बराबरको कारोबार भएको देखिन्छ । यो कारोबारलाई सन् २०२३ को जुनसम्मको कारोबारसँग तुलना गर्दा करीब ९ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

विश्व धितोपत्र बजारमा सूचीकृत कम्पनीको तुलना गर्दा सन् २०२२ को तुलनामा सन् २०२३ मा ५.३ प्रतिशतले कमी आएको छ । यस अवधिमा सूचीकृत कम्पनीको संख्या सबैभन्दा बढी एशिया प्यासिफिक क्षेत्रमा रहेको छ भने सबैभन्दा कम युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्रमा रहेको छ । यसैगरी सन् २०२४ जुनसम्म विश्व धितोपत्र बजारमा सूचीकृत कम्पनीको संख्या ५४,५८६ पुगेको देखिन्छ । जसलाई सन् २०२३ जुनसम्मको अवधिसँग तुलना गर्दा करीब २ प्रतिशतको कमी आएको छ । सूचीकृत कम्पनीको संख्यामा विश्वभरी नै सन् २०२१ देखि निरन्तर गिरावट आइरहेको छ ।

विश्व धितोपत्र बजारमा प्राथमिक निष्काशन तर्फ सन् २०२२ मा ६२.५ प्रतिशतको कमी भएकोमा सन् २०२३ मा समेत ४०.७ प्रतिशत कमी आएर ११०.९५ विलियन अमेरिकी डलर रहेको छ । यस्तो रकम सन् २०२१ मा ४९८.१३ विलियन र सन् २०२२ मा १८७.०५ विलियन अमेरिकी डलर रहेको थियो । क्षेत्रगत रुपमा हेर्दा अमेरिकी क्षेत्रमा प्राथमिक निष्काशन रकममा ७१.६ प्रतिशतको वृद्धि भएको छ भने एशिया प्यासिफिक क्षेत्रमा ४३.२ प्रतिशत र युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्रमा ५९.१ प्रतिशतको उल्लेख्य गिरावट आएको छ ।

विश्व धितोपत्र बजारको पछिल्लो तीन वर्षको अवस्था तालिका २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१**
**अन्तर्राष्ट्रिय धितोपत्र बजारको अवस्था**

| क्र.सं. | विवरण | बर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०२१ | २०२२ | २०२३ | २०२४ जुनसम्म | परिवर्तन प्रतिशत २०२३/२०२२ |
| १ | **बजार पुँजीकरण (रकम अमेरिकी डलर, ट्रिलियनमा)** | | | | | |
| | अमेरिका क्षेत्र | ५७.३६ | ४४.७५ | ५३.९४ | ५९.२२ | २०.५ |
| | एशिया प्यासिफिक क्षेत्र | ३९.३२ | ३२.५७ | ३४.०० | ३४.५९ | ४.४ |
| | युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्र | २७.०५ | २३.६२ | २३.२७ | २२.३४ | -१.५ |
| | **कुल बजार पुँजीकरण** | **१२३.७३** | **१००.९४** | **१११.२१** | **११६.१५** | १०.२ |
| २ | **कारोबार (रकम अमेरिकी डलर, ट्रिलियनमा)** | | | | | |
| | अमेरिका क्षेत्र | ८२.६ | ८१.४३ | ७०.०० | ४०.८६ | -१४.० |
| | एशिया प्यासिफिक क्षेत्र | ६५.०३ | ५१.६७ | ४८.६५ | २५.२० | -५.८ |
| | युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्र | १३.३१ | १२.८ | १०.६६ | ५.२१ | -१६.७ |
| | **कुल कारोबार रकम** | **१६०.९४** | **१४५.९** | **१२९.३१** | **७१.२७** | -११.४ |
| ३ | **सूचीकृत कम्पनीको संख्या** | | | | | |
| | अमेरिका क्षेत्र | ११,२२४ | ११,२२७ | ११,३११ | ११,५१३ | ०.७ |
| | एशिया प्यासिफिक क्षेत्र | ३२,१८७ | ३२,१०५ | ३१,८१६ | ३२,३२२ | -०.९ |
| | युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्र | १५,८९६ | १४,९६१ | १२,०८९ | १०,७५१ | -१९.२ |
| | **कुल सूचीकृत कम्पनीको संख्या** | **५९,३०७** | **५८,२९३** | **५५,२१६** | **५४,५८६** | -५.३ |
| ४ | **प्राथमिक निष्काशन रकम (रकम अमेरिकी डलर, बिलियनमा)** | | | | | |
| | अमेरिका क्षेत्र | २१८.२८ | १०.२४ | १७.५७ | १६.९६ | ७१.६ |
| | एशिया प्यासिफिक क्षेत्र | १९१.७९ | १३२.७६ | ७५.३५ | १३.८९ | -४३.२ |
| | युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्र | ८८.०६ | ४४.०५ | १८.०३ | १६.९९ | -५९.१ |
| | **कुल प्राथमिक निष्काशन रकम** | ४९८.१३ | १८७.०५ | ११०.९५ | ४७.८४ | -४०.७ |

*स्रोत: वर्ल्ड फेडरेशन अफ एक्सचेन्जेज*

**क) विश्वका केही प्रमुख धितोपत्र बजार सूचकांकको अवस्था :** सन् २०२३ अगस्टको तुलनामा सन् २०२४ अगस्टमा विश्वका केही प्रमुख धितोपत्र बजारका सूचकांकमा सकारात्मक वृद्धि देखिएको छ। यस्तो वृद्धि भारतिय धितोपत्र बजार एस एण्ड पि विएसई सेन्सेक्स (S & P BSE Sensex) र निफ्टी ५० (Nifty 50) मा सबैभन्दा बढी (क्रमश ३१.०७ प्रतिशत र २७.०५ प्रतिशत) रहेको छ। चिनको सांघाई कम्पोजिट इण्डेक्स र हंगकङको ह्यांगसेंग इण्डेक्स सन् २०२३ अगस्टको तुलनामा सन् २०२४ अगस्टमा नकारात्मक रह्यो।

विश्वका केही प्रमुख धितोपत्र बजार सूचकांकका अवस्थालाई देहाय अनुरुप तालिका २.२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२**
**विश्वका केही प्रमूख धितोपत्र बजार सूचकांकको अवस्था**

| क.स. | सूचकांक | देश | आधार विन्दु | सन् २०२१ अगस्ट(विन्दु) | सन् २०२२ अगस्ट(विन्दु) | सन् २०२३ अगस्ट(विन्दु) | सन् २०२४ अगस्ट(विन्दु) | सन् २०२३ बाट २०२४ मा परिवर्तन प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | एस एण्ड पि ५०० (S&P 500) | अमेरिका | - | ४,५२२.६८ | ३,९५५.०० | ४,५०७.६६ | ५६४८.४० | २५.३१ |
| २ | फुटसी १०० (FTSE 100) | बेलायत | १,००० | ७,११९.७० | ७,२८४.०० | ७,४३९.१३ | ८३७६.६३ | १२.६० |
| ३ | सांघाई कम्पोजिट इण्डेक्स (SCI) | चीन | १०० | ३,५४३.९४ | ३,२०२.१४ | ३,११९.८८ | २८४२.२१ | -८.९० |
| ४ | सिंगापुर टाईम इण्डेक्स (STI) | सिंगापुर | ४२ | ३,०५५.०५ | ३,२२१.६७ | ३,२३३.३० | ३४४२.९३ | ६.४८ |
| ५ | निक्की २२५ (Nikkei 225) | जापान | - | २८,०८९.५४ | २८,०९१.५३ | ३२,६१९.३४ | ३८६४७.७५ | १८.४८ |
| ६ | एस एण्ड पि एएसएक्स २०० (S&P ASX 200) | अष्ट्रेलिया | - | ७,५३४.९० | ६,९८६.८० | ७,३०५.३० | ८०९१.९० | १०.७७ |
| ७ | डयाक्स पर्फमेन्स (DAX Performance) | जर्मनी | १,००० | १५,८३५.०९ | १२,८३४.९६ | १५,९४७.०८ | १८९०६.९२ | १८.५६ |
| ८ | ह्यांगसेंग (HangSeng) | हङकंग | १०० | २५,८७८.९९ | १९,९५४.३९ | १८,३८२.०६ | १७९८९.०७ | -२.१४ |
| ९ | एस एण्ड पि विएसई सेन्सेक्स (S& P BSE Sensex) | भारत | १,००० | ५७,५५२.३९ | ५९,५३७.०७ | ६४,८३१.४१ | ८२३६५.७७ | २७.०५ |
| १० | निफ्टी ५० (Nifty 50) | भारत | १,००० | १७,१३२.२० | १७,७५९.३० | १९२५३.८ | २५२३५.९० | ३१.०७ |
| ११ | न्युर्योक कम्पोजिट इण्डेक्स (NYSE Composite Index) | अमेरिका | ५,००० | १६,८०६.४४ | १४,८०१.२४ | १६,०००.३७ | १९२९२.२३ | २०.५७ |

*स्रोतः सम्बन्धित एक्सचेञ्जका बेबसाइटहरु*

**ख) सार्क क्षेत्रको धितोपत्र बजारको अवस्थाः** सन् २०२३ मा सार्क क्षेत्रको धितोपत्र बजार सूचकांकको अवस्था तालिका २.३ मा प्रस्तुत गरिएको छ।

**तालिका २.३**
**सन् २०२३ मा सार्क क्षेत्रको धितोपत्र बजारको अवस्था**

| क्र.सं. | सूचक | एकाइ | नेपाल | भारत | भुटान | पाकिस्तान | बंगलादेश | श्रीलंका | माल्दिभ्स |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक निष्काशन | अमेरिकी डलर (दश लाखमा) | १५१.३० | ९८,८२६.०० | १६.९८ | ३२.०६ | | | |
| २ | सूचीकृत कम्पनी | संख्या | २६० | ७६९१ | १८ | ५२४ | | २९० | ९ |
| ३ | स्टक एक्सचेञ्ज | संख्या | १ | ३ | १ | १ | २ | १ | १ |
| ४ | बार्षिक कारोबार रकम | अमेरिकी डलर (दश लाखमा) | ५,४६२.३० | २५,८४७,४१५.५ | ९.२८ | | | १,४००.८९ | २०.१७ |
| ५ | कारोबार दिन | संख्या | २२९ | १६३ | | १८९ | | २४२ | १९२ |
| ६ | औषत कारोबार रकम | अमेरिकी डलर (दश लाखमा) | २३.९० | १५८,५७३.१० | | | | ५.७९ | ०.११ |
| ७ | बजार पुँजीकरण | अमेरिकी डलर (दश लाखमा) | २६,४२१.४ | ४६,०२४,१४३.० | ७१५.८६ | २२,९०५.९ | | १४,४९५.५ | २,१२२.२५ |
| ८ | कारोबार/बजार पुँजीकरण | प्रतिशत | २०.६७ | ५६.१६ | १.३० | | | ९.६६ | ०.९५ |
| ९ | बजार पुँजीकरण/कुल ग्राहस्थ उत्पादन | प्रतिशत | ६२.२९ | १३१.७ | ६.५ | ७.५९ | | १५.४ | ३२.३ |
| १० | विनिमय दर | एक अमेरिकी डलर बराबर | १३४.५ | ८४.०८ | ८४.०८ | २७८.०७ | ११९.६७ | २९३.१२ | १५.४२ |

*स्रोत: सम्बन्धित् स्टक एक्सचेञ्ज तथा नियामक निकायको बार्षिक प्रतिवेदन*

## २.२ नेपालको धितोपत्र बजार

आर्थिक वर्ष २०८०।८१ को अवधिमा मुलुकको आर्थिक क्रियाकलापमा आएको संकुचनको प्रभाव धितोपत्र बजारमा समेत देखा पऱ्यो । केन्द्रीय बैंकले अघिल्लो आर्थिक बर्षदेखि नै सेयरधितो कर्जामा गरेको कडाइ समीक्षा बर्षमा समेत कायम रहँदा, मुद्रा बजारमा तरलताको अवस्था सहज हुँदा र व्याजदरमा कमी आँउदा समेत सोको पुँजी बजारमा उल्लेख्य सकारात्मक प्रभाव देखा पर्न सकेन । राजनैतिक अस्थिरता, निजी क्षेत्रबाट माग हुने कर्जा रकममा कमी, प्राकृतिक विपत्ती लगायतको असर समेत धितोपत्रको दोस्रो बजार कारोबारमा देखियो । सरकारले आ.व. २०८१।८२ को आर्थिक तथा मौद्रिक नीति मार्फत लिएको लचकताका कारण, बर्षको अन्तिम त्रैमासमा धितोपत्रको दोस्रो बजारका गतिविधिहरुमा उल्लेख्य वृद्धि भई धितोपत्र दोस्रो बजारका अधिकांश सूचकहरु बर्षान्तमा सकरात्मक रहे । यद्यपी बोर्डको नेतृत्व लामो समयसम्म रिक्त रहँदा प्राथमिक बजारमा धितोपत्रको दर्ता निष्काशनको संख्यामा भने उल्लेख्य कमी आएको छ ।

विगत तीन आर्थिक वर्षको धितोपत्र बजारको संक्षिप्त झलक तालिका-२.४ मा प्रस्तुत गरिएको छ।

**तालिका २.४**
**धितोपत्र बजारको संक्षिप्त झलक**

| क्र.सं. | विवरण | आर्थिक बर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ |
| १ | कुल सार्वजनिक निष्काशन संख्या | ५६ | ७८ | २७ | ३९.३ | -६५.४ |
| २ | कुल सार्वजनिक निष्काशन रकम (रु. अर्बमा) | ५०.०९ | ८५.५५ | ६२.९२ | ७०.८ | -२६.५ |
| ३ | धितोपत्र बजार मार्फत् कुल पुँजी परिचालन (बोनस सेयरसहित) | १११.८८ | १२४.९८ | ८३.४८ | ११.७ | -३३.२ |
| ४ | सूचीकृत कम्पनीको संख्या | २३४ | २५४ | २७० | ८.५ | ६.३ |
| ५ | सूचीकत धितोपत्रको चुक्ता पुँजी (रु अर्बमा) | ६६७.७५ | ७२८.९५ | ८२५.०५ | ९.२ | १३.२ |
| ६ | वार्षिक कारोबार रकम (रु अर्बमा) | १२०२.१ | ४६७.१२ | ७३४.६८ | -६१.१ | ५७.३ |
| ७ | कारोबार दिन | २३९ | २३६ | २२९ | -१.३ | -३.० |
| ८ | धितोपत्र बजार पुँजीकरण (रु. अर्बमा) | २८६९.३ | ३०८२.५ | ३५५३.७ | ७.४ | १५.३ |
| ९ | फ्लोट बजार पुँजीकरण (रु. अर्बमा) | १०३१.३ | १०८८.७ | १२१५.४ | ५.६ | ११.६ |
| १० | नेप्से सूचकांक (विन्दु) | २००९.५ | २०९७.१ | २२४०.४ | ४.४ | ६.८ |
| ११ | नेप्से फ्लोट सूचकांक (विन्दु) | १३९.३७ | १४४.९७ | १५२.६२ | ४.० | ५.३ |

*स्रोतः नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लि.*

आ.व. २०८०।८१ मा लगानीकर्ताको सहभागिताको अवस्था, धितोपत्रको प्राथमिक तथा दोस्रो बजारको अवस्थाको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

### २.२.१ धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था

समीक्षा वर्षमा पनि धितोपत्र बजारमा लगानीकर्ताको सहभागितामा वृद्धि भएको छ। २०८० असार मसान्तसम्ममा डिम्याट खाता (हितग्राही खाता) को संख्या ५८ लाख २१ हजार रहेकोमा २०८१ असार मसान्तको अन्त्यसम्ममा करिब ९.८ प्रतिशतले वृद्धि भई ६३ लाख ९५ हजार पुगेको छ, जुन कुल जनसंख्याको करिब २१.९ प्रतिशत हो। यसैगरी २०८० असारको अन्त्यसम्म करिब ४८ लाख २६ हजार मेरो सेयर खाताको संख्या रहेकोमा समीक्षा वर्षमा समेत करिब ११.२ प्रतिशतले वृद्धि भई ५३ लाख ६९ हजार पुगेको छ।

समीक्षा वर्षमा धितोपत्रको दोस्रो बजारमा कारोबार गर्न आवश्यक कारोबार खाता (TMS - Account) को संख्यामा वृद्धि भएको छ। २०८० असारको अन्त्यसम्ममा धितोपत्रको दोस्रो बजारमा अनलाइन कारोबारका लागि करिब १७ लाख ६३ हजार भन्दा बढीले युजर आई डि लिएकोमा समीक्षा वर्षमा उक्त संख्या करिब २८.१ प्रतिशतले वृद्धि भई २२ लाख ५८ हजार पुगेका छन्। यसैगरी धितोपत्रको दोस्रो बजारका कुल लगानीकर्ताको संख्या २०८० असार मसान्तसम्म ३२ लाख ८३ हजार ९०६ रहेकोमा २०८१ असार मसान्तमा १५.२ प्रतिशतले वृद्धि भई ३७ लाख ८२ हजार पुगेको छ। यसमध्ये करिब २१ लाख लगानीकर्ताहरू मात्र धितोपत्रको दोस्रो बजार कारोबारमा सक्रिय रहेको देखिन्छ।

विगत तीन वर्षमा धितोपत्र बजारमा सर्वसाधारणको सहभागिताको स्थितिलाई तालिका २.५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.५**
**धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था**

| क्र.स. | विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|
| १ | डिम्याट खाताको संख्या (लाखमा) | ५३.४६ | ५८.२१ | ६३.९५ |
| २ | मेरो सेयर प्रयोगकर्ताको संख्या (लाखमा) | ४३.९५ | ४८.२६ | ५३.६९ |
| ३ | प्राथमिक निष्काशनमा सहभागी लगानीकर्ता (अधिकतम) | २,७०९,८५५ | १,९८०,९७० | १,५६४,५६४ |
| ४ | दोस्रो बजारको कुल लगानीकर्ता (लाखमा) | २९.९८ | ३२.८३ | ३७.८२ |
| ५ | अनलाइन लगानीकर्ता (लाखमा) | १४.८६ | १७.६३ | २२.५८ |
| ६ | सक्रिय लगानीकर्ता (लाखमा) | १०.३७ | १६.४४ | २१.१६ |

*स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि. र सिडिएससि एण्ड क्लियरिङ्ग लि.*

डिम्याट खाताको आधारमा लगानीकर्ताको सहभागिताको स्थितिलाई हेर्दा आ.व. २०८०।८१ को अन्तमा सबैभन्दा बढी (३७.१ प्रतिशत) लगानीकर्ता बाग्मती प्रदेशमा र सबैभन्दा कम (२.४ प्रतिशत) कर्णाली प्रदेशमा रहेको देखिन्छ। कर्णाली प्रदेशमा १ लाख ५६ हजार डिम्याट खाता रहेकोमा बाग्मती प्रदेशमा २३ लाख ७४ हजार भन्दा बढी डिम्याट खाता रहेको छ। प्रदेशगत रुपमा डिम्याट खाता भएका सर्वसाधारणको विवरणलाई चार्ट २.१ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.१ - प्रदेशगत रूपमा डिम्याट खाता संख्या**




चार्ट २.२ मा प्रदेशको जनसंख्यासंग निरपेक्ष रही कुल डिम्याट खाताको संख्यालाई प्रतिशतमा व्यक्त गरी पाई चार्टमा प्रस्तुत गरिएको छ। बागमती प्रदेशमा सबैभन्दा बढी ३७.१ प्रतिशत डिम्याट खाता रहको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा २.४ प्रतिशत रहेको छ।




साथै प्रदेशको कुल जनसंख्याका आधारमा उक्त प्रदेशमा रहेको डिम्याट खाताको अनुपातलाई प्रतिशतमा व्यक्त गरी चार्ट २.३ मा प्रस्तुत गरिएको छ। कर्णाली प्रदेशमा उक्त प्रदेशको कुल जनसंख्याको ९.२ प्रतिशत जनसंख्याको मात्रै डिम्याट खाता रहेकोमा बागमती प्रदेशमा कुल जनसंख्याको ३८.८ प्रतिशत जनसंख्याको डिम्याट खाता रहेको छ। देशको कुल जनसंख्याको आधारमा डिम्याट खाताको अनुपात २१ प्रतिशतलाई राष्ट्रिय औसतको रुपमा सिधा रेखामा देखाइएको छ। कोशी, बागमती र गण्डकी प्रदेशमा, प्रदेशको कुल जनसंख्याको आधारमा डिम्याट खाताको अनुपात राष्ट्रिय औसत भन्दा बढी रहेको छ भने अन्य प्रदेशमा त्यस्तो अनुपात राष्ट्रिय औसत भन्दा कम रहेको छ।



यस्तै लिगंको आधारमा सर्वसाधारणको जनसांख्यिक स्थिति हेर्दा आ.व. २०८०।८१ मा कुल डिम्याट खातामा पुरुषको उपस्थिति ५७.५ प्रतिशत, महिलाको ४२.४ प्रतिशत रहेको छ भने बाँकीमा अन्य र संस्थागत लगानीकर्ता रहेको देखिन्छ। लिगंको आधारमा सर्वसाधारणको सहभागिता अवस्थालाई चार्ट २.४ मा प्रस्तुत गरिएको छ।

चार्ट २.४ - लिङ्गका आधारमा डिम्याट खाताको अवस्था




## २.२.२ प्राथमिक बजार

समीक्षा वर्षमा संगठित संस्थाहरुले प्राथमिक बजारमार्फत पुँजी परिचालनका लागि साधारण सेयरको प्रारम्भिक सार्वजनिक निष्काशन, हकप्रद निष्काशन, थप निष्काशन, ऋणपत्र निष्काशन तथा सामूहिक लगानी कोषको योजना निष्काशन गरेका छन्। समीक्षा वर्षमा प्राथमिक निष्काशन, ऋणपत्र निष्काशन, सामूहिक लगानी कोष निष्काशन तथा बोनस सेयर निष्काशनमा कमी आएको छ।

आ.व. २०८०।८१ को अवधिमा साधारण सेयरको प्राथमिक निष्काशन मार्फत् सात संगठित संस्थाहरुको २७.१ करोड धितोपत्र मार्फत रु. १२ अर्ब ९४ करोड सर्बसाधारण र रु २२ अर्ब ५६ करोड प्रमोटर गरी रु. ३५ अर्ब ५१ करोड, हकप्रद सेयर निष्काशन मार्फत् सात संगठित संस्थाहरुको रु. ७ अर्ब ६४ करोड, थप निष्काशन मार्फत् तीन संगठित संस्थाहरुको रु. ३.४९ करोडको, ऋणपत्र निष्काशन तर्फ चार कम्पनीको रु. १५ अर्ब ४ करोडको, सामूहिक लगानी कोष तर्फ छ वटा योजनाको रु. ४ अर्ब ७० करोड गरी कुल रु. ६२ अर्ब ९२ करोड बराबरको पुँजी परिचालन भएको छ, जुन गत वर्षको तुलनामा ३५.६ प्रतिशतले कम हो। समीक्षा बर्षमा निष्काशन अनुमति संख्या तर्फ पनि अघिल्लो आ.व.को तुलनामा ६७.५ प्रतिशतले गिरावट आएको छ। विगत तीन आर्थिक वर्षको प्राथमिक बजारको अवस्था तालिका - २.६ तथा चार्ट - २.५ मा प्रस्तुत गरिएको छ।

## तालिका २.६
## धितोपत्रको प्राथमिक बजारको अवस्था (वार्षिक तथ्याङ्कमा आधारित)
(रकम रू करोडमा)

| आर्थिक बर्ष | प्राथमिक निष्काशन | | हकप्रद निष्काशन | | थप निष्काशन | | ऋणपत्र निष्काशन | | सामूहिक लगानी कोष निष्काशन | | विशिष्टीकृत लगानी कोष निष्काशन | | बार्षिक जम्मा (बोनस शेयर बाहेक) | | बोनस शेयर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २०७६/७७ | ९ | ३९९.४८ | ११ | ४४१.०२ | ० | ० | १२ | २३४५ | २ | १८० | ० | ० | ३४ | ३३६५.५० | ९९ | ३३६७.९ |
| २०७७/७८ | २२ | १५१८.६ | ७ | १४०५ | ० | ० | २३ | ६९६० | ९ | ९९० | ० | ० | ६१ | १०८७३.६१ | १३४ | ४६१७.८ |
| २०७८/७९ | २८ | ७२०.३६ | ११ | ४७८.७१ | ० | ० | १० | ३१२० | ७ | ७४४.५ | ० | ० | ५६ | ५०६३.५७ | १४५ | ६१७९ |
| २०७९/८० | ४२ | २२३७.९ | ८* | १७६३.६ | १ | ३.७९ | १२ | ३१०० | १६ | १६१५ | ४ | १०५० | ८३ | ९७७०.२२ | १२२ | ३९४२.९ |
| २०८०/८१ | ७ | ३५५१.०१ | ७ | ७६४.४८ | ३ | ३.४९ | ४ | १५०४ | ६ | ४७० | १२ | २००० | २७ | ६२९२.९८ | ५७ | २०५४.७ |

## धितोपत्रको प्राथमिक बजारको अवस्था
## परिवर्तन प्रतिशत (वार्षिक तथ्याङ्कमा आधारित)

| आर्थिक बर्ष | प्राथमिक निष्काशन | | हकप्रद निष्काशन | | थप निष्काशन | | ऋणपत्र निष्काशन | | सामूहिक लगानी कोष निष्काशन | | विशिष्टीकृत लगानी कोष निष्काशन | | बार्षिक जम्मा (बोनस शेयर बाहेक) | | बोनस शेयर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २०७७/७८ | १४४.४ | २८०.२ | -३६.४ | २१८.६ | | | ९१.७ | १९६.८ | ३५०.० | ४५०.० | | | ७९.४ | २२३.१ | ३५.४ | ३७.१ |
| २०७८/७९ | २७.३ | -५२.६ | ५७.१ | -६५.९ | | | -५६.५ | -५५.२ | -२२.२ | -२४.८ | | | -८.२ | -५३.४ | ८.२ | ३३.८ |
| २०७९/८० | ५०.० | २१०.७ | -२७.३ | २६८.४ | | | २०.० | -०.६ | १२८.६ | ११६.९ | | | ४८.२ | ९३.० | -१५.९ | -३६.२ |
| २०८०/८१ | -७८.६ | ५८.७ | -१२.५ | -५६.७ | २००.० | -७.९ | -६६.७ | -५१.५ | -६२.५ | -७०.९ | २००.० | ९०.५ | -६७.५ | -३५.६ | -५३.३ | -४७.९ |

*गत आ.व.को बार्षिक प्रतिवेदनमा भएको तथ्याङ्कको त्रुटिलाई सच्याइएको ।

**स्रोत: नेपाल धितोपत्र बोर्ड**




विगत तीन आर्थिक वर्षमा धितोपत्रको प्राथमिक बजारबाट पुँजी परिचालन गर्ने संगठित संस्थाको (संख्याका आधारमा) चार्ट २.६ मा प्रस्तुत गरिएको छ।




## क) धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २७ को उपदफा (१) मा संगठित संस्थाले आफूले निष्काशन गर्ने धितोपत्र निष्काशन गर्नु अघि बोर्डमा दर्ता गराउनुपर्ने व्यवस्था भए अनुसार समीक्षा वर्षमा साधारण सेयरको प्राथमिक निष्काशन, हकप्रद निष्काशन, ऋणपत्र निष्काशन, थप निष्काशन र सामूहिक लगानी योजना गरी कुल २७ संगठित संस्थाले कुल रु. ६२ अर्ब ९२ करोड बराबरको धितोपत्र

सार्वजनिक निष्काशन गर्न अनुमति प्रदान गरिएको छ। गत आ.व. मा कुल ७८ संगठित संस्थाले कुल रु. ८७ अर्ब २० करोड बराबरको धितोपत्रको सार्वजनिक निष्काशन गर्न अनुमति पाएका थिए।

समीक्षा वर्षमा धितोपत्र दर्ता गराउने संगठित संस्थाको संख्यामा करिब ६२.८ प्रतिशत र सार्वजनिक निष्काशन अनुमति प्राप्त रकममा २६.४ प्रतिशतले ह्रास आएको छ। सार्वजनिक निष्काशन अनुमति प्राप्त रकम तर्फ धितोपत्रमा साधारण सेयर निष्काशनको ५८.७ प्रतिशतको वृद्धि रहेको छ भने हकप्रद निष्काशनको ५२.२ प्रतिशत, ऋणपत्रको ५१.५ प्रतिशत, सामूहिक लगानी योजनाको ७०.९ प्रतिशत र थप निष्काशन तर्फ ७.९ प्रतिशत ह्रास आएको छ।

कुल सार्वजनिक निष्काशन रकममा साधारण सेयर निष्काशनको ५६.४ प्रतिशत, हकप्रद निष्काशनको १२.१ प्रतिशत, ऋणपत्रको २३.९ सामूहिक लगानी योजनाको ७.५ प्रतिशत र थप निष्काशन तर्फ ०.१ प्रतिशत हिस्सा रहेको छ।

## ख) सार्वजनिक निष्काशन

समीक्षा वर्षमा साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् रु. ३५ अर्ब ५१ करोड, हकप्रद सेयर निष्काशनमार्फत् रु. ७ अर्ब ६४ करोड, ऋणपत्र निष्काशनतर्फ रु. १५ अर्ब ४ करोड, सामूहिक लगानी कोषतर्फ रु. ४ अर्ब ७० करोड र थप निष्काशनतर्फ रु. ३ करोड ४९ लाख गरी कुल रु. ६२ अर्ब ९२ करोड बराबरको पुँजी परिचालन भएको छ जुन गत वर्षको तुलनामा २६.४ प्रतिशतले ह्रास आएको छ। गत आ.व. मा बोर्डले साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् रु.२२ अर्ब ३७ करोड, हकप्रद सेयर निष्काशनमार्फत् रु.१७ अर्ब ६३ करोड, ऋणपत्र निष्काशनतर्फ रु.३१ अर्ब र सामूहिक लगानी कोषतर्फ रु.१६ अर्ब १५ करोड, थप निष्काशन तर्फ रु ३ करोड ७९ लाख गरी कुल रु. ९७ अर्ब ७० करोड बराबरको पुँजी परिचालन गर्न अनुमति प्रदान गरेको थियो।

विगत १० वर्षको सावर्जनिक निष्काशन अनुमति सम्बन्धी विवरण चार्ट २.७ मा प्रस्तुत गरिएको छ।

**तालिका २.७**
**धितोपत्र दर्ता, सार्वजनिक निष्काशन अनुमति तथा बोनस शेयर दर्ता**

| आर्थिक बर्ष | धितोपत्र दर्ता (रु अर्बमा) | सार्वजनिक निष्काशन अनुमति रकम (रु अर्बमा) | बोनस शेयर दर्ता |
|---|---|---|---|
| २०७१/७२ | २०.१५ | १४.४३ | १६.३२ |
| २०७२/७३ | २९.७२ | १८.९९ | २१.०६ |
| २०७३/७४ | ६२.६३ | ५९.३९ | ३४.८ |
| २०७४/७५ | ६३.४२ | ५३.३ | ३३.०९ |
| २०७५/७६ | ६१.६५ | ४९.७६ | २६.७ |
| २०७६/७७ | ४७.६ | ३३.६५ | ३३.६८ |
| २०७७/७८ | १४२.८५ | १०८.७४ | ४६.२१ |
| २०७८/७९ | ६६.९१ | ५०.६३ | ६१.७९ |
| २०७९/८० | १२३.३३ | ९७.७० | ३९.४३ |
| २०८०/८१ | ५४.४२ | ६२.९२ | २०.५४ |

*स्रोत: नेपाल धितोपत्र बोर्ड*

## ग) प्राथमिक बजारमार्फत क्षेत्रगत पुँजी परिचालन

प्राथमिक बजारमार्फत भएको पुँजी परिचालनलाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा बोर्डले तीन उत्पादनमूलक कम्पनी, एक जलविद्युत कम्पनी, तीन अन्य कम्पनी र छ सामूहिक लगानी योजनाका स्किमलाई धितोपत्रको सार्वजनिक निष्काशन गर्ने अनुमति प्रदान गरेको छ।

बोर्डले गत आ.व.मा चार बीमा कम्पनी, चार लघुवित्त कम्पनी, २९ जलविद्युत, एक लगानी कम्पनी, एक उत्पादनमूलक कम्पनी, एक होटल, १६ सामूहिक लगानी योजना र दुई अन्य कम्पनीलाई धितोपत्रको सार्वजनिक निष्काशन गर्ने अनुमति प्रदान गरिएको थियो। समीक्षा बर्षमा छ जलविद्युत कम्पनी र एक विकास बैंकलाई हकप्रद निष्काशनको स्वीकृति प्रदान गरिएको छ भने चार बैंकका ऋणपत्र र तीन लघुवित्तका थप निष्काशन समेत स्वीकृत गरिएको छ।

विगत तीन आर्थिक वर्षमा धितोपत्रको प्राथमिक बजारमा विभिन्न विधिमार्फत् भएको क्षेत्रगत पुँजी परिचालन तालिका २.७ मा प्रस्तुत गरिएको छ।

**तालिका २.८**
**प्राथमिक बजारमा क्षेत्रगत पुँजी परिचालन**
(रकम रु अर्बमा)

| क्र.स. | विवरण | आर्थिक बर्ष | | | | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८०/८१ | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | **प्राथमिक निष्काशन** | | | | | | | | |
| | बीमा कम्पनी | ० | ० | ४ | १०.६४ | ० | ० | | |
| | लघुवित्त कम्पनी | ८ | ०.४२ | ४ | ०.०८ | ० | ० | -१००.० | -१००.० |
| | जलविद्युत् | १९ | ६.७३ | २९ | ७.३४ | १ | १.९१ | -९६.६ | -७४.० |
| | उत्पादनमूलक कम्पनी | ० | ० | १ | ३.४५ | ३ | ९.६४ | २००.० | १७९.४ |
| | लगानी कम्पनी | १ | ०.०६ | १ | ०.१५ | ० | ० | -१००.० | -१००.० |
| | होटल तथा पर्यटन | ० | ० | १ | ०.१६ | ० | ० | -१००.० | -१००.० |
| | अन्य | ० | ० | २ | ०.५५ | ३ | ११.३९ | ५०.० | १९७०.९ |
| | सामूहिक लगानी कोष | ७ | ७.४४ | १६ | १६.१५ | ६ | ४.७ | -६२.५ | -७०.९ |
| २ | **हकप्रद निष्काशन** | | | | | | | | |
| | लगानी कम्पनी | ० | ० | ० | ० | ० | ० | | |
| | विकास बैंक | ३ | ०.६७ | ० | ० | १ | ०.२६ | | |
| | वित्त कम्पनी | २ | ०.६२ | १ | ०.१५ | ० | ० | -१००.० | -१००.० |
| | लघुवित्त कम्पनी | ० | ० | ० | ० | ० | ० | | |
| | जलविद्युत् | ४ | २.५१ | ७ | १७.४९ | ६ | ७.३८ | -१४.३ | -५७.८ |
| | बीमा कम्पनी | २ | ०.९९ | ० | ० | ० | ० | | |
| ३ | **ऋणपत्र** | | | | | | | | |
| | बैंक | ९ | ३०.२ | ९ | २४ | ४ | १४.०४ | -५५.६ | -४१.५ |
| | विकास बैंक | १ | १ | २ | २ | ० | ० | -१००.० | -१००.० |
| | वित्त कम्पनी | ० | ० | ० | ० | ० | ० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लगानी कम्पनी | ० | ० | १ | ५ | ० | ० | -१००.० | -१००.० |
| ४ | **थप निष्काशन** | | | | | | | | |
| | लघुवित्त कम्पनी | ० | ० | १ | ०.०३७ | ३ | ०.०३४ | २००.० | -८.१ |

*स्रोत: नेपाल धितोपत्र बोर्ड*

## घ) साधारण सेयर निष्काशन

बोर्डले समीक्षा वर्षमा कुल सात वटा कम्पनीलाई रु. ३५ अर्ब ५१ करोड रकम बराबरको साधारण सेयर निष्काशन अनुमति प्रदान गरेको छ। गत आ.व. मा कुल ४२ कम्पनीलाई रु. २२ अर्ब ३७ करोड रकम बराबरको साधारण सेयर निष्काशन अनुमति प्रदान गरेको थियो। समीक्षा वर्षमा साधारण सेयर निष्काशन गर्ने संगठित संस्थाको संख्यामा ७८.६ प्रतिशतले कमी आएको छ भने निष्काशन रकममा ५८.७ प्रतिशतले वृद्धि भएको छ।

आ.व. २०८०।८१ मा भएको साधारण सेयर दर्ता तथा विवरणपत्र स्वीकृति सम्बन्धी विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ। साथै विगत १० वर्षको साधारण सेयर निष्काशन अनुमति चार्ट २.७ मा प्रस्तुत गरिएको छ।



चार्ट २.७ - साधारण शेयर निष्काशन अनुमति

## ङ) हकप्रद सेयर दर्ता तथा निष्काशन

समीक्षा वर्ष हकप्रद सेयर निष्काशनतर्फ सात कम्पनीहरुलाई रु. ७ अर्ब ६४ करोड बराबरको हकप्रद सेयर निष्काशन अनुमति प्रदान गरिएको छ। गत वर्षको तुलनामा हकप्रद निष्काशन गर्ने कम्पनीको संख्या स्थिर रहेता पनि निष्काशन रकममा भने उल्लेख्य कमी आएको छ। गत आ.व. मा बोर्डबाट आठ सूचीकृत संगठित संस्थाहरुलाई कुल रु. १७ अर्ब ६३ करोड बराबरको हकप्रद सेयर निष्काशन अनुमति प्रदान गरिएको थियो। समीक्षा वर्षमा छ जलविद्युत्त कम्पनी र एक विकास बैंकले हकप्रद सेयर निष्काशनका लागि बोर्डबाट अनुमति पाएका छन्।

आ.व. २०८०।८१ मा भएको हकप्रद सेयरको दर्ता तथा निष्काशन अनुसूची-२ मा प्रस्तुत गरिएको छ। विगत १० वर्षको हकप्रद सेयर निष्काशन अनुमति सम्बन्धी विवरण चार्ट २.८ मा प्रस्तुत गरिएको छ।




## च) ऋणपत्र दर्ता तथा निष्काशन

सूचीकृत कम्पनीले दीर्घकालीन ऋण पुँजी संकलन गर्नका लागि सर्वसाधारणलाई ऋणपत्र निष्काशन गर्ने क्रममा समीक्षा वर्षमा चार वाणिज्य बैंकलाई कुल रु. १५ अर्ब ४ करोड बराबरको ऋणपत्र निष्काशनका लागि अनुमति प्रदान गरिएको छ। गत आ.व. मा १२ संगठित संस्थालाई कुल रु. ३१ अर्ब बराबरको ऋणपत्र निष्काशनका लागि अनुमति प्रदान गरिएको थियो । समीक्षा बर्षमा ऋणपत्र निष्काशन गर्ने संगठित संस्थाको संख्यामा ६६.७ प्रतिशतले र ऋणपत्र मार्फतको पुँजी परिचालनको रकममा ५१.५ प्रतिशतले गिरावट आएको छ।

समीक्षा वर्षमा ऋणपत्र निष्काशनको अवस्थालाई अनुसूची-३ तथा विगतका वर्षहरुमा ऋणपत्र निष्काशनको अवस्थालाई चार्ट २.९ मा प्रस्तुत गरिएको छ।



## छ) बोनस सेयर दर्ता तथा निष्काशन

समीक्षा वर्षमा कुल ५७ सूचीकृत संगठित संस्थाको रु. २० अर्ब ५४ करोड मूल्य बराबरको बोनस सेयर बोर्डमा दर्ता गरिएको छ। यस्तो निष्काशन गत आ.व. मा कुल १२२ सूचीकृत संगठित संस्थाको रु.३९ अर्ब ४२ करोड मूल्य बराबरको थियो।

आ.व. २०८०।८१ मा भएको बोनस सेयरको दर्ता सम्बन्धी विवरण अनुसूची-४ मा प्रस्तुत गरिएको छ। विगत १० बर्षको बोनस सेयर दर्ताको अवस्था चार्ट २.१० मा प्रस्तुत गरिएको छ।

**चार्ट २.१० - बोनस शेयर दर्ता तथा निष्काशन**




## ज) सामूहिक लगानी योजना दर्ता तथा निष्काशन

समीक्षा वर्षमा सामूहिक लगानी योजना दर्ता तर्फ कुल छ योजनाको रु. ४ अर्ब ७० करोड बराबरको सामूहिक लगानी योजना बोर्डमा दर्ता भएका छन्। जसमध्ये चार खुलामुखी योजनाका थप एकाइको स्वीकृत भएका छन् भने दुइ नयाँ बन्दमुखी योजनाहरु रहेका छन्। अघिल्लो आ.व. मा १६ योजनाका रु. १६ अर्ब १५ करोड बराबरको सामूहिक लगानी योजना बोर्डमा दर्ता भएका थिए। अघिल्लो आ.वा.को तुलनामा समीक्षा बर्षमा संख्यात्मक रुपमा सामूहिक लगानी कोषमा ६२.५ प्रतिशतले र रकम तर्फ ७०.९ प्रतिशतले गिरावट आएको छ।

आ.व. २०८०।८१ मा भएको सामूहिक लगानी योजना दर्ता तथा निष्काशन अनुमति सम्बन्धी विवरण अनुसूचि-५ र विगत १० बर्षको सामूहिक लगानी कोष निष्काशनको अवस्थालाई चार्ट २.११ मा प्रस्तुत गरिएको छ।

चार्ट २.११ - सामूहिक लगानी कोष योजना दर्ता तथा निष्काशन




## झ) विशिष्टीकृत लगानी कोष दर्ता तथा निष्काशन

आ.व. २०७९।८० बाट नेपालको धितोपत्र बजारको एक नयाँ उपकरणका रुपमा विशिष्टीकृत लगानी कोष शुरु भएको छ। उक्त आ.व.मा बोर्डले १२ वटा विशिष्टीकृत लगानी कोष व्यवस्थापकलाई अनुमति प्रदान गरी सोमध्येबाट चारवटा योजनाको रु १० अर्ब ५० करोड बराबरको कोष बोर्डमा दर्ता भई निष्काशन भएको थियो। समीक्षा बर्षमा सम्म विशिष्टीकृत लगानी कोष अन्तर्गतका चार योजनाको रु २० अर्ब बराबरको कोष बोर्डमा दर्ता भई निष्काशन भएको छ।

## २.२.३ धितोपत्रको दोस्रो बजार

समीक्षा वर्षमा धितोपत्रको दोस्रो बजारमा धितोपत्रको कारोबार संख्या, कारोबार रकम र कारोबार भएको सेयर संख्यामा उल्लेख्य वृद्धि भएको छ। बजार पुँजीकरण तथा नेप्से सूचकांकमा समेत वृद्धि भएको छ। समीक्षा अवधिमा नेप्से परिसूचक सबैभन्दा उच्च विन्दु २२५७.६ र सबैभन्दा न्यून विन्दु १८२६.२४ पुगेको थियो । साथै, समीक्षा वर्षमा सूचीकृत कम्पनीको संख्या, सूचीकृत धितोपत्रको संख्या र चुक्ता पुँजीमा समेत बृद्धि देखिएको छ । विगत तीन आर्थिक वर्षको धितोपत्र बजारको तुलना गर्दा भने बजार सकारात्मक दिशामा रहेको देखिन्छ।

विगत पाँच आर्थिक वर्षको धितोपत्रको दोस्रो बजार तालिका-२.९(क) र सो मा आएको परिवर्तन प्रतिशतलाई तालिका -२.९(ख) मा प्रस्तुत गरिएको छ।

## तालिका २.९ (क)
## धितोपत्रको दोस्रो बजारको अवस्था
(बार्षिक तथ्याङ्कमा आधारित)

| विवरण | एकाइ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|
| सूचीकृत कम्पनी संख्या | संख्या | २१२ | २१९ | २३४ | २५४ | २७० |
| सूचीकृत धितोपत्रको संख्या | करोड | ४८२.७६ | ५८२.६ | ६७७.१२ | ७३८.७ | ८३२.२५ |
| सूचीकृत धितोपत्रको चुक्ता मुल्य | रकम रू करोड | ४७३३८.९६ | ५७३२३.६२ | ६६७७५.४ | ७२८९५.२७ | ८२५०४.८५ |
| बार्षिक कारोबार | रकम रू करोड | १५००३.९५ | १४५४४४.४ | १२०२१०.१४ | ४६७१२.६९ | ७३४६८.४४ |
| औषत दैनिक कारोबार | रकम रू करोड | ८२.४३ | ५९१.२४ | ५०२.९७ | १९७.९३ | ३२०.८२ |
| कारोबार दिन | दिन संख्या | १८२ | २४६ | २३९ | २३६ | २२९ |
| कारोबार भएको स्क्रिप संख्या | संख्या | २६८ | ३३२ | ३६२ | ४०४ | ४३३ |
| कारोबार भएको धितोपत्र संख्या | हजार | ४२८५२२ | ३४०४५१४ | २४९२०१०.७ | १२७७१११ | २०५२१५१ |
| कारोबार संख्या | संख्या | १८४८७७३ | १५४१७६६८ | १४७१२४८३ | ८६४४७१५ | १४७९५६४५ |
| सूचीकृत धितोपत्रको बजार पुँजीकरण | रकम रू करोड | १७९२७६.३ | ४०१०९५.८ | २८६९३४.४१ | ३०८२५२ | ३५५३६७.७ |
| फ्लोट बजार पुँजीकरण | रकम रू करोड | ६३८०९.८ | १४०९३७.७ | १०३१३०.६५ | १०८८६५.१ | १२१५४३.१ |
| बजार पुँजीकरणमा कारोबारको अनुपात | प्रतिशत | ८.३७ | ३६.२६ | ४१.८९ | १५.१५ | २०.६७ |
| फ्लोट बजार पुँजीकरणमा कारोबारको अनुपात | प्रतिशत | २३.५१ | १०३.२० | ११६.५६ | ४२.९१ | ६०.४५ |
| कुल ग्राहस्थ उत्पादनमा बजार पुँजीकरणको अनुपात | प्रतिशत | ४६.१ | ९२.१५ | ५७.६६ | ५७.६३ | ६२.२९ |
| नेप्से सूचकांक | विन्दु | १३६२.३५ | २८८३.४१ | २००९.४७ | २०९७.१ | २२४०.४१ |
| नेप्से फ्लोट सूचकांक | विन्दु | ९५.४७ | २००.३४ | १३९.३७ | १४४.९७ | १५२.६२ |
| हितग्राही (डिम्याट) खाता | लाख | १७.५३ | ३८.८९ | ५३.४६ | ५८.२१ | ६३.५ |
| मेरो सेयर प्रयोगकर्ता | लाख | ७.७२ | २८.५५ | ४३.९५ | ४८.२६ | ५४.१ |
| अभौतिकृत धितोपत्र | करोड | ५०७ | ७०१.५८ | ८६८.५ | १०७६.०१ | १२६८.६ |

*स्रोत: नेपाल स्टक एक्सचेञ्ज लि.*

## तालिका २.९ (ख)
## धितोपत्रको दोस्रो बजार
परिवर्तन प्रतिशत (बार्षिक तथ्याङ्कमा आधारित)

| विवरण | एकाइ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| सूचीकृत कम्पनी संख्या | संख्या | ३.३ | ६.८ | ८.५ | ६.३ |
| सूचीकृत धितोपत्रको संख्या | करोड | २०.७ | १६.२ | ९.१ | १२.७ |
| सूचीकृत धितोपत्रको चुक्ता मुल्य | रकम रू करोड | २१.१ | १६.५ | ९.२ | १३.२ |
| बार्षिक कारोबार | रकम रू करोड | ८६९.४ | -१७.३ | -६१.१ | ५७.३ |

| | | | | | |
|---|---|---|---|---|---|
| औषत दैनिक कारोबार | रकम रू करोड | ६१७.३ | -१४.९ | -६०.६ | ६२.१ |
| कारोबार दिन | दिन संख्या | ३५.२ | -२.८ | -१.३ | -३.० |
| कारोबार भएको स्क्रिप संख्या | संख्या | २३.९ | ९.० | ११.६ | ७.२ |
| कारोबार भएको धितोपत्र संख्या | हजार | ६९४.५ | -२६.८ | -४८.८ | ६०.७ |
| कारोबार संख्या | संख्या | ७३३.९ | -४.६ | -४१.२ | ७१.२ |
| सूचीकृत धितोपत्रको बजार पुँजीकरण | रकम रू करोड | १२३.७ | -२८.५ | ७.४ | १५.३ |
| फ्लोट बजार पुँजीकरण | रकम रू करोड | १२०.९ | -२६.८ | ५.६ | ११.६ |
| बजार पुँजीकरणमा कारोबारको अनुपात | प्रतिशत | ३३३.२ | १५.५ | -६३.८ | ३६.४ |
| फ्लोट बजार पुँजीकरणमा कारोबारको अनुपात | प्रतिशत | ३३८.९ | १२.९ | -६३.२ | ४०.९ |
| कुल ग्राहस्थ उत्पादनमा बजार पुँजीकरणको अनुपात | प्रतिशत | ९९.९ | -३७.४ | -०.१ | ८.१ |
| नेप्से सूचकांक | विन्दु | १११.६ | -३०.३ | ४.४ | ६.८ |
| नेप्से फ्लोट सूचकांक | विन्दु | १०९.८ | -३०.४ | ४.० | ५.३ |
| हितग्राही (डिम्याट) खाता | लाख | १२१.८ | ३७.५ | ८.९ | ९.१ |
| मेरो सेयर प्रयोगकर्ता | लाख | २६९.८ | ५३.९ | ९.८ | १२.१ |
| अभौतिकृत धितोपत्र | करोड | ३८.४ | २३.८ | २३.९ | १७.९ |
| *स्रोतः नेपाल स्टक एक्सचेन्ज लि.* | | | | | |

## २.२.३.१ धितोपत्रको दोस्रो बजारका परिसूचकहरु

समीक्षा वर्षमा धितोपत्रको दोस्रो बजारको अवस्था तथा प्रवृत्तिको देहाय बमोजिम समीक्षा गरिएको छः-

### क) धितोपत्रको कारोबार

नेपालको धितोपत्रको दोस्रो बजारमा आ.व. २०८०।८१ मा समेत धितोपत्रको कारोबार रकम, कारोबार संख्या तथा कारोबार भएको सेयर संख्यामा अघिल्लो आ.व.को तुलनामा बढोत्तरी आएको छ। समीक्षा वर्षमा रु. ७ खर्ब ३४ अर्ब ६८ करोड ४४ लाख रुपैयाँ बराबरको धितोपत्र कारोबार भएको छ, जुन गत आ.व. को तुलनामा ५७.३ प्रतिशतले वृद्धि भएको हो। यस्तै समीक्षा वर्षमा २२९ दिन कारोबार भएबाट दैनिक औसत कारोबार रकम रु. ३ अर्ब २० करोड कायम भएको छ, जुन गत वर्षको रु. १ अर्ब ९७ करोडको तुलनामा करिब ६२ प्रतिशतले वृद्धि भएको छ। समीक्षा बर्षमा नेपाल स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीहरुको संख्यामा ६.३ प्रतिशतले वृद्धि भई २७० पुगेको छ।

धितोपत्रको दोस्रो बजारमा रहेका कम्पनीहरुको समूहगत कारोबारतर्फ हेर्दा समीक्षा वर्ष बैंकिङ बाहेक सबै क्षेत्रमा कारोबार रकमको प्रवृति सकरात्मक रही समग्रमा धितोपत्र कारोबार रकममा ६१ प्रतिशतको वृद्धि भएको छ। यस वर्ष सेयर तर्फ अन्य समूहको कारोबारमा सबैभन्दा बढी १४७.९ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै वित्त कम्पनी, उत्पादन तथा प्रशोधन, र लगानी समूहको कारोबारमा एक सय प्रतिशत भन्दा बढीको वृद्धि देखिएको छ भने समीक्षा बर्षमा बैंकिङ समूहको कारोबार सीमान्त रुपमा नकरात्मक रहेको छ। समीक्षा बर्षमा ऋणपत्रको कारोबारमा उल्लेख्य रुपमा ६६६ प्रतिशतको वृद्धि भएको छ। समीक्षा बर्षमा सामूहिक लगानी कोषको

कारोबारमा ६८.७ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आ.व.मा जस्तै यस बर्ष पनि कुल कारोबार रकममा सबैभन्दा उच्च हिस्सा जलविद्युत क्षेत्रको रहेको छ। जलविद्युत क्षेत्रको मात्रै २ खर्ब ७ अर्बका रुपैयाको बार्षिक कारोबार भएको छ। विगत तीन आर्थिक वर्षमा दोस्रो बजारमा भएको धितोपत्र कारोबार सम्बन्धी विवरण तालिका २.१० मा प्रस्तुत गरिएको छ।

**तालिका २.१०**
**धितोपत्रको दोस्रो बजारमा क्षेत्रगत कारोबारको स्थिति** (रकम रु. दश लाखमा)

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ |
| १ | वाणिज्य बैंक | २०७,४२०.९७ | ६६,८५८.२० | ६६,८४४.०७ | -६७.८ | ०.० |
| २ | विकास बैंक | १२७,०३५.९६ | ३०,०८६.९० | ४१,८०६.८९ | -७६.३ | ३९.० |
| ३ | वित्त कम्पनी | १०१,३३६.०० | ३०,६७९.७४ | ६४,०२१.०२ | -६९.७ | १०८.७ |
| ४ | लघुवित्त | ११३,६४५.९१ | ४९,४७६.५४ | ७०,५३६.३९ | -५६.५ | ४२.६ |
| ५ | जीवन बीमा | ६५,४२०.३० | ३०,१५३.९३ | ५७,१२२.५७ | -५३.९ | ८९.४ |
| ६ | निर्जीवन बीमा | ६४,१८४.१२ | २८,८६८.२४ | ३९,०८२.५१ | -५५.० | ३५.४ |
| ७ | जलविद्युत | ३५८,६७२.१६ | १३०,२३१.६७ | २०७,६८४.९२ | -६३.७ | ५९.५ |
| ८ | उत्पादन तथा प्रशोधन | ४३,४१९.४४ | ३७,०५४.६७ | ७६,७८१.९० | -१४.७ | १०७.२ |
| ९ | व्यापार | ३,७६४.६८ | २,५१५.८४ | ३,९६२.३१ | -३३.२ | ५७.५ |
| १० | होटल तथा पर्यटन | ७,५०२.०२ | १४,०२०.७५ | २२,३००.२२ | ८६.९ | ५९.१ |
| ११ | लगानी | ५६,३१४.०४ | २०,३७५.८१ | ४५,५१३.९५ | -६३.८ | १२३.४ |
| १२ | अन्य | ३४,४४४.१२ | १५,९३१.८५ | ३९,४९५.१७ | -५३.७ | १४७.९ |
| १३ | सामूहिक लगानी योजना | ७,२५७.८६ | १,१११.७३ | १,८७६.०३ | -८४.७ | ६८.७ |
| १४ | अग्राधिकार सेयर | ४.४९ | ०.२ | ०.०० | -९५.५ | -१००.० |
| १५ | संस्थापक सेयर | ११,२५८.२९ | ९,५००.११ | १५,६५७.६३ | -१५.६ | ६४.८ |
| १६ | ऋणपत्र | ४२१.०४ | २६०.७७ | १,९९८.९२ | -३८.१ | ६६६.५ |
| **जम्मा** | | **१,१४५,७८७.३६** | **४६७,१२६.९५** | **७५४,६८४.५०** | **-६१.१** | **६१.६** |

***स्रोतः नेपाल स्टक एक्सचेन्ज लि.***

चार्ट २.१२ मा धितोपत्रको दोस्रो बजारमा मासिक रुपमा भएको कारोबारको कुल रकमलाई प्रस्तुत गरिएको छ। प्रस्तुत तथ्याङ्क अनुसार समीक्षा बर्षको असार महिनामा सबैभन्दा धेरै रु १ खर्ब ६ अर्ब २५ करोडको कारोबार भएको छ भने सबैभन्दा कम रु १० अर्ब २२ करोडको कारोबार भएको छ। कार्तिक महिनामा दशैं तिहार जस्ता चाडपर्वका कारण जम्मा १२ दिन कारोबार भएको थियो। कार्तिक महिनामा दैनिक औसत कारोबार सबैभन्दा कम रु ८५ करोडको भएको थियो भने बर्ष भरीमा दैनिक औसत कारोबार पुस महिनामा सबैभन्दा बढी रु ५ अर्ब ३९ करोडको रहेको छ।

समीक्षा बर्षको प्रत्येक महिनाको दैनिक औसत कारोबार रकमलाई चार्ट २.१३ मा प्रस्तुत गरिएको छ। उक्त चार्टमा दैनिक कारोबार रकमको बर्षभरीको औसतलाई सिधा रेखामा प्रस्तुत गरिएको छ।

### चार्ट २.१२ - धितोपत्रको दोस्रो बजारमा मासिक कारोबार रकम




### चार्ट २.१३ - धितोपत्रको दैनिक औसत कारोबार रकम



विगत १० वर्षमा धितोपत्रको दोस्रो बजारमा भएको धितोपत्र बार्षिक कारोबार रकमको अवस्थालाई चार्ट २.१४ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.१४ - धितोपत्रको बार्षिक कारोबार रकम (रू अर्बमा)**




## ख) धितोपत्रको बजार पुँजीकरण

समीक्षा वर्षको अन्त्यमा धितोपत्रको बजार पुँजीकरणमा गत वर्षको तुलनामा १५.३ प्रतिशतले वृद्धि भई रु. ३५ खर्ब ५३ अर्ब ६७ करोड कायम भएको छ। जुन गत वर्ष रु. ३० खर्ब ८२ अर्ब ५२ करोड कायम रहेको थियो। त्यस्तै सहज रुपमा कारोबार योग्य धितोपत्रको आधारमा गणना गरिने फ्लोट बजार पुँजीकरणमा समेत समीक्षा वर्षमा करिब ११.६ प्रतिशतले वृद्धि भई रु. १२ खर्ब १५ अर्ब ४३ करोड कायम भएको छ, जुन गत आ.व. को अन्त्यमा रु. १० खर्ब ८८ अर्ब ६५ करोड रहेको थियो।

समीक्षा वर्ष बजार पुँजीकरणमा कुल कारोबार रकमको अनुपात २०.७ प्रतिशत रहेको छ। जुन गत वर्षको तुलनामा ३६.४ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै फ्लोट बजार पुँजीकरणमा कुल कारोबारको अनुपातमा समीक्षा वर्षमा ६०.४५ प्रतिशत रहेको छ। उक्त अनुपात गत आर्थिक वर्षमा ४२.९१ प्रतिशत रहेको थियो।

विगत १० वर्षको कुल बजार पुँजीकरण र फ्लोट बजार पुँजीकरणको अवस्थालाई चार्ट २.१५ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.१५ - धितोपत्र बजार पूँजीकरण र फ्लोट बजार पुँजीकरण**




कुल बजार पुँजीकरणमा सवैभन्दा बढी हिस्सा करिब २६.५ प्रतिशत वाणिज्य बैंकको रहेको छ, जुन गत वर्ष करिब ३०.९ प्रतिशत रहेको थियो। यस्तै सबैभन्दा कम हिस्सा (१ प्रतिशतभन्दा कम) व्यापार समूह रहेको छ। विगतमा बजार पुँजीकरणमा करिब ८० प्रतिशत हिस्सा राख्ने वित्तीय क्षेत्रको हिस्सा क्रमशः घट्दै गएको देखिन्छ। समीक्षा वर्षमा यो हिस्सा करीब ६६ प्रतिशत मात्र रहेको छ। पछिल्लो समय बजार पुँजीकरणमा जलविद्युत क्षेत्रको हिस्सा बढ्न थालेको छ। यसबाट धितोपत्र बजारमा वित्तीय क्षेत्रको केन्द्रीकरणमा क्रमशः कमी आउँदै क्षेत्रगत विविधता बढ्न थालेको देखिन्छ। आ.व. २०८०।८१ को अन्तमा रहेको क्षेत्रगत बजार पुँजीकरणको अवस्थालाई चार्ट २.१६ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.१६ - क्षेत्रगत बजार पुँजीकरण**
(रकम रू अर्बमा)



## ग) नेप्से सूचकांक तथा नेप्से फ्लोट सूचकांक

आ.व. २०८०।८१ अन्त्यमा नेप्से सूचकांक ६.८ प्रतिशतले वृद्धि भई २२४०.४१ विन्दु कायम गरेको छ। गत आ.व को अन्त्यमा यो सूचक २०९७.१ विन्दु रहेको थियो। समीक्षा वर्षमा नेप्से सूचकांक सबैभन्दा उच्च असार ३० मा २२५७.६ विन्दु पुगेको थियो भने सबैभन्दा कम कार्तिक १९ मा १८२६.२४ विन्दुमा पुगेको थियो। त्यसैगरी नेप्से फ्लोट सूचकांकतर्फ समीक्षा वर्षमा करिब ५.३ प्रतिशतले वृद्धि भई १५२.६२ बिन्दुमा पुगेको छ। उक्त सुचकांक गत वर्षको अन्त्यमा १४४.९७ बिन्दुमा रहेको थियो। नेप्से सूचकांक र नेप्से फ्लोट सूचकांकको विगत १० वर्षको वार्षिक प्रवृत्ति चार्ट २.१७ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.१७ - नेप्से सूचकांक र नेप्से फ्लोट सूचकांक**




## घ) सूचीकृत संगठित संस्था

समीक्षा वर्ष नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत भएका कम्पनीहरुको संख्यामा ६.३ प्रतिशतले वृद्धि भई कुल २७० पुगेको छ भने गत वर्ष सूचिकृत कम्पनीको संख्या २५४ रहेको थियो। समीक्षा वर्षमा क्षेत्रगत रुपमा नेप्सेमा सूचीकृत कुल २७० कम्पनीहरुमध्ये १९ वाणिज्य बैंक, १६ विकास बैंक, ५३ लघुवित्त कम्पनी, २० वित्त कम्पनी, १२ जीवन बीमा कम्पनी, १२ निर्जीवन बीमा कम्पनी, २२ उत्पादन तथा प्रशोधन कम्पनी, ७ होटल तथा पर्यटन, ४ व्यापार कम्पनी, ९१ जलविद्युत, ७ लगानी समूह र ७ अन्य समहूका कम्पनीहरु रहेका छन्। समीक्षा अवधिमा सूचीकृत कम्पनीमा क्रमशः बाणिज्य बैंक, लघुवित्त कम्पनी तथा निर्जीवन बीमा कम्पनीको संख्यामा गिरावट आएको छ भने जीवन बीमा, उत्पादन तथा प्रसोधन, जलविद्युत, लगानी तथा अन्य समूहका कम्पनीहरुको संख्यामा वृद्धि भएको छ। त्यस्तै विकास बैंक, वित्त कम्पनी, होटल तथा पर्यटन र व्यापार कम्पनीहरुको संख्या यथास्थितिमा रहेको छ।

सूचीकृत कम्पनीहरुको क्षेत्रगत विवरण तालिका २.११ तथा चार्ट २.१८ मा प्रस्तुत गरिएको छ।

## तालिका २.११
## सूचीकृत संगठित संस्थाको क्षेत्रगत अवस्था

| क्र.सं. | विवरण | २०७९।८० | २०८०।८१ | २०८१ असारमा कुल हिस्सा | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|---|
| १ | वाणिज्य बैंक | २० | १९ | ७.१ | -५.० |
| २ | विकास बैंक | १६ | १६ | ६.० | ०.० |
| ३ | वित्त कम्पनी | २० | २० | ७.५ | ०.० |
| ४ | लघुवित्त कम्पनी | ५९ | ५३ | १८.७ | -१०.२ |
| ५ | जीवन बीमा | ८ | १२ | ४.५ | ५०.० |
| ६ | निर्जीवन बीमा | १३ | १२ | ४.५ | -७.७ |
| ७ | उत्पादन तथा प्रशोधन | १९ | २२ | ८.२ | १५.८ |
| ८ | होटल तथा पर्यटन | ७ | ७ | २.६ | ०.० |
| ९ | व्यापार कम्पनी | ४ | ४ | १.५ | ०.० |
| १० | जलविद्युत कम्पनी | ७९ | ९१ | ३४.१ | १५.२ |
| ११ | लगानी समूह | ६ | ७ | २.६ | १६.७ |
| १२ | अन्य समूह | ३ | ७ | २.६ | १३३.३ |
| | **जम्मा** | **२५४** | **२७०** | **१००.०** | **६.३** |

*स्रोत: नेपाल स्टक एक्सचेन्ज लि.*

**चार्ट २.१८ - नेपाल स्टक एक्सचेन्जमा सूचीकृत संस्था**



### २.२.४ ऋणपत्र बजार

नेपालमा ऋणपत्रको निष्काशन सरकारी क्षेत्र र संस्थागत क्षेत्र गरी दुई क्षेत्रबाट हुने गरेको छ। नेपालमा आ.व. २०५४।५५ देखि संस्थागत ऋणपत्र निष्काशनको सुरुवात भएको थियो। हाल नेपाल सरकारबाट निष्काशन गरिने सरकारी ऋणपत्रमध्ये विकास ऋणपत्रको मात्र नेप्सेमा सूचीकरण हुने गरेको छ।

आ.व. २०८०।८१ को अन्त्यसम्म सरकारी ऋणपत्र तर्फ ७४ वटा ऋणपत्र मार्फत रु. ७ खर्ब १८ अर्ब ९४ करोड रकम बराबर नेप्सेमा सूचीकरण भएको छ भने उक्त ऋणपत्र दोस्रो बजारमा रु. ७ अर्ब ४४ करोड रकम बराबरको कारोबार भएको छ। साथै, संस्थागत ऋणपत्र तर्फ आ.व. २०८०।८१ को अन्त्यसम्म रु. १ खर्ब ७९ अर्ब ६४ करोड रकम बराबरको ७४ वटा ऋणपत्र सूचीकृत भएको छ। आ.व. २०८०।८१ मा संस्थागत ऋणपत्रको नेप्सेमा रु १ अर्ब ९९ करोडको कारोबार भएको छ। अघिल्लो आ.व.मा यस्तो कारोबार रकम रु. २६ करोड बराबरको भएको थियो।

समीक्षा वर्षको अन्तमा धितोपत्र बजारमा सूचीकृत संस्थागत र सरकारी ऋणपत्रकको संख्या १४८ पुगेको छ भने सूचीकृत धितोपत्रको मुल्य रु ८ खर्ब ९८ अर्ब ५८ करोड रहेको छ। सूचीकृत ऋणपत्रको मुल्य गत बर्षको अन्तमा रु ७ खर्ब ६७ अर्ब ३२ करोड रहेको थियो भने कुल १२७ वटा ऋणपत्र रहेका थिए। समीक्षा बर्षमा सूचीकृत ऋणपत्रको संख्यामा १६.५ प्रतिशतको र सूचीकृत ऋणपत्रको मुल्यमा १७.१ प्रतिशतको वृद्धि रहेको छ।

गत तीन आ.व.को ऋणपत्रको सूचीकरण र कारोबारको विवरण तालिका २.१२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१२**
**ऋणपत्रको सूचीकरण र कारोबार**

| क्र.सं. | विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
| १ | **संस्थागत ऋणपत्र** | | | |
| क) सूचीकृत ऋणपत्र (कुल) | | ५६ | ६९ | ७४ |
| ख) सूचीकृत धितोपत्रको संख्या (हजारमा) | | ११८२७०.४ | १६३८८२.२३ | १७९६४०.५९ |
| ग) सूचीकृत धितोपत्रको रकम (रु. करोडमा) | | ११८२७.०४ | १६३८८.२२३ | १७९६४.०५९ |
| घ) बार्षिक कारोबार रकम (रु. करोडमा) | | ४२.१०४ | २६.०७७ | १९९.८९२ |
| २ | **सरकारी ऋणपत्र** | | | |
| क) सूचीकृत ऋणपत्र | | ४७ | ५८ | ७४ |
| ख) सूचीकृत धितोपत्रको संख्या (हजारमा) | | ४८३९४७ | ६०३४४७ | ७१८९४७ |
| ग) सूचीकृत धितोपत्रको रकम (रु. करोडमा) | | ४८३९४.७ | ६०३४४.७ | ७१८९४.७ |
| घ) कारोबार रकम (रु. करोडमा) | | १५५ | ३२ | ७४४.५७ |
| **कुल ऋणपत्र** | | **१०३** | **१२७** | **१४८** |
| **कुल सूचीकृत धितोपत्रको संख्या (हजारमा)** | | **६०२२१७.४** | **७६७३२९.२** | **८९८५८७.५९** |
| **कुल सूचीकृत धितोपत्रको रकम (रु. करोडमा)** | | **६०२२१.७४** | **७६७३२.९२** | **८९८५८.७५९** |
| **कुल कारोबार रकम (रु. करोडमा)** | | **१९७.१** | **५८.०७** | **९४४.४६२** |

*स्रोतः नेपाल स्टक एक्सचेन्ज लि.*

## २.२.५ ओटिसी बजार

आ.व. २०७९।८० को तुलनामा समीक्षा वर्षमा ओटिसी बजारमा हुने कारोबार रकममा उल्लेख्य वृद्धि आएको छ। समीक्षा वर्षमा ९९ संस्थाको करिब ३ करोड ६६ लाख कित्ता सेयर रु. ५ अर्ब ४ करोड बराबरको रकममा कारोबार भएको छ। गत आ.व. मा ओटिसी बजारमा ४३ संस्थाको करिब १ करोड ९६ लाख कित्ता सेयर रु. २ अर्ब ६९ करोड बराबरको रकममा कारोबार भएको थियो। अघिल्लो बर्षको तुलनामा समीक्षा बर्षमा करोबार रकममा ८७.३ प्रतिशत र कारोबार भएको धितोपत्र संख्यामा ८६.७ प्रतिशतले वृद्धि भएको छ। विगत आठ आर्थिक वर्षमा ओटिसी बजारमा भएको कारोबारको स्थितिलाई तालिका २.१३ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१३**
**ओटिसी बजारमा बार्षिक कारोबार विवरण**

| आर्थिक बर्ष | कारोबार भएको संगठित संस्थाको संख्या | धितोपत्र कारोबार संख्या (करोडमा) | कारोबार रकम (रू अर्बमा) |
|---|---|---|---|
| २०७३/७४ | २५ | ०.२१ | ०.२४ |
| २०७४/७५ | ५४ | १.३ | १.३ |
| २०७५/७६ | ६१ | १.५२ | २.०१ |
| २०७६/७७ | २४ | ०.७२ | १.८९ |
| २०७७/७८ | ४६ | १.१२ | २.९३ |
| २०७८/७९ | ४३ | २.०२ | २.३५ |
| २०७९/८० | ४३ | १.९६ | २.६९ |
| २०८०/८१ | ९९ | ३.६६ | ५.०४ |

*स्रोत: नेपाल स्टक एक्सचेञ्ज लि.*

**चार्ट २.१९ - ओटिसी बजारमा भएको बार्षिक कारोबार**



## २.२.६ नेपाल स्टक एक्सचेञ्ज लि. बाट सम्पादन गरिएका मुख्य कार्यहरु

नेपाल स्टक एक्सचेञ्ज लि.(नेप्से) ले दोस्रो बजार कारोबारको स्थायित्व, संस्थागत विकास र लगानीकर्ताहरुको हित संरक्षण गर्नको लागि आर्थिक वर्ष २०८०।८१ मा नियमित कार्य सम्पादनका अतिरिक्त विकासात्मक गतिविधि, नियम कानून तर्जुमा, अन्तर्क्रिया, छलफल कार्यक्रमहरुको सञ्चालन र सम्बद्ध निकायहरुबाट हुने सोही प्रकृतिका गतिविधिमा सहभागिता जनाएको छ। आर्थिक वर्ष २०८०।८१ मा नेप्सेले सम्पादन गरेका मुख्य कार्यहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- पुँजीबजार तालिम संस्था स्थापना गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार भएको।
- कारोबार सदस्यहरु (धितोपत्र दलाल तथा व्यापारी) को नियमित सुपरिवेक्षण तथा निरीक्षण कार्य भएको।
- कारोबार व्यवस्थापन प्रणाली जस्तै कारोबार गर्न मिल्ने गरी सिमुलेशन सफ्टवेयरको विकास भएको।
- सदस्यता विनियमावली नेप्से संचालक समितिबाट स्वीकृत भई अन्तिम स्वीकृतिको प्रकृयामा रहेको।
- जोखिम व्यवस्थापन कार्यविधि परिमार्जन गरी कार्यान्वयन ल्याएको।

## २.२.७ धितोपत्रको केन्द्रीय निक्षेप सेवा

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम नेपालमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा प्रदान गर्ने उद्देश्यले स्थापित सिडिएस एण्ड क्लियरिङ्ग लि.(सिडिएससी) ले बोर्डबाट वि.स. २०६८ मा अनुमतिपत्र प्राप्त गरी कार्य गर्दै आई रहेको छ। धितोपत्र बजारलाई थप आधुनिकरण, व्यवस्थित, पारदर्शी गर्न सिडिएससीले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। सिडिएससीले धितोपत्र बजार अन्तर्गत धितोपत्रको अभौतिकीकरण तथा कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यलाई समयसापेक्ष व्यवस्थित गर्दै आएको छ। यसको संचालनसँगै धितोपत्र निष्काशन, धितोपत्रको आवेदन संकलन, धितोपत्रको बाँडफाँट, धितोपत्रको अभौतिकीकरण, धितोपत्र दोस्रो बजार कारोबारको धितोपत्र हस्तान्तरण, राफसाफ तथा फछ्र्यौट, धितोपत्रको नामसारी तथा रोक्का लगायतका कार्यमा सहजता प्रदान भएको छ। प्राथमिक निष्कासन, हकप्रद सेयर तथा थप सेयर निष्कासन गर्ने कम्पनीको आवेदन लिने प्रणालीलाई सि-आस्वा (Centralized Application Supported by Blocked Amount–CASBA) प्रणाली सुधार गरी कार्यान्वयनमा ल्याएको हुँदा लगानीकर्ताले मेरो सेयर मार्फत् सेयर निष्काशनको आवेदन दिन सक्ने साथै निष्काशनकर्ताले छोटो समयमै सेयर बाँडफाँट गर्न सम्भव भएको छ। परिमाणस्वरुप बजारमा थप गति प्रदान गर्न सहयोग पुगेको छ।

आ.व.२०८०।८१ मा धितोपत्र केन्द्रीय निक्षेप सेवा कम्पनी सिडिएससीको कार्य सम्पादन समीक्षा गर्दा यस आ.व.मा २३ वटा कम्पनीहरु धितोपत्रको अभौतिकीकरणका लागि दर्ता भई बर्षान्तमा उक्त संख्या २४८ पुगेको छ। गत आ.व.को अत्यमा यस्तो संख्या २३० रहेको थियो। समीक्षा अवधिमा ६ वटा सामूहिक लगानी कोष र ६ वटा संस्थागत ऋणपत्र दर्ता भएका छन्। आ.व. २०८०।८१ म १९४.५ करोड कित्ता थप धितोपत्र अभौतिकीकरण भई कुल अभौतिकीकरण धितोपत्रको संख्या १२७०.५१ करोड कित्ता पुगेको छ। गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्ष धितोपत्रको अभौतिकीकरण संख्यामा १८.०३ प्रतिशतले बृद्धि भएको छ।

लगानीकर्ताहरुका लागि निक्षेप सेवा सहज बनाउन तथा अभिलेखीकरण कार्यका लागि आवश्यक सेवा प्रवाह गर्न सिडिएससीले आ.व. २०८०।८१ मा ३१ वटा निक्षेप सदस्यलाई सदस्यता प्रदान गरी कुल निक्षेप सदस्यको संख्या ११९ पुगेको छ। त्यसैगरी आ.व. २०८०।८१ म थप ५.७४ लाख हितग्राही खाता खोली कुल हितग्राही खाताको संख्या ६३ लाख ९५ हजार पुगेको छ। गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्ष हितग्राही खाताको संख्यामा ९.८ प्रतिशतले बृद्धि भएको छ। गत आ.व.मा उक्त हितग्राही खाताको संख्या ५८ लाख २१ हजार रहेको थियो।

धितोपत्रको प्राथमिक निष्काशनमा आवेदन गर्नका लागि लगानीकर्ताले लिने "मेरो सेयर" युजरको प्रयोग संख्या आ.व. २०८०।८१ मा ५.४३ लाख थप भई कुल संख्या ५३ लाख ६९ हजार पुगेको छ। गत आ.व. को तुलनामा यस आ.व. मा मेरो सेयर प्रयोगकर्ताको संख्या १०.१ प्रतिशतले बृद्धि भएको छ।

विगत तीन आर्थिक वर्षमा भएको निक्षेप सदस्यको संख्या, धितोपत्र अभौतिकीकरणका लागि दर्ता भएको कम्पनी तथा धितोपत्रको संख्या र हितग्राही खाताको अवस्थालाई तालिका २.१४ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१४**
**धितोपत्र अभौतिकीकरणको अवस्था**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
| १ | निक्षेप सदस्यको संख्या | ८३ | ८८ | ११९ |
| २ | दर्ता कम्पनीको संख्या | २२२ | २३० | २४८ |
| ३ | हितग्राही खाताको संख्या (लाखमा) | ५३.४६ | ५८.२१ | ६३.९५ |
| ४ | अभौतिकृत धितोपत्रको संख्या (करोडमा) | ८६८.५० | १,०७६.०१ | १,२७०.५१ |

*स्रोतः सिडिएस एण्ड क्लियरिङ्ग लि.*

### २.२.७.१ सिडिएससीबाट सम्पादन गरिएका प्रमुख कार्यहरु

समीक्षा वर्षमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा प्रदान गर्न बोर्डमा अनुमतिपत्र प्राप्त सिडिएससीबाट सम्पादन गरिएका कार्यहरु देहाय अनुरुप रहेका छन्ः-

- नेप्सेको निर्देशन बमोजिम सिडिएससीको डिडिए (Due Diligence Audit) गर्ने कार्य अगाडि बढेको।
- आ.व. २०८०।८१ बाट पूर्ण रुपमा Centralized Billing Software तयारी गरी कार्यान्वयन गरेको।
- राफसाफ सदस्यहरुको Back-office प्रणाली र Trade Management System प्रणालीको परीक्षण गरेको।
- केन्द्रीकृत विद्युतीय ग्राहक पहिचान विवरण (सि-केवाइसी) प्रणालीलाई कार्यान्वयनमा ल्याएको।
- धितोपत्र निक्षेप सेवा, कारोबार राफसाफ तथा सिडिएससीले विकास गरेको सेवाहरु बारे जानकारी प्रदान गर्नका लागि विभिन्न स्थानहरुमा सचेतना कार्यक्रमहरु आयोजना गरेको।
- विभिन्न संचार माध्यमसंग समन्वय गरी सिडिएससी बारे जनचेतना कार्यक्रम आयोजना गरेका।

- राफसाफ सदस्यहरुलाई NEPSE client code तथा BOID mapping गरी Backoffice बाट upload गर्न सक्ने प्रणाली विकास गरेका।
- NRN नागरिकताका आधारमा NRN खाता खोल्ने module को विकास गरेका।
- नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त विभिन्न भुक्तानी सेवा प्रदायक तथा बैंक तथा वित्तीय संस्थाहरुको प्रणाली मार्फत मेरो सेयर तथा सिडिएससीसंग सम्बन्धित शुल्कहरु भुक्तानीका लागि API मार्फत उक्त सेवा प्रदायकहरुलाई आवद्ध गराएको।
- मेरो सेयर प्रयोगकर्तालाई सार्वजनिक निष्काशन भएका धितोपत्रको खरिद आवेदन आफ्नो e-banking वा मोवाइल बैंकिङ्ग मार्फत समेत दिने प्रणाली तयार गरी विभिन्न बैंक तथा वित्तीय संस्था मार्फत परीक्षण भइरहेको।
- सि-आस्वामा Real Time Amount Block गर्ने प्रणाली तयार गरी विभिन्न बैंक तथा वित्तीय संस्था मार्फत परीक्षण भइरहेको।

### २.२.८ क्रेडिट रेटिङ्ग सेवा

बोर्डबाट हालसम्म तीन वटा कम्पनीहरुले क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्ने अनुमतिपत्र प्राप्त गरी सञ्चालनमा रहेका छन्। क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम कम्तिमा तीन करोड रुपैयाँ भन्दा बढी मूल्यको सेयरको सार्वजनिक तथा हकप्रद सेयर निष्काशन, ऋणपत्र निष्काशन, अग्राधिकार सेयर निष्काशन, थप निष्काशनहरुको क्रेडिट रेटिङ्ग गर्नुपर्ने व्यवस्था रहेकोमा नेपाल राष्ट्र बैकबाट बैक तथा वित्तीय संस्थाहरुले रु.पचास करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह गर्दा वा नवीकरण गर्दा सो संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट गरिएको रेटिङ्गलाई कर्जा मूल्याङ्कनको आधारको रुपमा लिनुपर्ने व्यवस्था समेत गरिएको छ।

समीक्षा वर्षमा तीन वटा क्रेडिट रेटिङ्ग कम्पनीबाट १३६ वटा धितोपत्र निष्काशनकर्ता कम्पनीको रेटिङ्ग, र ४३६ ऋणी संस्था (Borrowers Ratings), ८ ऋणपत्र र ५ वटा कोष व्यवस्थापक गरी ६३१ वटा रेटिङ्ग सम्पन्न गरेका छन्।

### २.२.९ धितोपत्र व्यापारी

धितोपत्र बजारमा संस्थागत लगानीकर्ताको सहभागिता गराई धितोपत्र बजारलाई सन्तुलित बनाउने उद्देश्यले बोर्डबाट धितोपत्र व्यापारीको अनुमतिपत्र दिने क्रममा समीक्षा वर्षमा थप एक कम्पनीलाई धितोपत्र व्यापारीको कार्य गर्न अनुमति प्रदान गरेसँगै धितोपत्र व्यापारीको संख्या दुई पुगेको छ। धितोपत्र व्यापारीको संख्यामा वृद्धि भएसँगै धितोपत्रको दोस्रो बजारमा संस्थागत लगानीकर्ताको उपस्थितिबाट धितोपत्र कारोबारमा सन्तुलन ल्याउन सक्ने बोर्डको अपेक्षा रहेको छ। समीक्षा वर्षमा संचालनमा रहेको दुई धितोपत्र व्यापारी कम्पनीहरुले १.९ करोड कारोबार संख्याबाट रु. ५ अर्ब ६७ करोड बराबरको धितोपत्रको कारोबार गरेका छन्।

### २.२.१० विशिष्टीकृत लगानी कोष

बोर्डले प्राइभेट इक्विटी, भेञ्चर फण्ड र हेज फण्ड जस्ता विशिष्ट प्रकृतिका संस्थाहरुलाई धितोपत्र बजारमा प्रवेश गराई स्वदेशी तथा विदेशी पुँजी परिचालन गर्ने कार्यको नियमन गर्न मिति २०७५ फागुन २२ गते देखि विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ लागू गरिएको थियो। धितोपत्र बजारमा यस्ता कोषहरुको सञ्चालनबाट विशेष योग्यता तथा अनुभव भएका तर पर्याप्त पुँजी नभएका उद्यमी तथा नवप्रवर्तकहरुका लागि सहजरुपमा स्वदेशी तथा विदेशी पुँजीको व्यवस्था तथा लगानीकर्ताहरुका लागि लगानीको विकल्प उपलब्ध भई देशको आर्थिक गतिविधिहरुमा गतिशीलता ल्याउन सहयोग पुग्ने देखिन्छ। सोही क्रममा समीक्षा वर्षमा भेन्चर क्यापिटल

तथा प्राईभेट इक्विटी फण्ड परिचालन गर्न कोष व्यवस्थापकको अनुमतिपत्रका लागि बोर्डबाट विभिन्न १२ वटा संस्थाले अनुमति प्राप्त गरेको छन् । विशिष्टीकृत लगानी कोष व्यवस्थापकको रुपमा कार्य गर्न बोर्डबाट अनुमति प्राप्त संस्थाको विस्तृत विवरण अनुसूची १३ ख मा प्रस्तुत गरिएको छ । आ.व. २०८०।८१ बोर्डबाट अनुमति प्राप्त कोष व्यवस्थापकमध्ये चार कोष व्यवस्थापकले बोर्डमा रु. २० अर्ब बराबरको कोष दर्ता गरेका छन् ।

## २.३ वस्तु विनिमय बजार

वस्तु विनिमय बजारको विकास तथा सञ्चालन, लगानीकर्ताको हक हित संरक्षण, वस्तु खरिद बिक्री सम्बन्धी करारको कारोबार तथा फछ्र्यौट र वेयर हाउस सञ्चालन सम्बन्धी व्यवसायलाई नियमन गर्ने अधिकार बोर्डको हुने गरी २०७४ भदौ ११ गते देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ लागू भएको छ । ऐनमा भएको व्यवस्था कार्यान्वयनका लागि वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ लागू भएपश्चात् देशमा वस्तु विनिमय बजार नियमनका लागि आवश्यक कानूनी पूर्वाधार तयार भएको छ । यसबाट बोर्डको नियमन क्षेत्राधिकार समेत बढ्न गएको छ । बोर्डले हालै प्रचलित कानून बमोजिम वस्तु विनिमय बजार संचालन गर्ने कम्पनी स्थापना गर्न बोर्डबाट पूर्व स्वीकृति, अनुमतिपत्र तथा संचालन स्वीकृति प्रदान गर्ने प्रकृयालाई व्यवस्थित, पारदर्शी एवं विश्वसनीय बनाउन वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा ६३ को खण्ड (ख) बमोजिम वस्तु विनिमय बजार संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८ लागू गरि उक्त निर्देशिकाको व्यवस्था बमोजिम अनुमति प्रदान गर्ने कार्य अगाडि बढाएको छ । बोर्डबाट मिति २०७९।१२।३० मा आवेदनका लागि सूचना प्रकाशन गरेकोमा चार वटा कम्पनीको निवेदन पेश भएको र सोको अध्ययन तथा जाँचबुझ गर्ने तथा व्यवसायिक योजना छनौटका लागि संचालक समितिका सदस्य संयोजक रहने गरी एक समिति गठन भई अध्ययन गर्ने कार्य अगाडि बढेको छ ।

## २.४ धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम

धितोपत्र बजारको विकास तथा विस्तारका लागि नेपाल सरकारले विगत दुई आर्थिक वर्ष तथा आगामी आ.व.का लागि तय गरेको नीति तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् ।

**क) आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको छः-**

- धितोपत्रको दोस्रो बजार तथा यससम्बन्धी संरचनालाई थप प्रतिष्पर्धी बनाइनेछ । पुँजी बजारको विस्तार र विविधिकरण गरी सम्भावित जोखिम न्यूनीकरण गरी आम लगानीकर्ताको हक हित संरक्षण गरिनेछ ।
- धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानी खुला गर्न कानूनी व्यवस्था मिलाइनेछ । वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई धितोपत्रको प्राथमिक निष्काशनमा दश प्रतिशत सेयर आरक्षित गरिनेछ ।
- वस्तु विनिमय बजार र यसका पूर्वाधारहरु सञ्चालनमा ल्याउनेछ । संस्थागत तथा सरकारी ऋणपत्रहरुको दोस्रो बजार कारोबारलाई व्यवस्थित गरी ऋणपत्र बजारको विकास गरिनेछ । उद्यमशिलता तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न प्राइभेट इक्विटी तथा भेञ्चर क्यापिटललाई सञ्चालन अनुमति दिई सहजीकरण गरिनेछ ।

- एक अर्ब रुपैयाँ वा सो भन्दा बढीको पुँजी वा पाँच अर्ब रुपैयाँभन्दा बढीको कारोबार गर्ने कम्पनी, प्राकृतिक स्रोतहरुको उपयोग गर्ने कम्पनी तथा राज्यबाट अनुदान, सहुलियत वा कर छुट प्राप्त गर्ने पब्लिक लिमिटेड कम्पनीहरुलाई धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचीकृत हुनुपर्ने जस्ता कार्यक्रमहरुको व्यवस्था गरिएको छ।

**कार्यान्वयन स्थितिः** बोर्डबाट नेपाल सरकारले नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा तय गरेको कार्यक्रमहरुलाई प्राथमिकतामा राखी आफ्नो नीति तथा कार्यक्रमसँगसँगै कार्यान्वयन गर्ने गरेको सन्दर्भमा आ.व. २०७९।८० मा तय गरिएको कार्यक्रमको प्रगति विवरणलाई देहायनुसार प्रस्तुत गरिएको छः-

- धितोपत्रको दोस्रो बजार तथा यससम्बन्धी संरचनालाई थप प्रतिस्पर्धी बनाउन हाल संचालनमा रहेको स्टक एक्सचेन्जमा रहेको विभिन्न नियमन निकायको सेयर स्वामित्व क्रमशः घटाउँदै लगेको छ। साथै धितोपत्र दोस्रो बजारलाई प्रतिस्पर्धी बनाउँदै दक्ष सेवा प्रदान गराउन निजीक्षेत्रको समेत सहभागिता रहने गरी थप एक स्टक एक्सचेन्जको अनुमति प्रदान गर्ने प्रकृयामा रहेको छ।
- पुँजी बजारको विस्तार र विविधिकरण गरी सम्भावित जोखिम न्यूनीकरण गरी आम लगानीकर्ताको हक हित संरक्षण गर्न धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको संख्यामा थप गर्ने, विद्यमान धितोपत्र दलाल व्यवासायीहरुको शाखा विस्तार गर्ने, धितोपत्र दलाल व्यवसायीको पुँजी संरचनामा वृद्धि गर्ने लगायत धितोपत्र दलाल व्यवसायीहरुको प्रभावकारी सुपरिवेक्षण गर्दै यसलाई थप आधुनिक र अन्तर्राष्ट्रियस्तरको बनाउन जोखिममा आधारित सुपरिवेक्षण संरचनाको ढाँचा तयार गरिएको छ।
- धितोपत्रको दोस्रो बजार कारोबारमा विदेशमा रहेका गैर आवासीय नेपालीहरुलाई समेत संलग्न गराई पुँजी बजार मार्फत राष्ट्रिय पुँजी निर्माण र परिचालनमा थप योगदान गरी समग्र राष्ट्रिय अर्थतन्त्रलाई गतिशिल तथा चलायमान बनाउन प्रचलित कानूनमा आवश्यक व्यवस्था तथा सहजीकरण गर्न अध्ययन प्रतिवेदन सहितको नियमावलीको मस्यौदा तयार गर्न मिति २०७९।१२।१९ मा नेपाल धितोपत्र बोर्डमा नेपाल चार्टड एकाउन्टेन्ट संस्थाबाट प्रतिनिधित्व गर्ने संचालक सदस्यको संयोजकत्वमा एक समिति गठन भई प्रतिवेदन तयार गरी पेश गरेको छ।
- देशको शोधान्तर स्थिति सबल बनाउँदै विदेशबाट औपचारिक वा वैधानिक माध्यमबाट विप्रेषण ल्याउन प्रोत्साहन गर्न तथा पुँजी बजारमा लगानीकर्ताको उपस्थिति बढाई चलायमान बनाउन नेपाल सरकारबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई संगठित संस्थाको सार्वजनिक निष्काशनका वखत १० प्रतिशत सेयर आरक्षण गर्नुपर्ने व्यवस्था गर्न धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा छैठौ संशोधन गरी लागू गरेसँगै प्रभावकारी कार्यान्वयन भैरहेको छ।
- वस्तु विनिमय बजार सम्बन्धी कार्य संचालन गर्न इच्छुक कम्पनीहरुलाई कम्पनी स्थापना गर्न पूर्व स्वीकृतिका लागि पुनः मिति २०७९।१२।३० मा सूचना प्रकाशित गरी सो सूचनाको आधारमा विभिन्न चार आवेदकबाट निवेदन पेश भई सोको जाँचबुझ तथा अध्ययन गरी पूर्व स्वीकृति प्रदान गर्ने हेतुले बोर्ड सदस्यको संयोजकत्वमा समिति गठन भई मूल्यांकन प्रक्रियामा रहेको छ।
- बोर्डले प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल र हेज फण्ड जस्ता विशिष्ट प्रकृतिका उपकरणहरु संचालन गरी धितोपत्र बजार मार्फत स्वदेशी तथा विदेशी पुँजी परिचालन गर्न लागू भएको विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिम १२

वटा संस्थाहरुलाई भेञ्चर क्यापिटल तथा प्राइभेट इक्विटीको कोष व्यवस्थापकको अनुमतिपत्र प्रदान गरी सोमध्येबाट आ.व २०७९।८० मा चार वटा योजनाको रु. १० अर्ब ५० करोड रुपैँया बराबरको कोष संचालनका लागि बोर्डमा दर्ता भएको छ।

- वास्तविक क्षेत्रका कम्पनीहरुलाई धितोपत्र बजारमा सूचीकरण गर्न उपयुक्त परिस्थिति बनाउन स्वतन्त्र मूल्यमा धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने व्यवस्थाका लागि बुक बिल्डिङ्ग निर्देशिका लागू गरिएको छ। यही व्यवस्थाको परिधिमा रही धितोपत्रको सार्वजनिक निष्काशन गर्न केही कम्पनीहरुले बोर्डमा निवेदन दिई स्वीकृतिका लागि अध्ययन तथा जाँचबुझ गरी स्वीकृतिको अन्तिम चरणमा रहेको छ। त्यसैगरी बोर्डले संगठित संस्थाहरुको प्रारम्भिक सार्वजनिक निष्काशनका लागि पेश भएको निवेदन उपर Merit Based File Approval System लागू गरिएको छ। साथै वास्तविक क्षेत्रका कम्पनीहरुलाई धितोपत्र बजारमा प्रवेश गराउन कम्पनी रजिष्ट्रार कार्यालयसँग आवश्यक समन्वय भैरहेको छ।

**ख) आर्थिक वर्ष २०८०।८१ को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको छः-**

- अन्तर्राष्ट्रिय वित्त बजारबाट दीर्घकालीन पुँजी परिचालन गर्न आवश्यक कानूनी पूर्वाधार तयार गरिनेछ । ठूला तथा जलाशययुक्त जलविद्युत आयोजना, प्रसारण लाइन लगायतका पूर्वाधारमा लगानी गर्न स्थानीय मुद्रामा आधारित हरित वण्ड, उर्जा वण्ड जस्ता नवीन वित्तीय उपकरण मार्फत लगानीयोग्य पुँजी जुटाइनेछ।
- वित्तीय क्षेत्रलाई स्वस्थ एवं सवल बनाई मुलुकमा उपलब्ध वित्तीय साधनलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ। वित्तीय मध्यस्थता लागत कम गरी लगानीको लागि पुँजीमा पहुँच सहज बनाइनेछ। नियामक निकायहरुको क्षमता विकास गरी वित्तीय क्षेत्रको नियमनलाई सुदृढ बनाइनेछ।
- वित्तीय क्षेत्रको स्रोत साधन सीमित व्यक्ति, समूह वा भौगोलिक स्थानमा केन्द्रीत हुन नदिन समावेशी वित्तको अवधारणअनुसार बैंक, वित्तीय संस्था, वीमा र पुँजी बजारको सेवा बहुसंख्यक जनतासम्म पुऱ्याउने गरी आवश्यक नीतिगत सुधार गरिनेछ। सरकारी स्वामित्वका बैंक तथा वित्तीय संस्थालाई पुनसंरचना गरी थप सुदृढ बनाइनेछ।
- पुँजी बजारलाई पारदर्शी र प्रतिस्पर्धी बनाई लगानीकर्ताको हीत सुनिश्चित गरिनेछ। पुँजी बजारमा संस्थागत लगानीकर्तालाई प्रोत्साहित गरिनेछ । गैर आवासीय नेपालीलाई धितोपत्र बजारमा सूचीकृत भएका जलविद्युत र अन्य वास्तविक क्षेत्रका कम्पनीमा लगानी गर्न खुला गर्ने व्यवस्था मिलाइनेछ। धितोपत्र औजारहरुको विस्तार र विविधिकरण गरिनेछ।
- पुँजी बजारलाई सुदृढ र गतिशिल बनाउन धितोपत्रसम्बन्धी विद्यमान कानूनी व्यवस्थामा समयानुकुल संशोधन गरिनेछ। आवश्यक पूर्वाधार तयार गरी कमोडिटिज एक्सचेन्ज मार्केट तथा एसएमईज प्लेटफर्म संचालनमा ल्याइनेछ।

**कार्यान्वयन स्थितिः** बोर्डबाट नेपाल सरकारले नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा तय गरेको कार्यक्रमहरुलाई प्राथमिकतामा राखी आफ्नो नीति तथा कार्यक्रमसँगसँगै कार्यान्वयन गर्ने गरेको सन्दर्भमा आ.व. २०८०।८१ मा तय गरिएको कार्यक्रमको प्रगति विवरणलाई देहायनुसार प्रस्तुत गरिएको छ :

- अन्तर्राष्ट्रिय वित्त बजारबाट दीर्घकालीन पुँजी परिचालन गर्न धितोपत्र दर्ता तथा निष्काशन नियमावलीमा आवश्यक संशोधन गरी मिति २०८०।०५।०६ बाट लागू गरिएको तथा सो का लागि आवश्यक निर्देशिका मस्यौदाको चरणमा रहेको।

- वित्तीय मध्यस्थताको लागत कम गर्न धितोपत्र दलाली शुल्कका सम्बन्धमा अध्ययन गरी उक्त लागत घटाउन बोर्डबाट नेपाल सरकार, अर्थ मन्त्रालयमा सिफारिस भए अनुसार धितोपत्र दलाली शुल्क परिमार्जन गरी मिति २०८१।०१।२३ बाट लागू भएको ।
- नियामक निकायको क्षमता अभिवृद्धि गर्न बोर्डका कर्मचारीहरुलाई विभिन्न तालिमहरु प्रदान गर्ने कार्य निरन्तर रुपमा भईरहेको।
- पुँजी बजारको सेवा बहुसंख्यक जनतासंग पुऱ्याउने उद्देश्यका साथ बोर्डले पुँजीबजारको मध्यस्तकर्ताहरुको सेवा थप र विस्तारमा जोड दिइरहेको छ । यसै अनुसार धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा व्यापारी) नियमावलीमा परिमार्जन गरी धितोपत्र दलाल व्यवसायी तथा धितोपत्र व्यापारीको संख्या थप गरिएको छ । साथै धितोपत्र दलाल व्यवसायी, मर्चेण्ट बैंकरको शाखा विस्तारमा समेत जोड दिइएको छ । पुँजी बजारको सेवाबाट नागरिकहरु वञ्चित नहुन भन्ने उद्देश्यका साथ पुँजी बजारका सेवाहरु विद्युतिय माध्यमबाट समेत सहज रुपमा प्राप्त गर्न सक्ने गरी पूर्वाधार तथा कानूनी आधारहरु तयार गरिएको छ ।
- धितोपत्र सम्बन्धी ऐनमा समयानुकूल परिमार्जन गर्ने गरी संशोधनको प्रकृया अगाडि बढाइएको छ । एसएमईज प्लेटफर्म संचालनमाका लागि आवश्यक कानूनी पूर्वाधारका रुपमा नियमावलीको मस्यौदा गरी नेपाल सरकार अर्थ मन्त्रालयमा पेश भएको छ ।

**ग) आर्थिक वर्ष २०८१।८२ को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको छ :**

- युवाको उद्यमशील सोचलाई व्यवसायमा रुपान्तरण गर्न प्रत्येक प्रदेशमा विजिनेश इक्युवेशन सेण्टर संचालन गरिनेछ । बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जालाई नवप्रवर्तनमा प्रवाह गर्न प्रोत्साहन गरिनेछ । विभिन्न सम्झौतित कोषको रकम प्राइभेट इक्विटी फण्ड र भेञ्चर क्यापिटल फण्डका धितोपत्र एकाइमा लगानी गर्ने व्यवस्था मिलाइनेछ ।
- वित्तीय क्षेत्रसंग सम्बन्धित कानूनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाइनेछ । नियमक निकायको नियमन र सुपरिवेक्षण क्षमता सवल र प्रभावकारी बनाइनेछ । नेपाल राष्ट्र बैंक ऐन र विदेशी विनिमय नियमित गर्ने ऐन संशोधन गरिनेछ । धितोपत्र बोर्ड नेपाल र नेपाल बीमा प्राधिकरणको संस्थागत क्षमता सुधार गरिनेछ ।
- पुँजी बजारका लगानीकर्ताको लगानी र हित संरक्षण गर्न धितोपत्र बोर्ड नेपालको संस्थागत सुदृढीकरण गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ् लिमिटेडको संरचनागत सुधार गरिनेछ । वस्तु विनिमय बजार संचालन गर्न कानूनी र संस्थागत व्यवस्था मिलाइनेछ । निश्चित रकम भन्दा बढी पुँजी भएका कम्पनीलाई अनिवार्य रुपमा धितोपत्र बजारमा सूचीकरण हुनुपर्ने व्यवस्था गरिनेछ ।
- वित्तीय अपराध प्रभावकारी नियन्त्रणका लागि जोखिममा आधारित मूल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ । क्षेत्रगत जोखिमको मूल्याङ्कन, नियमन, सुपरिवेक्षण, अनुसन्धान र अभियोजन कार्यलाई प्रभावकारी बनाइनेछ । अधिक जोखिम रहेका क्यासिनो, बहुमूल्य धातु, सहकारी घरजग्गा विप्रेषण र बैंकिङ क्षेत्रको सघन सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

# भाग – तीन
# बोर्डको प्रशासनिक तथा वित्तीय अवस्था

## ३.१ बोर्डको स्थापना

धितोपत्र बजारको नियमन तथा सुपरिवेक्षण सम्बन्धी कार्यलाई व्यवस्थित गर्नका लागि धितोपत्र कारोबार ऐन, २०४० लाई संशोधन गरी नियमन निकायको रुपमा नेपाल सरकारबाट वि.स. २०५० साल जेठ २५ गते नेपाल धितोपत्र बोर्ड(बोर्ड) को स्थापना भएको थियो । देशको आर्थिक विकासका लागि आवश्यक दीर्घकालीन पुँजीको व्यवस्था गर्न बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित वनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्ने उद्देश्यसहित धितोपत्र सम्बन्धी ऐन, २०६३ जारी गरिएको थियो । तत्पश्चात बोर्डले नियमन निकायको रुपमा समग्र धितोपत्र बजारको नियमन कार्य गर्दै आइरहेकोमा नेपाल सरकारबाट मिति २०७४ भाद्र ११ देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ जारी भए पश्चात वस्तु विनिमय बजारको नियमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी समेत बोर्डलाई प्राप्त भएको छ ।

## ३.२ बोर्डको काम, कर्तव्य र अधिकारहरु

धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित बोर्डले स्थापना भएदेखि नै धितोपत्र बजारको विकास तथा सुधारका लागि कार्यहरु गर्दै आईरहेकोमा वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०६४ जारी भए पश्चात वस्तु विनिमय बजारको नियमन तथा सुपरिवेक्षण जिम्मेवारी प्राप्त गर्नुका साथै सम्पत्ति शुद्धीकरण ऐन, २०६४ बमोजिम नियमन निकायको रुपमा धितोपत्र बजारमा हुन सक्ने सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी गतिविधिहरुलाई समेत नियमन गर्दै आईरहेको छ । उक्त ऐनहरु बमोजिम बोर्डका मुख्य काम, कर्तव्य र अधिकारहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.२.१ धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम बोर्डको मुख्य काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छन्ः

- धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।
- धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिने विवरणपत्र स्वीकृत गर्ने ।
- धितोपत्र बजार संचालन गर्न चाहने संगठित संस्थालाई धितोपत्र बजार संचालन गर्न अनुमति दिने ।
- धितोपत्र बजार तथा धितोपत्र व्यवसायीका काम कारबाहीको नियमन गर्ने ।
- धितोपत्र व्यवसाय संचालन गर्न चाहने कम्पनी वा संस्थालाई धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने ।
- सामूहिक लगानी कोष संचालन गर्न स्वीकृति दिने ।
- धितोपत्र सम्बन्धी आवश्यक नियम, विनियम तथा निर्देशिकाहरु बनाउने ।
- धितोपत्र विनिमय बजार, धितोपत्र व्यवसायी, धितोपत्र कारोबार तथा समग्र धितोपत्र बजारको सुपरिवेक्षण गर्ने ।
- नियमन व्यवस्थाको पालना नगर्ने संस्थाहरुलाई ऐन, नियम अनुसार कारवाही अगाडि बढाउने ।
- धितोपत्र बजार सम्बन्धमा अध्ययन, अनुसन्धान गरी आवश्यक निर्देशन दिने तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

- धितोपत्र बजारसँग सम्बन्धित विषयमा नीति तथा कार्यक्रम तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक परामर्श दिने ।
- धितोपत्र तथा धितोपत्र बजार विकासका सम्बन्धमा आवश्यक अन्य कार्यहरु गर्ने गराउने ।

**३.२.२ वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम बोर्डका देहाय बमोजिम मुख्य काम, कर्तव्य र अधिकारहरु रहेका छन्ः**

- वस्तु विनिमय बजार तथावस्तु कारोबारको विकाससँग सम्बन्धित विषयमा नेपाल सरकारलाई राय/सुझाव दिने ।
- वस्तु विनिमय बजारको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने ।
- वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने ।
- वस्तु विनिमय बजारमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने ।
- कुनै वस्तु सूचीकरण गराउन वा सूचीकरणबाट हटाउन वा कुनै कारोबार रोक्का गर्न सम्बन्धित वस्तु विनिमय बजारलाई निर्देशन दिने ।
- वस्तु विनिमय बजारको विद्युतीय कारोबार प्रणालीमा कुनै समस्या देखिएमा वा सुधार गर्नुपर्ने देखिएमा त्यस्तो सुधार नगरेसम्मका लागि कारोबार स्थगन गर्न आदेश दिने ।
- बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने ।
- अनुमतिपत्र प्राप्त संस्था तथा कारोबारमा संलग्न पक्षको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने तथा अनुमतिपत्र प्राप्त संस्थाको विनियम स्वीकृत गर्ने ।
- लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।
- वस्तु वा वस्तु करार सम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्न अन्य नियमन निकायसँग समन्वय गर्ने तथा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**३.२.३ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन (दोस्रो संशोधनसमेत), २०६४ बमोजिम नियमन निकायको रुपमा बोर्डको मुख्य काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छन्ः**

- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशनको पालना गर्ने वा गराउने ।
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन वा आदेशको व्यवस्था पालना भए नभएको सम्बन्धमा नियमनका लागि सूचक संस्थाको रुपमा बोर्डबाट अनुमतिपत्र प्राप्त व्यवसायीलाई तोकिएको र त्यस्तो सूचक संस्थाको आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षण वा अनुगमन गर्ने ।
- सूचक संस्थाले गर्ने कुनै व्यवसाय वा पेशा दर्ता गर्दा वा व्यवसायको लागि अनुमतिपत्र वा इजाजतपत्र दिँदा पेशा वा व्यवसाय सञ्चालन गर्ने व्यक्तिले ऐन बमोजिमको काम कारबाही तथा दायित्व पूरागर्नु पर्ने शर्ततोक्ने ।

- सूचक संस्थाको व्यवसायगत सुपरिवेक्षण (प्रुडेन्सियल सुपरभिजन) सम्बन्धी आधारभूत मान्यतामा अन्तरनिहित सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्थाको परिपालना गराउने।
- सूचक संस्थाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन बमोजिमको दायित्व परिपालना गराउन सूचक संस्थामा रहेको जुनसुकै प्रकारको सूचना, जानकारी तथा कागजात उपलब्ध गराउन आदेश दिने तथा कसूरको अनुसन्धान सम्बन्धी कार्यमा आवश्यक सहयोग पुऱ्याउने लगायतका अधिकार रहेका छन्।

## ३.३ सञ्चालक बोर्ड

बोर्डमा सरकारी निकायका साथै निजी क्षेत्रका निकायहरुको प्रतिनिधित्व रहने गरी सात सदस्यीय संचालक बोर्ड हुने व्यवस्था रहेको छ। बोर्डमा नेपाल सरकारद्वारा नियुक्त कार्यकारी अध्यक्षका साथै नेपाल सरकार, अर्थ मन्त्रालयका सह-सचिव, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सह-सचिव, नेपाल राष्ट्र बैंकका प्रतिनिधि (कार्यकारी निर्देशक), नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका प्रतिनिधि (उपाध्यक्ष) तथा नेपाल सरकारबाट मनोनित हुने पुँजी बजार क्षेत्रका विज्ञ सदस्य रहने व्यवस्था रहेको छ। समीक्षा वर्षमा बोर्डको बैठक ३८ पटक बसी धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास तथा सुधार सँग सम्बन्धित विषयमा निर्णय गरेको थियो। गत आ.व. मा सञ्चालक बोर्डको बैठक ४४ पटक बसेको थियो। आ.व. २०८०।८१ मा बोर्डको सञ्चालक बोर्डमा रहनुभएका सदस्यहरुको परिवर्तन र यस सम्बन्धी विवरण तालिका ३.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१**
**आ.व. २०८०।८१ मा बोर्डको सञ्चालक बोर्डका सदस्यहरु**

| क्र.स. | नाम | संस्था | देखि | सम्म |
|---|---|---|---|---|
| १ | *श्री महेश बराल - अध्यक्ष | सह सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | २०८१।०४।०३ | हालसम्म |
| | *श्री नरेन्द्र कुमार राना - अध्यक्ष | सह सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | २०८१।०२।०३ | २०८१।०४।०२ |
| | *श्री रितेश कुमार शाक्य - अध्यक्ष | सह सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | २०८०।१२।३० | २०८१।०२।०२ |
| | श्री रमेश कुमार हमाल - अध्यक्ष | नेपाल सरकारबाट मनोनित | २०७८।११।०५ | २०८०।०९।२० |
| २ | **श्री रितेश कुमार शाक्य - सदस्य | सह सचिव,नेपाल सरकार, नेपाल सरकार अर्थ मन्त्रालय | २०७९।०२।२६ | २०८१।१२।३० |
| ३ | श्री दल बहादुर अधिकारी - सदस्य | सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | २०८०।१२।०६ | हालसम्म |
| | श्री हुमबहादुर के.सी. - सदस्य | सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | २०८०।०६।०४ | २०८०।१२।०६ |
| | श्री फणीन्द्र गौतम - सदस्य | सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | २०७९।१०।२२ | २०८०।०५।२० |
| ४ | श्री तुलसी प्रसाद घिमिरे - सदस्य | कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैंक | २०८१।०४।१३ | हालसम्म |
| | डा. प्रकाश कुमार श्रेष्ठ - सदस्य | कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैंक | २०८०।०९।०१ | २०८१।०४।१२ |
| | श्री मुकुन्द कुमार क्षत्री - सदस्य | कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैंक | २०७८।०८।२२ | २०८०।०८।३० |

| | | | | |
|---|---|---|---|---|
| ५ | सिए निल बहादुर सारु मगर | उपाध्यक्ष (प्रतिनिधि), नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था | २०८१।०४।१५ | हालसम्म |
| | श्री प्रविण कुमार झा - सदस्य | उपाध्यक्ष (प्रतिनिधि), नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था | २०८०।०४।०७ | २०८१।०४।१४ |
| | श्री सुजन कुमार काफ्ले - सदस्य | उपाध्यक्ष (प्रतिनिधि), नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था | २०७९।०४।०८ | २०८०।०४।०६ |
| ६ | श्री गोकर्ण राज अवस्थी - सदस्य | महानिर्देशक (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | २०८१।०४।३१ | हालसम्म |
| | श्री सुर कृष्ण वैद्य - सदस्य | उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | २०८०।०२।२३ | २०८१।०४।३० |
| ७ | श्री भोलानाथ ढुंगाना - विज्ञ सदस्य | नेपाल सरकारबाट मनोनित विज्ञ सदस्य | २०७९।०५।०६ | हालसम्म |

* *केहि नेपाल ऐन संशोधन गर्ने ऐन बमोजिम नेपाल धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७ को उपदफा ८ को व्यवस्थाले अध्यक्षको पद रिक्त भई अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सदस्यले बोर्डको अध्यक्षको हैसियतमा काम गर्नुभएको।*

** *मिति २०८०/१०/१० देखि २०८०/१२/३० सम्म बोर्डमा अध्यक्षको पद रिक्त रहदा, संचालक बोर्डको अध्यक्षता गर्नुभएको।*

## ३.४ संगठन संरचना तथा जनशक्ति व्यवस्थापन

धितोपत्र बजारको दायरा दिन प्रति दिन बढ्दै गईरहेको परिप्रेक्ष्यमा धितोपत्र बजार, धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी, क्रेडिट रेटिङ्ग कम्पनी, सामूहिक लगानी कोष, विशिष्टीकृत लगानी कोष, धितोपत्र दलाल तथा व्यापारी, मर्चेण्ट बैंकर, निक्षेप सदस्य, आस्वा सदस्य तथा नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत कम्पनी गरी ७३३ भन्दा बढी संस्था तथा कम्पनीको नियमन तथा सुपरिवेक्षण गर्नुपर्ने जिम्मेवारी बोर्डले पूरा गर्दै आएको छ। बोर्डबाट हालै धितोपत्र दलाल तथा व्यापारी र विशिष्टीकृत लगानी कोषहरुलाई संचालन अनुमति प्रदान गरेको साथै वस्तु विनिमय बजार संचालन अनुमति दिने कार्य अगाडि बढेकोले यी संस्थाहरुको नियमन तथा सुपरिवेक्षण जिम्मेवारी बोर्डमा थपिएको छ।

बोर्डको नियमन तथा सुपरिवेक्षण जिम्मेवारी थप भएको सन्दर्भमा प्राप्त जिम्मेवारीहरुलाई प्रभावकारी रुपमा गर्नका लागि संस्थागत क्षमतामा समयानुकूल अभिवृद्धि गर्नु पर्ने कुरालाई मध्यनजर गर्दै विद्यमान संगठन संरचनाको ढाँचामा पुनरावलोकन कार्य बोर्डले सम्पन्न गरेको छ। बोर्डमा आ.व. २०८०।८१ मा स्थायी तथा करार सेवामा गरी जम्मा ९१ जना कर्मचारीहरु कार्यरत रहेका थिए। बोर्डको संगठन संरचना अनुसूची - ७ मा प्रस्तुत गरिएको छ।

## ३.५ समितिहरु

बोर्डको काम कारवाही प्रभावकारी रुपमा सम्पादन गर्न तथा आवश्यक सहयोगका लागि बोर्डमा विभिन्न स्थायी प्रकृतिका समितिहरू कार्यरत रहेका छन्। यी समितिहरुले आर्थिक वर्ष २०८०।८१ मा गरेका कामकारवाहीहरु निम्नानुसार रहेका छन्ः

### क) कानून तथा प्रवलीकरण समिति

बोर्डबाट तयार गर्नुपर्ने विभिन्न नियमावली, निर्देशिका तथा अन्य कानूनी व्यवस्थाहरुको मस्यौदा तयार गर्न साथै बोर्डसंग सम्बन्धित कानूनी विषयका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी परामर्श दिने र धितोपत्र सम्बन्धी ऐन नियमको पालनालाई प्रभावकारी गराउने जस्ता काम कारबाहीको लागि नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्रतिनिधित्व गर्नु हुने बोर्ड सदस्यको संयोजकत्वमा बोर्डको विज्ञ सदस्य, नियमन विभागका प्रमुख सदस्य, व्यवस्थापन तथा कानून विभागका प्रमुख सदस्य रही कानून

महाशाखाका प्रमुख सदस्य सचिव रहेको पाँच सदस्यीय कानून प्रबलीकरण समिति रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा उक्त समितिको संयोजनमा देहाय बमोजिमको कार्यहरु भएका छन्ः

- नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त (पाँचौ संशोधन) नियमावली, २०८० को मस्यौदा बोर्ड समक्ष पेश गरेको।
- धितोपत्र सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८० को मस्यौदा गरी बोर्ड समक्ष पेश गरेको।

**ख) वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति**

बोर्डको वार्षिक वित्तीय विवरण तयार गरी अन्तिम रुप दिन, बोर्डको कोषमा रहेको रकमलाई लगानी गर्न तथा वित्तीय सूचना विश्लेषण र वित्तीय प्रशासन सम्बन्धी अन्य कार्यहरु गर्न बोर्डमा वित्तीय प्रशासन तथा वित्तीय सूचना विश्लेषण समिति रहेको छ। उक्त समितिमा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्यको संयोजकत्वमा बोर्डको व्यवस्थापन तथा कानून विभागका प्रमुख सदस्य र बोर्डको लेखा तथा वित्त शाखा प्रमुख सदस्य सचिव रहेका छन्। आर्थिक वर्ष २०८०/८१ मा उक्त समितिको संयोजनमा देहाय बमोजिमको कार्यहरु भएका छन्ः

- बोर्डको आर्थिक वर्ष २०७९।८० को नेपाल वित्तीय प्रतिवेदनमान अनुसार व्यवस्थापनले तयार गरिएको वित्तीय विवरणलाई अन्तिम रुप दिइ सिफारिश गरिएको।
- बोर्डमा रहेको कोष तथा लगानी योग्य रकमलाई विभिन्न बैंकहरुमा लगानी गर्नका लागि सिफारिश गरिएको।

**ग) लेखापरीक्षण समिति**

बोर्डको वित्तीय विवरणको पुनरावलोकन सम्बन्धमा संचालक समितिलाई सहयोग गर्न, बोर्डको नियम पालनाको अवस्थाको पुनरावलोकन सम्बन्धमा संचालक समतिलाई सहयोग पुऱ्याउन, आर्थिक पारदर्शिता र संस्थागत सुशासनलाई मजबुत बनाउन, आन्तरिक लेखा परीक्षकको नियुक्ति गर्न, पारिश्रमिक तथा सुविधा निर्धारण गर्न, स्वतन्त्र लेखा परीक्षकको लेखा परीक्षण प्रकृया निर्धारण गर्न तथा मूल्याकंन गर्ने जस्ता कार्यहरु गर्नका लागि नेपाल चाटर्ड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्यको संयोजकत्वमा नेपाल राष्ट्र बैंकको तर्फबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्य तथा बोर्डको कानुन महाशाखाका प्रमुख सदस्य सचिव रहने गरी लेखापरीक्षण समिति रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा उक्त समितिको संयोजनमा देहाय बमोजिमको कार्यहरु भएका छन्ः

- आन्तरिक लेखा परीक्षकले तयार गरेको आर्थिक वर्ष २०७९।८० को लेखा परीक्षण प्रतिवेदनका सम्बन्धमा आन्तरिक लेखा परीक्षकबाट प्राप्त कैफियत तथा सुझावहरुका सम्बन्धमा आवश्यक सुधारका कार्य गर्न व्यवस्थापनलाई निर्देशन दिईएको छ।
- धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले बोर्डमा पेश गर्नुपर्ने प्रतिवेदनको ढाँचाहरुलाई अन्तिम रुप दिइएको।
- आर्थिक वर्ष २०८०।८१० को लागि बोर्डको आन्तरिक लेखापरीक्षण गर्न आन्तरिक लेखापरीक्षक नियुक्ति गर्न व्यवस्थापनलाई निर्देशन दिईएको।
- महालेखापरीक्षकको कार्यालयबाट प्राप्त स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदनमा समावेश भएका कैफियतहरु सम्बन्धमा बोर्ड व्यवस्थापनबाट तयार गरिएको जवाफ परिमार्जन गरी बोर्ड समक्ष पेश गरिएको।

## ३.६ बोर्डको वित्तीय अवस्था

बोर्डमा Generally Accepted Accounting Principle (GAAP) अनुसार लेखांकन गर्ने गरिएकोमा आ.व. २०७६।७७ देखि Nepal Financial Reporting Standards (NFRS) अनुसार लेखांकन गर्ने गरिएको छ। बोर्डको वासलातको आकार २०७९।८० मा रु. २९८.७७ करोड रहेकोमा समीक्षा वर्ष अर्थात आ. व. २०८०।८१ मा उक्त वासलातको आकार (अपरिष्कृत) रु. ३६९.५७ करोड पुगेको छ।

आर्थिक वर्ष २०७९।८० मा बोर्डको जम्मा आम्दानी रु. ८८.७५ करोड रहेकोमा समीक्षा वर्ष २०८०।८१ मा बोर्डको आम्दानी (अपरिष्कृत) रु. ८९.७८ करोड पुगेको छ। बोर्डले आम्दानीतर्फ विशेषतः धितोपत्र दर्ता तथा निष्काशनका लागि स्वीकृति प्रदान, सामूहिक लगानी योजना स्वीकृति, क्रेडिट रेटिङ्ग सेवा शुल्क, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी तथा धितोपत्र बजार अनुमति पत्र नवीकरण दस्तुर, मर्चेन्ट बैंकिङ्ग तथा ब्रोकर प्रमाणपत्र नवीकरण दस्तुर, धितोपत्र कारोबार दस्तुर, विभिन्न आवेदन शुल्क, विवरणपत्र प्रशोधन शुल्क र अनुमति पत्र शुल्कबाट रु. ६४.७९ करोड आम्दानी गरेको छ भने व्याज तथा अन्य आम्दानीबाट रु. २४.९९ करोड प्राप्त गरेको छ।

आर्थिक वर्ष २०७९।८० मा बोर्डको जम्मा खर्च(कर बाहेक) रु. २८.७३ करोड रहेकोमा समीक्षा बर्षमा कर बाहेकको कुल खर्च रु. २८.०५ करोड भएको। त्यस्तै आ.व. २०७९।८० मा बोर्डको कर खर्च (चालु कर खर्च र स्थगन कर खर्च) रु.१७.०४ करोड रहेकोमा आ व २०८०।८१ मा १७.४३ करोड रहेको छ। आ.व. २०७९।८० मा बोर्डको वार्षिक वचत रु. ४२.९८ करोड रहेकोमा आ व २०८०।८१ मा वचत ४४.२९ करोड भएको छ। आ व २०८०।८१ को अपरिष्कृत वित्तीय विवरण अनुसार बोर्डको कोष तथा जगेडा रु ३१८.१५ करोड रहेको छ। आ.व. २०८०।८१ को अपरिष्कृत वासलात तथा आय-व्यय विवरण क्रमशः अनुसूची - ८ र ९ मा प्रस्तुत गरिएको छ।

## ३.७ अन्तर्राष्ट्रिय सम्बन्ध

बोर्डबाट नेपालको धितोपत्र बजारको विकास, विस्तार तथा सुधारका कार्यहरु भएसँगै सन् २०१६ जुलाईमा बोर्डले धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (International Organisation of Securities Commissions – IOSCO) को एशोसियट सदस्यता प्राप्त गरेको छ। यसबाट नेपालको नियमन निकायले अन्तर्राष्ट्रिय मान्यता पाई अब नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रियस्तर अनुरुप विकास गर्नुपर्ने जिम्मेवारी बोर्डमा थपिएको छ। हाल IOSCO मा १३२ साधारण सदस्य, ३४ एशोसियट सदस्य र ७४ अफिलियट सदस्य रहेका छन्।

त्यस्तै, नेपालको धितोपत्र बजारको अन्तर्राष्ट्रियकरण गरी स्तर अभिबृद्धि गर्ने उद्देश्य अनुरुप बोर्डको समन्वयमा नेपालको तर्फबाट सिडिएस एण्ड क्लियरिङ्ग लि. लाई Association of National Numbering Agencies (ANNA) को सदस्य बन्नका लागि अधिकार प्रत्यायोजन गरेकोमा आर्मेनियामा २०१६, जुन २ र ३ मा भएको ANNA को साधारण सभाबाट उक्त लि. ले ९२ औं सदस्यता प्राप्त गरेको हो। ANNA मा हाल नेपाल लगायत १०३ पूर्ण सदस्य तथा अन्य १७ पार्टनर रहेका छन्।

सन् २०१० मा स्थापित Asia Forum for Investor Education (AFIE) को संस्थापक सदस्यको रुपमा बोर्डले सोही अनुरुपको भूमिका निर्वाह गर्दै आइरहेको छ । बोर्ड सार्क क्षेत्रका नियमन निकायहरुको संघ (South Asian Securities Regulators Forum- SASRF) को सदस्यको रुपमा अन्य सदस्य नियमन निकायहरुसँग निरन्तर सम्बन्ध राख्दै आवश्यक ज्ञान तथा सूचनाहरु आदान प्रदान गर्नुका साथै सहयोग र समन्वय गर्दै आइरहेको छ ।

बोर्डले जनवरी १, २०१९ बाट लागू हुने गरी वित्तीय साक्षरता प्रवर्द्धन ज्ञान अभिवृद्धि गर्न OECD द्वारा सन २००८ मा स्थापित International Network on Financial Education (INFE) संस्थाको पूर्ण सदस्यता प्राप्त गरेको छ । उक्त संस्थाको पूर्ण सदस्यता प्राप्त गर्नेमा बोर्ड नेपालको पहिलो निकाय रहेको छ । बोर्डले पूर्ण सदस्यता पाए पश्चात उक्त संस्थाको प्राविधिक समिति, सल्लाहकार समिति तथा विभिन्न कार्यगत समूहमा सहभागी भई OECD INFE र यस अन्तर्गत सञ्चालन हुने वित्तीय साक्षरतासम्बन्धी गतिविधिको सञ्चालन तथा स्तर अभिवृद्धिमा सक्रिय सहभागिता रहँदै आएको छ । यस संस्थाले विश्वव्यापीरुपमा साना तथा मझौला व्यवसाय, वित्तीय समावेशिता, युवा तथा महिला वर्ग, दीर्घकालिन बचत तथा लगानी लगायतका विविध क्षेत्रहरुमा वित्तीय साक्षरता अभिवृद्धिका लागि कार्यक्रमहरु सञ्चालन गर्दै आएको देखिन्छ । यसबाट वित्तीय साक्षरतासम्बन्धी अन्तर्राष्ट्रिय गतिविधि तथा वित्तीय साक्षरताको स्तर अभिवृद्धिमा बोर्डको समेत प्रत्यक्ष सहभागिताको अवसर उपलब्ध भएको छ । हाल यस संस्थामा विश्वका १३० देशका ३०० भन्दा धेरै संस्थाहरु सदस्य रहेका छन् ।

त्यस्तै विश्व बैक, एशियाली विकास बैक, IOSCO, OECD, Asia-Pacific Economic Cooperation (APEC), Toronto Centre तथा बिभिन्न देशका धितोपत्र बजारको नियमन निकायहरुले आयोजना गर्ने धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी कार्यक्रमहरुमा बोर्डको सहभागिता रहँदै आएको छ । बोर्डले कर्मचारीहरुको नियमन तथा सुपरिवेक्षण क्षमता विकास गर्ने उद्देश्यले तीन वर्षका लागि बोर्डले सन् २०२१ मार्च २६ बाट लागू हुने गरी Toronto Centre सँग सम्झौता गरेकोमा उक्त सम्झौता सन् २०२४ जुनमा समाप्त भएको छ । सम्झौता अवधिमा Toronto Centre को प्राविधिक सहयोगमा बोर्डले जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल तयार गरेको छ ।

***

# भाग - चार
# बोर्डका कामकारवाही तथा गतिविधिहरू

बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास र विस्तारका लागि वार्षिक कार्यक्रम अन्तर्गत विकासात्मक तथा नियमित कार्यहरु तय गरी कार्यान्वयन गर्दै आएको छ। समीक्षा वर्षमा बोर्डबाट कानूनी व्यवस्थामा समसामयिक संशोधन, धितोपत्र दलाल तथा व्यापारी, विशिष्टीकृत लगानी कोष व्यवस्थापक लगायतका अन्य व्यवसायीहरुको नयाँ अनुमतिपत्र प्रदान लगायत अन्य विकासात्मक कार्यहरु तथा नियमित नियमन तथा सुपरिवेक्षणका कार्यहरु निरन्तर रुपमा संचालन गर्दै आएको छ। यसै क्रममा धितोपत्र दलाल व्यवसायी, धितोपत्र व्यापारी, मर्चेण्ट बैंकर, सामूहिक लगानी कोष, योजना व्यवस्थापक तथा डिपोजिटरी, विशिष्टीकृत लगानी कोष व्यवस्थापक, निक्षेप सदस्य, योग्य संस्थागत लगानीकर्ताको अनुमति तथा दर्ता प्रमाणपत्रका लागि प्राप्त निवेदनहरुको अध्ययन गरी अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने कार्यलाई निरन्तरता दिईएको छ। त्यसैगरी संगठित संस्थाहरुको धितोपत्रहरु दर्ता गर्ने, विवरणपत्र, बिक्री प्रस्ताव, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण पुस्तिका स्वीकृत गर्ने र विवरण पुस्तिका प्रकाशन गर्न संगठित संस्थाहरुलाई स्वीकृति प्रदान गर्ने, विशिष्टीकृत लगानी कोष दर्ता तथा सामूहिक लगानी योजना दर्ता गर्ने एवं धितोपत्र बजार, सूचीकृत कम्पनी, सामूहिक लगानी कोष, निक्षेप सेवा, क्रेडिट रेटिङ्ग संस्था तथा धितोपत्र व्यवसायीको गैर स्थलगत तथा स्थलगत सुपरिवेक्षणलाई प्रभावकारी रुपमा संचालन गरिएका छन्।

साथै बोर्डबाट धितोपत्र कारोबारको वास्तविक समय सुपरिवेक्षण गर्ने, धितोपत्र सम्बन्धी कानूनहरुलाई समसामयिक बनाउन संशोधन गर्ने, बोर्डमा विभिन्न माध्यमबाट प्राप्त गुनासाहरुको समाधान गर्ने, कानूनी व्यवस्थाहरुको उल्लंघन भएकोमा सम्बन्धमा कानून बमोजिम कारबाही गर्ने, लगानीकर्ताहरुको धितोपत्र बजार सम्बन्धमा आधारभुत र प्राविधिक विश्लेषण गरी लगानी गर्ने सम्बन्धमा ज्ञान अभिवृद्धि गर्न देशका विभिन्न स्थानहरुमा लगानीकर्ता प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्ने लगायतका विभिन्न नियमित कार्यहरु सम्पन्न गरिएका छन्।

## ४.१ बोर्डबाट सम्पन्न भएका सुधारात्मक उपलब्धीहरु

बोर्डको आर्थिक वर्ष २०८०।८१ को अवधिमा सम्पन्न मुख्य मुख्य कार्यहरु संक्षिप्तमा निम्नानुसार प्रस्तुत गरिएको छ।

### ४.१.१ हरित ऋणपत्र निष्काशन सम्बन्धी कानूनी व्यवस्था

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा सातौं संशोधन गरी जलवायु परिवर्तनको प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्ने गरी पर्यावरणमैत्री परियोजना संचालन तथा दिगो विकासका लक्ष्य हासिल गर्न सकिने परियोजनाहरुमा दीर्घकालीन पुँजी परिचालन गर्न संगठित संस्था एवं प्रचलित नेपाल कानूनको अधिनमा रही विदेशी लगानीकर्ता समेतले लगानी गर्न सक्ने गरी नेपाल धितोपत्र बोर्डको स्वीकृति प्राप्त गरी हरित ऋणपत्र (ग्रीन बण्ड वा डिवेञ्चर) निष्काशन गर्न सक्ने गरी कानूनी व्यवस्था गरिएको छ।

### ४.१.२ बुक बिल्डिङ्ग प्रणालीको कार्यान्वयन

धितोपत्रको मूल्य निर्धारण प्रक्रियालाई पारदर्शी तथा प्रतिस्पर्धी बनाई अर्थतन्त्रका वास्तविक क्षेत्रमा रहेका कम्पनीहरुलाई पुँजी बजारको माध्यमबाट पुँजी परिचालनका लागि प्रोत्साहित गर्न अन्तर्राष्ट्रिय रुपमा प्रचलनमा रहेको बुक बिल्डिङ्ग विधि मार्फत प्रारम्भिक

सार्वजनिक निष्काशन गर्न लागू गरिएको बुक बिल्डिङ्ग निर्देशिका, २०७७ को कार्यान्वयन गर्ने क्रममा बोर्डमा आवेदन प्राप्त दुई कम्पनीहरुलाई बुक बिल्डिङ पद्धतिबाट सार्वजनिक निष्काशनका लागि स्वीकृति प्रदान गरिएको छ। (रिलायन्स स्पिनिङ्ग मिल्स लि.को प्राथमिक निष्काशन हाललाई अध्यक्षको आदेशबाट रोक्का रहेको छ।)

### ४.१.३ कारोबार लागतमा कटौती

बोर्डले धितोपत्र बजारमा मध्यस्थता लागत कम गरी पुँजीमा पहुँच तथा कारोबारमा बृद्धि गर्न धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को अनुसूची १४ मा आवश्यक संशोधन गरी संगठित संस्थाको सेयरको खरिद तथा बिक्रीको कारोबारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्कमा १० प्रतिशतले कटौती गरी ५० हजार रुपैंयासम्मको कारोबारमा ०.३६ प्रतिशत, ५० हजार भन्दा माथि ५ लाखसम्मको कारोबारमा ०.३३ प्रतिशत, ५ लाख भन्दा माथि २० लाखसम्मको कारोबारमा ०.३१ प्रतिशत, २० लाख भन्दा माथि १ करोडसम्मको कारोबारमा ०.२७ प्रतिशत र १ करोड भन्दा माथि जतिसुकै कारोबारमा ०.२४ प्रतिशत शुल्क कायम गरिएको छ।

### ४.१.४ सुपरिवेक्षण म्यानुअल तयार गर्ने कार्य सम्पन्न

बोर्डले कर्मचारीहरुको नियमन तथा सुपरिवेक्षण क्षमता विकास गर्ने उद्देश्यले तीन वर्षका लागि बोर्डले सन् २०२१ मार्च २६ बाट लागू हुने गरी Toronto Centre सँग सम्झौता गरेकोमा उक्त सम्झौता सन् २०२४ जुनमा समाप्त भएको छ। यस अवधिमा Toronto Centre को प्राविधिक सहयोगमा बोर्डले जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल तयार गरेको छ।

### ४.१.५ विभिन्न संस्थासंग समझदारी पत्रमा हस्ताक्षर

बोर्डले समीक्षा बर्षमा देहायका संस्थाहरुसंग समझदारी पत्र (Memorandum of Understanding (MoU)) मा हस्ताक्षर गरेको छ।

(क) मिति २०८०/०८/२४ मा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि सूचना आदानप्रदान र एकआपसमा सहयोग गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागसँग MoU मा हस्ताक्षर गरेको छ।

(ख) मिति २०८०/०९/०४ मा Nepal Sustainability Reporting Standards को विकास र सो को प्रभावकारी कार्यान्वयन गर्न लेखामान बोर्डसंग MoU मा हस्ताक्षर गरेको छ।

(ग) मिति २०८०/०६/१५ मा विशिष्टीकृत लगानी उद्योगको प्रवर्द्धन, नियमकीय समर्थन लगायतका बिषयमा Nepal Private Equity Association (NPEA) संग MoU मा हस्ताक्षर गरेको छ।

## ४.२ धितोपत्र बजार नियमन तथा सुपरिवेक्षण सम्बन्धी नियमित कार्यहरु

### ४.२.१ अनुमतिपत्र प्रदान तथा नवीकरण

बोर्डबाट आर्थिक वर्ष २०८०।८१ मा धितोपत्र सम्बन्धी सेवालाई नियमित, व्यवस्थित तथा छिटो छरितो रुपमा प्रवाह गर्न बोर्डमा पेश भएका विवरण तथा कागजात अध्ययन तथा जाँचबुझ गरी देहाय बमोजिमका अनुमतिपत्र तथा दर्ता प्रमाणपत्र प्रदान गर्नुका साथै बोर्डबाट विगतमा प्रदान गरिएका विभिन्न अनुमतिपत्र तथा दर्ता प्रमाणपत्रको नवीकरण गरिएको छ।

**क) धितोपत्र बजारको अनुमतिपत्र नवीकरणः** धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र बजार संचालन नियमावली, २०६४ को व्यवस्था अनुसार धितोपत्रको दोस्रो बजार संचालकको रुपमा बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र बजार संचालक नेपाल स्टक एक्सचेन्ज लिमिटेडको अनुमतिपत्र नवीकरण गरिएको छ। धितोपत्र बजार सम्बन्धी कार्य गर्न बोर्डबाट अनुमतिपत्र प्राप्त संस्थाको विवरण अनुसूची-१० मा प्रस्तुत गरिएको छ।

**ख) केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरणः** धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ८ को व्यवस्था बमोजिम केन्द्रीय निक्षेप कम्पनीको बोर्डवाट अनुमतिपत्र प्राप्त केन्द्रीय निक्षेप कम्पनी सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको अनुमतिपत्र नवीकरण गरिएको छ। केन्द्रीय निक्षेप सम्बन्धी कार्य गर्न बोर्डबाट अनुमतिपत्र प्राप्त संस्थाको विवरण अनुसूची-११ मा प्रस्तुत गरिएको छ।

**ग) क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र नवीकरणः** क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्ने बोर्डबाट अनुमतिपत्र प्राप्त तीनवटा क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र नवीकरण गरिएको छ। बोर्डबाट क्रेडिट रेटिङ्ग कार्य गर्न अनुमतिपत्र प्राप्त संस्थाहरु सम्बन्धी विवरण अनुसूची - १२ मा प्रस्तुत गरिएको छ।

**घ) धितोपत्र व्यापारी (स्टक डिलर)को अनुमतिपत्र नवीकरणः** धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३ बमोजिम धितोपत्र बजारमा संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्न बोर्डबाट अनुमतिपत्र प्राप्त दुईवटा धितोपत्र व्यापारीको अनुमतिपत्र नवीकरण गरिएको छ। बोर्डबाट धितोपत्र व्यापारी सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त संस्थाहरुको विवरण अनुसूची - १३ मा प्रस्तुत गरिएको छ।

**ङ) सामूहिक लगानी कोष, कोष प्रबर्द्धक र योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र प्रदान तथा नवीकरणः** सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४ को व्यवस्था बमोजिम सामूहिक लगानी कोष स्थापना गर्नका लागि एक वटा कोष दर्ता भएको छ। यससँगै सामूहिक लगानी कोषको संख्या २१ पुगेका छन्। त्यसैगरी समीक्षा बर्षमा सामूहिक लगानी कोष अन्तर्गत योजना संचालन गर्न योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्न एक वटा अनुमतिपत्र प्रदान गरिएको छ भने १५ वटा संस्थाको अनुमतिपत्र नवीकरण गरिएको छ। यससँगै योजना व्यवस्थापक तथा डिपोजिटरीको संख्या १६ पुगेको छ। बोर्डमा दर्ता भएका सामूहिक लगानी कोष, कोष प्रवर्द्धक तथा योजना व्यवस्थापक तथा डिपोजिटरीको विवरण अनुसूची - १४ मा प्रस्तुत गरिएको छ।

**च) मर्चेण्ट बैंकर अनुमतिपत्र प्रदान तथा नवीकरणः** धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम ३ बमोजिम मर्चेण्ट बैंकिङ्ग व्यवसाय संचालन गर्न समीक्षा वर्षमा दुईवटा संस्थालाई अनुमतिपत्र प्रदान गरिएको छ भने २९ वटा संस्थाको अनुमतिपत्र नवीकरण गरिएको छ। बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर सम्बन्धी विवरण अनुसूची - १५ मा प्रस्तुत गरिएको छ।

**छ) धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र प्रदान तथा नवीकरणः** धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३ बमोजिम धितोपत्रको दोस्रो बजार कारोबार सेवा प्रदान गर्न समीक्षा वर्षमा २४ वटा अनुमतिपत्र प्रदान गरिएको छ भने ६७ वटाको अनुमतिपत्र नवीकरणका गरिएको छ । बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र दलाल व्यवसायीहरूको विवरण अनुसूची - १६ मा प्रस्तुत गरिएको छ।

**ज) निक्षेप सदस्य दर्ता तथा प्रमाणपत्र नवीकरणः** समीक्षा वर्षमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २२ को व्यवस्था बमोजिम ८७ निक्षेप सदस्यहरुको दर्ता प्रमाणपत्र नवीकरणका गरिएको छ। साथै २४ वटा नयाँ संस्थालाई निक्षेप सदस्यको दर्ता प्रमाणपत्र प्रदान गरिएको छ। बोर्डबाट निक्षेप सदस्य कार्य गर्न दर्ता प्रमाणपत्र प्राप्त गर्ने संस्थाहरुको विवरण अनुसूची - १७ मा प्रस्तुत गरिएको छ।

**झ) आस्वा सदस्यको अनुमतिपत्र नवीकरणः** बोर्डबाट समीक्षा अवधिमा धितोपत्रको प्राथमिक बजारमा धितोपत्रको दरखास्त संकलनको कार्य गर्ने ४३ आस्वा सदस्यहरुको अनुमति नवीकरण गरिएको छ। बोर्डबाट आस्वा सदस्यको अनुमति प्राप्त गर्ने संस्थाको विवरण अनुसूची - १८ मा प्रस्तुत गरिएको छ।

**ञ) योग्य संस्थागत लगानीकर्तालाई अनुमतिपत्र प्रदानः** धितोपत्रको मूल्य निर्धारण प्रक्रियालाई पारदर्शी तथा प्रतिस्पर्धात्मक रुपमा गरी वास्तविक क्षेत्रका कम्पनीलाई पुँजी बजारमा प्रवेशका लागि प्रोत्साहित गर्न अन्तर्राष्ट्रिय रुपमा प्रचलनमा रहेको बुक बिल्डिङ्ग विधि अनुरुप प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने कार्यमा सहभागी हुने योग्य संस्थागत लगानीकर्ताको संख्या १५० पुगेका छन्। बोर्डबाट स्वीकृति प्राप्त योग्य संस्थागत लगानीकर्ताहरुको विवरण अनुसूची - १९ मा प्रस्तुत गरिएको छ।

## ४.२.२ कानूनी व्यवस्था, कानून प्रबलीकरण तथा राय सुझाव

आर्थिक बर्ष २०८०।८१ मा बोर्डले धितोपत्र बजारको विकास र विस्तारका लागि कानूनी व्यवस्थामा समसामयीक सुधार तथा व्यवस्था गर्न कानूनी व्यवस्थाको संशोधन तथा परिमार्जन गरेको छ भने कानूनी व्यवस्थाको पूर्ण पालना गर्न तथा लगानीकर्ताको हकहित संरक्षण गर्न कानून प्रवलीकरणलाई थप जोड दिइएको छ।

**(क) कानूनी व्यवस्था**

बोर्डले समीक्षा बर्षमा धितोपत्र सम्बन्धी ऐन र सो ऐन अन्तर्गतका नियमावली तथा निर्देशिका सम्बन्धमा देहाय बमोजिम कार्य गरेको छ।

- हरित बण्ड लगायतका नवीन वित्तीय औजार निष्काशन गर्न सक्ने गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ ( सातौ संशोधन) सहित लागू भएको।
- गैर आवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा भित्र्याउने सम्बन्धमा अध्ययन गर्न गठित समितिको अध्ययन प्रतिवेदनमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा हुनुपर्ने संशोधन सम्बन्धमा सुझाव प्राप्त भएकोमा सोही बमोजिम संशोधनका लागी श्री नेपाल सरकार, अर्थ मन्त्रालयमा सुझाव पेश गरिएको।
- साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबार सम्बन्धी नियमावली, २०७९ को मस्यौदालाई नेपाल सरकारको स्वीकृतिका लागि नेपाल सरकार, अर्थ मन्त्रालयसमक्ष पेश भएको।

**(ख) कानून प्रवलिकरण**

**अ) लगानीकर्ताको गुनासो सम्बोधन**

आर्थिक बर्ष २०८०।८१ मा बोर्डमा लिखित रुपमा ५७ उजुरी/गुनासो दर्ता भएकोमा ४५ उजुरी/गुनासो उपर कारवाही सम्पन्न गरी सम्वोधन गरिएको, २ उजुरी/गुनासो तामेली/मुल्तवीमा राखिएको, २ उजुरी/गुनासो बोधार्थ जानकारीको रुपमा प्राप्त भएको तथा ३ गुनासो क्षेत्राधिकार बाहिर रहेको। त्यस्तै ५ निवेदकको उजुरी/गुनासो समाधानको प्रकृयामा रहेको छ। साथै नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय हेलो सरकारको वेब पोर्टलमार्फत विभिन्न ४४ गुनासो प्राप्त भएकोमा ४४ गुनासो उपर कारवाही गरी समाधान भई फछ्र्यौट भइसकेको छ। बोर्डको टोल फ्री तथा हटलाइन टेलिफोन तथा इमेल मार्फत प्राप्त गुनासो तथा जिज्ञासाको तत्समयमा सम्वन्धित निकायमा समेत जानकारी गराई समाधान गरिएको छ।

**आ) मुद्दा मामिला**

धितोपत्र सम्बन्धी ऐन, नियम, तथा निर्देशन पालना नभएको कारण बोर्ड पक्ष भई दायर भएको र बोर्डको काम कारवाही उपर चित नबुझी बोर्ड बिपक्षी बनाई २०८१ असार मसान्तसम्म सर्वोच्च अदालतमा १४ वटा मुद्दा विचाराधीन रहेको, चारवटा फैसला भएको र बोर्डलाई विपक्षी बनाई दायर भएका दुईवटा रिट निवेदनमा लिखित जवाफ पेश गरिएको छ। त्यस्तै उच्च अदालतमा चारवटा मुद्दा विचाराधीन रहेको, १० वटा फैसला भएको र बोर्डलाई विपक्षी बनाई दायर भएका सातवटा रिट निवेदनमा लिखित जवाफ पेश गरिएको छ। प्रशासकीय अदालतमा बोर्डलाई विपक्षी बनाई दायर भएको १ वटा मुद्दा फैसला भएको छ। राजश्व न्यायधिकरणमा बोर्डको तर्फबाट दायर भएको दुईवटा मुद्दा फैसला भएको छ। यस्तै धितोपत्र सम्बन्धी कसुर सम्बन्धमा नेपाल सरकार वादी भएको काठमाण्डौ जिल्ला अदालतमा दुईवटा मुद्दा विचाराधिन अवस्थामा रहेकोमा जिल्ला सरकारी वकिलको कार्यालयबाट वहस पैरवीलगायत अन्य आवश्यक कार्य भैरहेको छ।

### ४.२.३ सुपरिवेक्षण तथा अनुगमन

धितोपत्र बजारमा लगानी गर्ने लगानीकर्ताहरुको प्रवेश पछिल्लो समयमा उल्लेख्य बृद्धि हुदै गएको, बोर्डबाट नयाँ कम्पनीहरुलाई धितोपत्र व्यवसायीको अनुमति प्रदान गरेको तथा धितोपत्र बजारमा सूचीकृत हुने संगठित संस्थाहरुमा बृद्धि भएको कारण धितोपत्र बजारको आकार र कारोबारको परिमाण बढिरहेको सन्दर्भमा नियमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउन बोर्डले धितोपत्र बजारमा हुने सम्पूर्ण गतिविधिहरुको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्दै आएको छ। धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ५ मा धितोपत्र बजार तथा व्यवसायीहरुको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने काम कर्तव्य बोर्डलाई तोकेको छ। यस्तै, धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८४ को उपदफा (२) मा बोर्ड आफैले वा अरु कसैलाई आफूलाई भएको अधिकार प्रत्यायोजन गरी धितोपत्र बजार, धितोपत्र व्यवसायी, धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि तथा धितोपत्र दर्ता गराएका संगठित संस्थाले गर्ने धितोपत्र सम्बन्धी काम कारबाहीको नियमन तथा अनुगमन गर्न गराउन सक्नेछ भन्ने व्यवस्था रहेको छ। साथै, आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रममा कुल संख्याको कम्तिमा २० प्रतिशत स्थलगत सुपरिवेक्षण गरिनेछ भन्ने कार्यक्रम रहे बमोजिम बोर्डले धितोपत्र बजार तथा व्यवसायीहरुको सुपरिवेक्षण गर्दै आएको छ। धितोपत्र बजार तथा व्यवसायीहरुको सुपरिवेक्षण गर्दा बोर्डले खासगरी देहाय बमोजिमको तीन खम्बे उद्देश्य लिएको छः

- लगानीकर्ताको हक हितको संरक्षण गर्ने
- स्वच्छ, प्रभावकारी र पारदर्शी बजारको विकास गर्ने

- प्रणालीगत जोखिमको न्यूनिकरण गर्ने ।

बोर्डबाट समीक्षा अवधिमा गरिएका सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी गतिविधिहरुलाई देहाय अनरुप प्रस्तुत गरिएको छ।

## (क) धितोपत्र बजार (स्टक एक्सचेन्ज) को सुपरिवेक्षण तथा अनुगमन

### अ) गैर स्थलगत सुपरिवेक्षणः

बोर्डले गैर स्थलगत सुपरिवेक्षण अन्तर्गत नेप्सेबाट प्राप्त सुचना, जानकारी तथा विवरणहरूको नियमित अध्ययन तथा अनुगमन र ऐन, नियमावली तथा विनियमावलीमा रहेको व्यवस्थाहरूको परिपालनाको नियमित अनुगमन गर्दै आएको छ। नेप्सेको गैर स्थलगत सुपरिवेक्षण सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

- आ.व. २०८०।८१ मा नेप्सेको परिपालना स्थितिको अनुगमन गर्दा अधिकांश व्यवस्थाहरूको परिपालना भएको देखिन्छ। यस आ.व.मा नेप्सेले तोकिएको समयसीमाभित्र वित्तीय विवरण तथा वार्षिक प्रतिवेदन बोर्डमा पेश नगरेको कारण समयमा विवरण पेश गर्न ध्यानाकर्षण गरिएको छ।
- समीक्षा वर्षमा नेप्सेको स्वामित्व ग्रहणसम्बन्धी व्यवस्थाको परिपालना र सञ्चालकको योग्यताको निरन्तरता सम्बन्धी व्यवस्थाको पूर्ण परिपालना नभएको देखिंदा सोलाई सुधार गर्न लगाइएको छ।
- धितोपत्र सूचिकरण तथा कारोबार विनियमावली, २०७५ को विनियम ११ को उपविनियम (७) को व्यवस्था बमोजिम सूचीकृत संगठित संस्थाको वर्गीकरण पुनरावलोकन गरी त्रैमासिक अवधिमा अद्यावधिक गर्नुपर्ने व्यवस्था र उपविनियम (८) बमोजिम संगठित संस्थाको वर्गिकरण गरिएको सम्बन्धी अद्यावधिक विवरण वेवसाइट मार्फत प्रकाशन गर्न लगाइएको छ।
- धितोपत्र सूचिकरण तथा कारोबार नियमावली, २०७५ को नियम १२ को उपनियम (३) को व्यवस्था बमोजिम नेप्सेको कारोबार प्रणालीको सम्परीक्षण (सिस्टम अडिट) गराई सोको प्रतिवेदन तोकिएको समयावधि भित्र पेश गरेको नदेखिएकोले अविलम्ब सिस्टम अडिट गराई प्रतिवेदन पेश गर्न पत्राचार गरिएको छ।

### आ) स्थलगत सुपरिवेक्षणः

नेप्सेको सूचना प्रविधिसंग सम्बन्धित प्रणालीहरुको विस्तृत स्थलगत सुपरिवेक्षण सम्पन्न गरिएको छ। सुपरिवेक्षणका क्रममा भेटिएका कैफियतका सम्बन्धमा नेप्सेको धारणा माग गरी बोर्डमा छलफल हुनुका साथै, उक्त सुपरिवेक्षण प्रतिवेदन नेपाल सरकार, अर्थ मन्त्रालयमा समेत पेश गरिएको छ।

## (ख) धितोपत्रको दोस्रो बजार कारोबारको अनुगमन

धितोपत्रको दोस्रो बजार कारोबारलाई नियमित र व्यवस्थित गर्न बोर्डबाट नेपाल स्टक एक्सचेन्ज लि. सँग सिधा सम्पर्क स्थापित गरी विद्युतीय माध्यम मार्फत आंशिक वास्तविक समय सुपरिवेक्षण प्रणाली (Partial Real Time Surveillance System) विकास गरिएको छ। धितोपत्र बजारमा दैनिक कारोबार हुने सूचीकृत कम्पनी, कारोबार रकम, कारोबार एवं कारोबार गर्ने व्यक्ति आदिको Real Time Surveillance गर्ने गरिएको र सो मा केही कैफियत देखिएमा अध्ययन गरी आवश्यक कारवाही अगाडि बढाइने गरेको छ।

आ.व. २०८०।८१ मा धितोपत्र कारोबारको सुपरिवेक्षणको दौरान देखिएका कैफियतहरु उपर छानविन तथा अनुसन्धान गरी देहाय बमोजिम कारवाही गरिएको छ भने अन्य केही शंकास्पद कारोबारहरुको प्रारम्भिक अध्ययन भइरहेको छ।

- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २६ को उपनियम (३) मा भएको व्यवस्था उल्लंघन गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१क) मा भएको व्यवस्था विपरित सेयर हस्तान्तरण गराएको देखिएकोले धितोपत्र दलाल व्यवसायी श्रीकृष्ण सेक्यूरिटिज लिमिटेड, डिल्लीबजार, काठमाडौंलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (६) बमोजिम रु ५०,०००।- (अक्षेरुपी पचास हजार रुपैयाँ मात्र) जरिवाना गरिएको छ।
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २६ को उपनियम (३) मा भएको व्यवस्था उल्लंघन गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१क) तथा सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को दफा १४ को उपदफा (६) मा भएको व्यवस्था विपरित सेयर कारोबार गराएको देखिएकोले धितोपत्र दलाल व्यवसायी त्रिशक्ति सेक्युरिटिज पब्लिक लिमिटेड, पुतलीसडक, काठमाडौंलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (६) बमोजिम रु ५०,०००।- (अक्षेरुपी पचास हजार रुपैयाँ मात्र) जरिवाना गरिएको छ।

## (ग) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको सुपरिवेक्षण तथा अनुगमन

### अ) गैर स्थलगत सुपरिवेक्षणः

बोर्डले गैर स्थलगत सुपरिवेक्षण अन्तर्गत सिडिएससीबाट प्राप्त सुचना, जानकारी तथा विवरणहरूको नियमित अध्ययन तथा अनुगमन र ऐन, नियमावली तथा विनियमावलीमा रहेको व्यवस्थाहरूको परिपालनाको नियमित अनुगमन गर्दै आएको छ। आ.व. २०८०।८१ मा सिडिएससीको परिपालना स्थितिको अनुगमन गर्दा अधिकांश व्यवस्थाहरूको परिपालना भएको देखिन्छ। यस आ.व.मा धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २६ बमोजिम सिडिएससिले पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदन समयमा पेश नगरेको सम्बन्धमा पत्राचार गरेपश्चात सिडिएससिले उक्त विवरणहरू बोर्डमा पेश गरेको छ।

### आ) स्थलगत सुपरिवेक्षणः

समीक्षा बर्षमा सिडिएससीको सम्रग काम कारवाहीको स्थलगत सुपरिवेक्षण सम्पन्न गरिएको छ। सुपरिवेक्षणका क्रममा भेटिएका कैफियतका सम्बन्धमा सिडिएससीको धारणा माग गरिएको छ।

## (घ) क्रेडिट रेटिङ्ग संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन

### अ) गैर स्थलगत सुपरिवेक्षणः

बोर्डबाट अनुमतिपत्र प्राप्त तीन क्रेडिट रेटिङ्ग संस्थाहरु ईक्रा नेपाल लि., केयर रेटिङ्ग नेपाल लि. र इन्फोमेरीक्स क्रेडिट रेटिङ्ग नेपाल लि.ले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ मा भएको व्यवस्था बमोजिम पेश गर्नुपर्ने त्रैमासिक प्रतिवेदन, वार्षिक प्रतिवेदन लगायत अन्य विवरणहरु तोकिएको समयमा बोर्डमा पेश गरेको छ।

समीक्षा बर्षमा क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३४ को उपनियम (२) मा भएको व्यवस्था विपरित आफ्नो मुख्य सेयरधनी सम्बद्ध कम्पनीहरुको रेटिङ्ग गरेको हुँदा केयर रेटिङ्गस् नेपाल लिमिटेडलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (७) बमोजिम रु. ५०,०००।- (अक्षेरुपी पचास हजार रुपैयाँ मात्र) जरिवाना गरिएको छ।

**आ) स्थलगत सुपरिवेक्षणः**

आ.व. २०८०।८१ मा क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरीक्स क्रेडिट रेटिङ्ग नेपाल लि.को स्थलगत सुपरिवेक्षण सम्पन्न गरिएको छ।

### (ङ) धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर)हरुको सुपरिवेक्षण तथा अनुगमन

**अ) गैर स्थलगत सुपरिवेक्षणः**

बोर्डले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर)हरुबाट प्राप्त हुने नियमित सुचना, जानकारी तथा विवरणहरू तथा आवश्यकता बमोजिम अन्य विवरणहरु माग गरी नियमित अध्ययन तथा विश्लेषण गर्नुका साथै ऐन, नियमावली तथा निर्देशिकामा रहेको व्यवस्थाहरूको परिपालनाको अवस्थालाई समेत नियमित अनुगमन गर्दै आएको छ। मर्चेन्ट बैंकरहरुको गैर स्थलगत सुपरिवेक्षण सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले गरेको धितोपत्र कारोबारसहित नाफा नोक्सान हिसाब, वासलात तथा नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था रहे बमोजिम आ.व. २०८०।८१ मा १३ वटा मर्चेन्ट बैंकरले वार्षिक प्रतिवेदन समयमै पेश गरेका छन् भने १६ वटा मर्चेन्ट बैंकरले बार्षिक प्रतिवेदन पेश गर्ने म्याद थपका लागि निवेदन पेश गरेका छन्।
- आ.व. २०८०।८१ मा तोकिएको समय भित्र लेखापरीक्षकको नियुक्तिको जानकारी समयमै पेश नगर्ने १० मर्चेन्ट बैंकरहरुलाई आगामी दिनमा धितोपत्र ऐन, नियम, नियमावली, निर्देशन तथा निर्देशिकाको पूर्ण पालना गर्न सूचित गरिएको छ।
- आ.व. २०८०।८१ मा तोकिएको समय भित्र अर्ध वार्षिक प्रतिवेदन तथा परिपालना प्रतिवेदन नबुझाउने दुई मर्चेन्ट बैंकरहरुलाई आगामी दिनमा धितोपत्र ऐन, नियम, नियमावली, निर्देशन तथा निर्देशिका बमोजिम प्रतिवेदन पेश गर्न सूचित गरिएको छ।
- आ.व. २०८०।८१ मा श्रम अडिट प्रतिवेदन नबुझाउने तीन मर्चेन्ट बैंकरहरुलाई स्पष्ट कारण सहित प्रतिवेदन पेश गर्न सूचित गरिएको छ।

**आ) स्थलगत सुपरिवेक्षणः**

आ.व. २०८०।८१ को लागि स्वीकृत बोर्डको बार्षिक नीति तथा कार्यक्रममा अनुमति पाएका कुल धितोपत्र व्यवसायीहरुको कम्तीमा २० प्रतिशत संख्याको स्थलगत सुपरिवेक्षण गर्ने कार्यक्रम रहे बमोजिम समीक्षा बर्षमा १२ वटा मर्चेन्ट बैंकरहरुको स्थलगत सुपरिवेक्षण गरिएको छ। यस अवधिमा एक वटा मर्चेन्ट बैंकरको शाखा कार्यालयको समेत स्थलगत सुपरिवेक्षण गरिएको छ। स्थलगत सुपरिवेक्षणबाट देखिएका कैफियतहरुका सम्बन्धमा सम्बन्धित मर्चेन्ट बैंकरहरुसँग प्रतिक्रिया माग गरी आवश्यक सुधार गर्न लगाइएको छ भने नियम उल्लंघन गर्ने व्यवसायीलाई कारवाहीको लागि आवश्यक प्रकृया अघि बढाइएको छ।

## (च) सार्वजनिक निष्काशनको अनुगमन

समीक्षा वर्षमा १८ वटा संगठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन, चार वटा सामुहिक लगानी कोष योजना, पाँच वटा संस्थाको ऋणपत्र, सातवटा संस्थाको हकप्रद सेयर र दुइवटा थप सार्वजनिक निष्काशन (FPO) को सुपरिवेक्षण तथा अनुगमन गरिएको छ। सार्वजनिक निष्काशनको दौरान लगानीकर्ताहरुले सुसूचीत लगानी गर्ने अवसरबाट वञ्चित नहुनका लागि तोकिएको समय भित्र आब्हानपत्र प्रकाशन भए/नभएको, बोर्डबाट स्वीकृत भए बमोजिम विवरणपत्र प्रकाशन भए/नभएको, विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने गरी सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक तथा निष्काशनकर्ता कम्पनी प्रत्येकको वेबसाइटमा धितोपत्र बिक्री बन्द हुने समयसम्म राखे/नराखेको, तोकिएको समयावधि भित्र धितोपत्र बाँडफाँड गरे/नगरेको लगायतका बिषयमा अनुगमन गर्ने गरिएको छ।

समीक्षा बर्षमा धितोपत्रको सार्वजनिक निष्काशनको अनुगमनको क्रममा निष्काशनकर्ता कम्पनी सन नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. ले कर्मचारीहरुलाई छुट्याएको सेयर निषक्ष तथा पारदर्शी तरिकाले वितरण नगरेको भन्ने गुनासो बोर्डमा दर्ता भएको सम्बन्धमा प्रारम्भिक जाँचबुझ गरी प्रतिवेदन बोर्ड समक्ष पेश गरिएको छ।

## (छ) धितोपत्र दलाल तथा व्यापारीहरुको सुपरिवेक्षण तथा अनुगमन

**अ) गैर स्थलगत सुपरिवेक्षणः**

धितोपत्र दलाल तथा धितोपत्र व्यापारीहरुबाट प्राप्त हुने नियमित सुचना, जानकारी तथा विवरणहरू तथा आवश्यकता बमोजिम अन्य विवरणहरु माग गरी नियमित अध्ययन तथा विश्लेषण गर्नुका साथै ऐन, नियमावली तथा विनियमावलीमा रहेको व्यवस्थाहरूको परिपालनाको अवस्थालाई समेतको आधारमा गरिएको नियमित गैर स्थलगत सुपरिवेक्षण सम्बन्धि विवरण देहाय बमोजिम रहेको छ।

- बोर्डबाट अनुमतिपत्र प्राप्त गरेका धितोपत्र दलाल व्यवसायीहरु तथा धितोपत्र व्यापारीको प्रबन्धपत्र नियमावली संशोधन, संस्थाको अध्यक्ष, संचालक समितिमा भएका परिवर्तन, कार्यकारी प्रमुख, आधिकारीक प्रतिनिधिको नियुक्ति

तथा परिवर्तन, पुँजी वृद्धि, ठेगाना परिवर्तन लगायतका बोर्डमा प्राप्त विवरण, सूचना तथा जानकारीको नियमित रुपमा अध्ययन विश्लेषण गरी कैफियत देखिएको अवस्थामा सुधार गरिएको छ।

- आर्थिक वर्ष २०८०।८१ को पहिलो त्रैमासिक प्रतिवेदन तोकिएको समयसीमाभित्र पेश नगर्ने आठ धितोपत्र दलाल व्यवसायीलाई प्रतिवेदन पेश नगरेको सम्बन्धमा सो को कारण माग गरिएको छ।
- आर्थिक वर्ष २०८०।८१ को दोस्रो त्रैमासिक तथा पहिलो अर्धवाषिक प्रतिवेदन पेश नगर्ने नौ धितोपत्र दलाल व्यवसायी र पहिलो अर्धवाषिक प्रतिवेदन पेश नगर्ने दुई धितोपत्र दलाल व्यवसायीलाई प्रतिवेदन पेश नगरेको सम्बन्धमा सो को कारण माग गरिएको छ।
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली २०६४, नियम १६ बमोजिम विवरण पेश नगर्ने दुई धितोपत्र दलाल व्यवसायी र नियम १७ बमोजिम संचालक तथा कार्यकारी प्रमुखको योग्यता सम्बन्धी व्यवस्था पालना नगर्ने एक धितोपत्र दलाल व्यवसायीसंग जवाफ माग गर्दा नियम बमोजिमको व्यवस्था पालना गरी बोर्डमा जवाफ पेश गरेका छन्।
- धितोपत्र दलाल तथा व्यापारीहरुले बोर्डमा बुझाउन पर्ने आर्थिक वर्ष २०७९।८० को बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बोर्डमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा त्यस्ता प्रतिवेदन पौष मसान्तसम्म बोर्डमा पेश गर्न सकिने निर्णयानुसार जानकारी गराइएको । साथै, उक्त अवधिमा कुल ६९ धितोपत्र दलाल व्यवसायीहरुले वार्षिक प्रतिवेदन बोर्डमा पेश गरेको छ।

**आ) स्थलगत सुपरिवेक्षणः**

आ.व. २०८०।८१ को लागि स्वीकृत बोर्डको बार्षिक नीति तथा कार्यक्रममा अनुमति पत्र पाएका कुल धितोपत्र व्यवसायीहरुको कम्तीमा २० प्रतिशत संख्याको स्थलगत सुपरिवेक्षण गर्ने कार्यक्रम रहे बमोजिम समीक्षा बर्षमा १८ धितोपत्र दलाल व्यवसायी र २ धितोपत्र व्यापारीको स्थलगत सुपरिवेक्षण गरिएको छ। स्थलगत सुपरीवेक्षण प्रतिवेदनमा औल्याइएको कैफियतहरु सम्बन्धमा सम्बन्धित धितोपत्र दलाल तथा व्यापारीबाट प्रतिक्रिया माग गरी आवश्यक सुधार गर्न लगाइएको छ।

तोकिएको समयसीमा भित्र सेयर बिक्री वापतको रकम सम्बन्धित सेयर बिक्रेतालाई भुक्तानी नदिएको सम्बन्धमा ग्राहकबाट प्राप्त गुनासोहरुको आधारमा ६ धितोपत्र व्यवासायी छनौट गरी स्थलगत अनुगमन गरिएको छ। स्थलगत अनुगमन प्रतिवेदनको आधारमा सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरुलाई नियमानुसार तोकिएको समय भित्र ग्राहकलाई रकम भुक्तानी गर्न अन्यथा कारवाही गरिने व्यहोरा सूचित गरिएको छ। साथै ग्राहकहरुको गुनासो समाधान गर्न धितोपत्र दलाल व्यवसायीसँग समन्वय गरिएको छ।

## (ज) सामूहिक लगानी कोषहरुको सुपरिवेक्षण तथा अनुगमन

**अ) गैर स्थलगत सुपरिवेक्षणः**

